# प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था

स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको

आंशिक आवश्यकता परिपूर्ति गर्ने प्रयोजनार्थ प्रस्तुत अनुसन्धान

शोध पत्र


प्रस्तुतकर्ता

विद्या दाहाल

एम्.एड दोस्रो वर्ष

परिक्षा रोल नं. :- २८००९७ / ०६७

त्रि.वि. दर्ता नम्वर :- ९-२-४७९-२५३-२००५



शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

२०६९

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन**

**केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाण्डौं**

**सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अर्न्तगत स्नातकोत्तर तह द्धितीय वर्षको ED.C.E ५९८ पत्रको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि सुश्री विद्या दाहालले शोध प्रतिवेदन " **प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था"** मेरो प्रत्यक्ष निर्देशनमा रही तयार गर्नु भएको थियो । उहाँको यस शोध प्रतिवेदन प्रति म पूर्ण सन्तुष्ट भएकोले आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु ।

...............................................

मिति :- शोध निर्देशक

उप प्रा. यशोधरा पन्त

Date 30, September 2012

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन**

**केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाण्डौं**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षको ED.C.E. ५९८ पत्रको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि सुश्री विद्या दाहालले " **प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था**" सम्बन्धि अध्ययन प्रतिवेदन स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोमा यो प्रतिवेदन मूल्यांकन समीतिबाट स्वीकृत गरिएको छ ।

| मूल्यांकन समीति | हस्ताक्षर |
|---|---|
| प्रा. स्वयम् प्रकाश ज.व.रा.<br>(विभागीय प्रमुख ) | .............................. |
| उप प्रा.यशोधरा पन्त<br>(शोध निर्देशक) | ...................................... |
| | ...................................... |
| वाह्य सुपरिवेक्षक | |

मिति :-

Date 30, September 2012

# कृतज्ञता ज्ञापन

अनुसन्धान सानो वा ठूलो जुनसुकै स्तरको भएपनि एक गम्भिर एवम् जटिल कार्य हो । त्यसैले कुनैपनि अनुसन्धान कार्य एक्लो व्यक्तिको प्रयासबाट सम्भव हुदैन । यसका निमित्त धेरै व्यक्तिहरुको सहयोग, सुझावको आवश्यकता पर्दछ । प्रस्तुत अनुसन्धान पूरा गर्न विभिन्न महानुभावहरुले विभिन्न तवरबाट आफ्ना बहुमूल्य सहयोग सल्लाह दिनुभएको छ ।

सर्वप्रथम प्रस्तुत शोधपत्रका शोध निर्देशक गुरुआमा उपप्राध्यापक यशोधरा पन्तले आफ्नो व्यस्त समयका बिच पनि आफ्नो महत्वपूर्ण समय दिनुका साथै अमूल्य सरसल्लाह, सुझाव दिई विशेष तवरले शोधपत्रलाई गहनतापूर्वक सम्पन्न गराउन विशेष भूमिका निभाउनु भएको हुँदा त्यसका निमित्त म उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धानमा कार्य गर्न स्वीकृति प्रदान गर्ने त्रि.वि. शिक्षाशास्त्र संकायको पाठ्यक्रम तथा मूल्यांकन विभागप्रति म आभार व्यक्त गर्दछु । शोधकार्य गर्ने क्रममा सूचना संकलन गर्न प्रत्यक्ष सहयोग गरी दिनुहुने सामुदायिक विद्यालय श्री सरस्वती उच्च मा. वि. भक्तिपुर, श्री नि. मा. वि. शंकरगंन्ज र श्री नि. मा. वि. हरिनगर राइटरखोरका प्र.अ., शिक्षक, शिक्षिकाहरु, विद्यार्थी भाईबहिनीहरु र अभिभावकहरुलाई कृतज्ञता अर्पण गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा विभिन्न छलफल, सहयोग र सद्भाव प्रदान गरी सहयोग गर्ने साथीहरु र हेमा मिश्र, भाइहरु विवेक, युवराज, गंगाराम प्रति आभार व्यक्त गर्दछु ।

अन्तमा प्रस्तुत शोधपत्रलाई समयमै कम्प्युटर टाइप गरी सहयोग गर्ने वहिनी संध्या दाहाल लाई धन्यवाद दिन चाहन्छु ।

विद्या दाहाल

आश्विन,२०६९

# शोधसार

बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि देश, काल, समय र परिस्थिति अनुसार समय सापेक्ष हुने गरी औपचारिक ज्ञान विद्यालयको माध्यमबाट दिइएको हुन्छ भने विद्यार्थीहरुको चौतर्फी विकास गराउन विद्यालय स्तरमा विभिन्न किसिमका अतिरिक्त कार्यक्रमहरु संञ्चालन गरी उनीहरुको शारिरीक, मानसिक, संवेगात्मक, सामाजिक विकासका साथसाथै व्यक्तित्व विकासमा सहयोग पुऱ्याइने गरिन्छ । विद्यार्थीहरुमा ज्ञान, सीप, अभिवृद्धि र क्षमताको विकास गराउन उनीहरु माफ संञ्चालन गरिने शारिरीक, मानसिक, सामाजिक र संवेगात्मक पक्षसंग सम्बन्धित विभिन्न किसिमका कार्यक्रमहरुलाई अतिरिक्त क्रियाकलाप भनिन्छ ।

सर्लाही जिल्ला अर्न्तगतको भक्तिपुर गा.वि.स.मा रहेका तीनवटा श्री सरस्वती उच्च मा.वि.भक्तिपुर, श्री नि.मा.वि.शंकरगंन्ज र श्री नि.मा.वि.हरिनगर राइटरखोरमा " प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था" शीर्षकमा केन्द्रित रही यो अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था पहिचान गर्नु, अतिरिक्त क्रियाकलाप सम्बन्धमा सरोकारवालाहरुको धारणा पत्ता लगाउनु, अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमीकमजोरी पत्ता लगाउनु रहेको छ ।

यस अध्ययनमा उद्देश्य अनुरुपका सूचना संकलन गर्नका लागि छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावकहरुसंग असंरचित अर्न्तवार्ता, विद्यार्थीहरुसंग लक्षित समूह छलफल गरिएको थियो । अध्ययनबाट प्राप्त सूचनालाई गुणात्मक विधि अर्न्तगत वर्णनात्मक अनुसन्धान मार्फत् विश्लेषण र व्याख्या गरिएको छ ।

यस अध्ययनको प्राप्ति अनुसार अध्ययन गरिएका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्दा व्यक्तिको सर्वाङ्गीण विकासमा सहयोग पुग्ने खालको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका क्रियाकलापहरु समावेश गरेको देखिन्छ । अतिरिक्त क्रियाकलापलाई अन्तर सदन र अन्तर विद्यालय गरी दुई भागमा विभाजन गरी संञ्चालन गर्ने गरेको देखिन्छ । अतिरिक्त क्रियाकलाप संञ्चालनको लागि छुट्टै शिक्षकको व्यवस्था नरहेको र शिक्षकहरुलाई अतिरिक्त क्रियाकलाप सम्बन्धि तालिमको व्यवस्था नभएको पाइयो । विद्यालयमा अतिरिक्त क्रियाकलाप संञ्चालनको निमित्त छुट्टै रुपमा जि.शि.का.बाट बजेटको व्यवस्था नभएको पाइयो ।

अध्ययनका क्रममा अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमीकमजोरीहरु अर्न्तगत खेलमैदान, खेल खेल्नका लागि आवश्यक सामग्रीहरु, प्राथमिक उपचारका लागि आवश्यक पर्ने सामग्रीहरु, शिक्षकहरुलाई छुट्टै तालिमको व्यवस्था नहुनु, विद्यार्थीहरुको न्युन उपस्थिति र सहभातिगता, अभिभावकहरुमा चेतनाको कमी हुनु, विद्यालयको आर्थिक पक्ष कमजोर हुनु, पुरस्कार वितरणमा ढिलाइ हुनु रहेका छन ।

अतिरिक्त क्रियाकलापलाई सफल रुपमा कार्यान्वयनमा ल्याउन विद्यालयमा खेल खेल्नका लागि आवश्यक सामग्रीहरुको व्यवस्था गर्नुपर्ने, प्राथमिक उपचारका लागि आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था मिलाउनु पर्ने, शिक्षकहरुलाई तालिम उपलब्ध गराइ विशेष शिक्षक निर्माण गर्नुपर्ने, विद्यार्थी सहभागिता बढाउन बालमैत्री वातावरण सिर्जना गरी हौसला र प्रेरणा  दिनुपर्ने, अभिभावकहरुलाई अतिरिक्त क्रियाकलाप सम्बन्धि जानकारी गराउनुपर्ने, विद्यालयको आर्थिक पक्षलाई सुदृढ बनाउन जि. शि. का. बाट छुट्टै आर्थिक व्यवस्था गरिनु पर्ने, विद्यार्थीहरुलाई समय मै पुरस्कारको व्यवस्था गरिनुपर्ने, यससंग सम्बन्धित निर्देशिका सामग्रीहरु उपलब्ध गराउनु पर्ने, स्रोतकेन्द्र, जिल्लाबाट समय-समयमा विद्यालय निरीक्षण, अनुगमन र मूल्यांकन गर्नुपर्ने जरुरी देखिन्छ ।

## विषयसूची


| | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| शोधसार | iv |
| तालिका सूची | viii |
| **परिच्छेद एक : परिचय** | **१-७** |
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उद्देश्य | ६ |
| १.५ अध्ययनको सीमा | ७ |
| १.६ सम्बन्धित शब्दावलीको परिभाषा | ७ |
| **परिच्छेद दुइ : सम्बन्धित साहित्यको पुनरावलोकन** | **८-१५** |
| २.१ सैद्धान्तिक साहित्यको समिक्षा | ८ |
| २.२ अतिरिक्त क्रियाकलाप सम्बन्धि विद्यमान प्रावधानहरु | १० |
| २.३ पूर्व अध्ययनहरुको समिक्षा | १३ |
| २.४ अवधारणात्मक ढाँचा | १४ |
| **परिच्छेद तीन : अध्ययन विधि** | **१६-२१** |
| ३.१ अनुसन्धान ढाँचा | १६ |
| ३.२ जनसंख्या र नमूना छनोट प्रक्रिया | १६ |

३.२.१ विद्यालय छनोट १७

३.२.२ प्रधानाध्यापकको छनोट १७

३.२.३ शिक्षकको छनोट १७

३.२.४ विद्यार्थी छनोट १८

३.२.५ अभिभावक छनोट १८

३.३ सूचना संकलनका साधनहरु १८

३.३.१ असंरचित अर्न्तवार्ता १८

३.३.२ लक्षित समूह छलफल निर्देशिका १९

३.३.३ कार्यक्रम अवलोकन २०

३.४ साधनको वैधता निर्धारण २०

३.५ सूचना संकलन प्रक्रिया २०

३.६ सूचना विश्लेषण प्रक्रिया २१

**परिच्छेद चार : सूचनाको विश्लेषण र व्याख्या २२-४१**

४.१ अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था २२

४.१.१ अतिरिक्त क्रियाकलाप संञ्चालन प्रक्रिया २२

४.१.२ विद्यालयमा सञ्चालित अतिरिक्त क्रियाकलापको अवस्था २५

४.१.३ अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमीकमजोरीहरु २६

४.२ अतिरिक्त क्रियाकलाप सम्बन्धमा सरोकारवालाहरुको धारणा २९

४.२.१ प्रधानाध्यापकहरुको धारणा २९

४.२.२ शिक्षकहरुको धारणा ३१

४.२.३ विद्यार्थीहरुको धारणा ३३

४.२.४ अभिभावकहरुको धारणा ३५

४.२.५ अतिरिक्त क्रियाकलापका लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरु ३६

४.२.६ अतिरिक्त क्रियाकलाप संञ्चालन पश्चात् पुरस्कारको व्यवस्था ३८

४.२.७ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता ३९

४.३ अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमजोरीहरुको समाधानका उपायहरु ४०

**परिच्छेद पाँच : प्राप्ति , निष्कर्ष र सुझावहरु ४२-४६**

५.१ प्राप्ति ४२

५.२ निष्कर्ष ४४

५.३ सुझावहरु ४५

**सन्दर्भसूची ४७**

**अनुसूचीहरु ४८-५३**

१ प्र.अ.का लागि अर्न्तवार्ता ४८

२ शिक्षकका लागि अर्न्तवार्ता ५०

३ अभिभावकको लागि अर्न्तवार्ता ५२

४ विद्यार्थीहरुका लागि लक्षित समूह छलफल निर्देशिका ५३

## तालिका सूची

पृष्ठ संख्या

तालिका १ : अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमीकमजोरीहरु २७

तालिका ३ : अतिरिक्त क्रियाकलापका लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरु ३६

# परिच्छेद एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

हरेक बालबालिकाको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि नियमित औपचारिक शिक्षणका साथै अन्य सहक्रियाकलामहरुमा पनि संलग्न गराउनु पर्दछ । विद्यार्थीहरुको मनोवैज्ञानिक तथा वौद्धिक पक्षको विकास गरी व्यक्तित्व निर्माण गर्न सह तथा अतिरिक्त क्रियाकलाप अपरिहार्य हुन्छ । वास्तवमा बालबालिकाको चौतर्फी विकास र शरीरको समानुपातिक विकास गर्नु शिक्षाको उपादेयता हो । बालबालिकाको चौतर्फी विकासका लागि पढाइ, लेखाइ र गणित, विज्ञान आदिको ज्ञान, सीप मात्र पर्याप्त नहुने हुँदा चौतर्फी विकासका लागि उनीहरुको शारिरीक, मानसिक तथा संवेगात्मक विकाससंग सम्बन्धित विभिन्न क्रियाकलापहरु नियमित रुपमा संञ्चालन गर्न अत्यावश्यक हुन्छ । यसरी बालबालिकाको लागि मनोवैज्ञानिक तथा वौद्धिक पक्षको विकास गरी व्यक्तित्व निर्माण गर्न अतिरिक्त क्रियाकलाप अति महत्वपूर्ण पक्ष हो । त्यसैले अतिरिक्त क्रियाकलाप बालबालिकाको शैक्षिक विकासको अभिन्न अंग वा समपूरक विषय हुन् र यसलाई समेत पाठ्य क्रियाकलाप कै अभिन्न अंगका रुपमा लिइनुपर्दछ (अधिकारी,२०६८) ।

अतिरिक्त शैक्षिक क्रियाकलापको योजना मूलतः वार्षिक कार्यपात्रोमा उल्लेख गरिनु पर्दछ । सबै खाले अतिरिक्त क्रियाकलापको प्रतिनिधित्व हुने गरी छुट्टै योजना निर्माण गरिनु पर्दछ । दैनिक पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप पनि महत्वपूर्ण हुने भएकाले यसका लागि पनि व्यवस्थित योजना निर्माण गर्न सकेमा विद्यार्थीको चौतर्फी विकासमा सहयोग पुग्दछ । कुन कुन क्रियाकलाप दैनिक रुपमा गर्ने, कुन-कुन क्रियाकलाप साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक वा वार्षिक रुपमा गर्ने हो सो कुरा योजनामा उल्लेख गर्नु पर्दछ । जस्तै कक्षागत गीत र राष्ट्रिय गान, शारिरीक व्यायाम आदि दैनिक रुपमा प्रयोग गर्न सकिन्छ भने लोकगीत, कविता, हाजिरीजवाफ, वादविवाद, सांस्कृतिक प्रतियोगिता आदि मिलाएर हरेक शुक्रबार संञ्चालन गर्न सकिन्छ । त्यस्तै खेलकुदका लागि पनि योजना बनाउन सकिन्छ । दिवस तथा उत्सवहरु जुन दिन पर्दछन, त्यसै दिनका लागि व्यवस्थित र विभिन्न कार्यक्रमका साथ मनाउने गरी योजना निर्माण गर्न सकिन्छ । यसरी माथि उल्लेखित सबै खाले अतिरिक्त क्रियाकलापहरुलाई व्यवस्थित रुपमा दैनिक पठनपाठनका साथ संञ्चालन गर्नु अनिवार्य छ । तर हाम्रा विद्यालयहरुमा त्यस्तो योजना बनाइ अतिरिक्त क्रियाकलाप गराउने गरेको पाइदैन । तसर्थ हरेक विद्यालयमा अतिरिक्त क्रियाकलाप योजना अति आवश्यक हुन्छ । विद्यार्थीको चौतर्फी विकासका लागि अध्ययन अध्यापन कार्य मात्र पूर्ण नहुने हुँदा विद्यालयहरुमा पाठ्यक्रमद्धारा नै सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको व्यवस्था गरिएको हुन्छ । विद्यालयहरुले पाठ्यक्रमको सहयोगीको रुपमा यस्ता क्रियाकलापहरु संञ्चालन गर्दछन् । अतिरिक्त क्रियाकलापले विद्यार्थीको आङ्गिक विकास, विभिन्न खेलहरुको सीप विकास तथा सामाजिक विकासका गुणहरुको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ (बस्नेत र साथीहरु, २०६९) ।

बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि देश, काल, समय र परिस्थिति अनुसार समय सापेक्ष हुने गरी औपचारिक ज्ञान विद्यालयको माध्यमबाट दिइएको हुन्छ भने विद्यार्थीहरुको चौतर्फी विकास गराउन विद्यालय

स्तरमा विभिन्न किसिमका अतिरिक्त कार्यक्रमहरु संञ्चालन गरी उनीहरुको शारिरीक, मानसिक, संवेगात्मक, सामाजिक विकासका साथसाथै व्यक्तित्व विकासमा सहयोग पुऱ्याइने गरिन्छ । अतिरिक्त क्रियाकलाप भन्नाले विद्यार्थीहरुमा ज्ञान, सीप, अभिवृद्धि र क्षमताको विकास गराउन उनीहरु माझ संञ्चालन गरिने शारिरीक, मानसिक, सामाजिक र संवेगात्मक पक्षसंग सम्बन्धित विभिन्न किसिमका कार्यक्रमहरुलाई जनाउँछ (शिक्षक स्रोत पुस्तिका, २०६०) ।

अतिरिक्त क्रियाकलाप भन्नाले पाठ्यक्रममा तोकिएका वा नतोकिएका विभिन्न क्रियाकलापहरु जसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सिकाइ क्रियाकलापलाई रुचिकर एवम् दिगो बनाउनमा प्रमुख भूमिका निर्वाह गर्दछ । अतिरिक्त क्रियाकलाप र सह क्रियाकलाप कक्षाकोठा बाहिर र कक्षा शिक्षण गर्दा संञ्चालन गर्न सकिने कार्यक्रमहरु हुन । जुन शिक्षण सिकाइका अभिन्न र महत्वपूर्ण अंग हुन । अतिरिक्त क्रियाकलापले विद्यार्थीको शारिरीक, मानसिक, रचनात्मक, संवेगात्मक, सामाजिक तथा नेतृत्व विकासमा सहयोग पुऱ्याएको हुन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई रुचिकर एवम् प्रभावकारी बनाउन विभिन्न प्रकारका खेलकुद, हाजिरीजवाफ, सरसफाइ, फूलबारी व्यवस्थापन, नाटक प्रतियोगिता, हिज्जे प्रतियोगिता, चित्रकला र हस्तकला प्रतियोगिता, नृत्य प्रतियोगिता आदि जस्ता विविध क्रियाकलापहरु गराइन्छ । सिकाइलाई दिगो एवम् रुचिकर बनाउन अतिरिक्त क्रियाकलाप अति उपयोगी साधन हो ।

राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ ले विद्यालय तहमा अतिरिक्त क्रियाकलापलाई अभिन्न अंगको रुपमा लिइ शुरुवात गरेको पाइन्छ । राष्ट्यि शिक्षा आयोगको प्रतिवेदन २०४९ ले विद्यार्थीहरुको मनोवैज्ञानिक तथा वौद्धिक पक्षको विकास गरी व्यक्तित्व निर्माण गर्न अतिरिक्त क्रियाकलापको व्यवस्था गरेको छ । शिक्षा ऐन २०२८ को सातौं शंसोधनमा गरिएको व्यवस्था अनुसार शिक्षा नियमावली २०५९ को नियम नं.७६ मा अतिरिक्त क्रियाकलापमा प्रत्येक विद्यालयले संञ्चालन गर्नुपर्ने व्यवस्था छ । समग्रमा यी आयोगहरुले विद्यार्थीको सर्वाङ्गीण विकासका निम्ति विद्यालयमा अतिरिक्त क्रियाकलापहरु गराउनु पर्ने व्यवस्था गरेको थियो (शिक्षा ऐन, २०२८) ।

पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित परीक्षाले मात्र विद्यार्थीको सिर्जनात्मक प्रतिभाको मूल्यांकन पूर्ण रुपमा हुन सक्दैन । विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभाको विकासका निम्ति नियमित पठनपाठनका साथै प्रयोगात्मक अभ्यास र प्रतियोगितात्मक क्रियाकलापहरुको संञ्चालन नियमित रुपमा गरिनु पर्दछ । यस्ता कार्यक्रमहरुलाई प्रत्येक प्राथमिक विद्यालयले नियमित कार्यक्रमका रुपमा समावेश गरिनु पर्दछ । अतिरिक्त क्रियाकलापको मुख्य उद्देश्य विद्यार्थीको मनोवैज्ञानिक र वौद्धिक विकासमा सहयोग पुऱ्याउनु मात्र नभइ सामाजिक, शारिरीक र आध्यात्मिक विकासको निम्ति अनुभव प्रदान गर्नु हो । विद्यार्थीको शारिरीक विकासका निम्ति खेलकुद, व्यायाम, योगाभ्यास आदिको अभ्यास र प्रतियोगिताको आयोजना गर्नु पर्दछ भने मानसिक र वौद्धिक विकासका निम्ति वक्तृत्वकला प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता आदि गनु पर्दछ । माध्यमिक तह उमेरका विद्यार्थीको तह र उमेर हेरेर यी कार्यक्रम आवश्यक मात्रामा दैनिक वा साप्ताहिक रुपमा प्रयोगमा ल्याउन आवश्यक हुन्छ । यसका अतिरिक्त विभिन्न प्रकारका शैक्षिक भ्रमणहरुबाट पनि बालबालिकाहरुमा ज्ञान, अनुभव र समझदारीको विकास गर्न सकिन्छ । पुस्तकहरु तथा कक्षा शिक्षणबाट नबुझेका कुरा विद्यार्थीहरुले अवलोकन भ्रमणबाट बुझद्छन् । बालबालिकाको उमेर अनुसार उनीहरुलाई चिडियाखाना, संग्रहालय, ऐतिहासिक

तथा संस्कृतिक महत्वका स्थलहरु, औद्योगिक प्रतिष्ठानहरु र सार्वजनिक महत्वका स्थलहरुको अवलोकन भ्रमण गराउनु ज्यादै लाभप्रद हुन्छ (अधिकारी,२०६८) ।

विद्यालय शिक्षाको प्राथमिक तहको उमेर उत्तरबाल्यावस्थाको उमेर हो । ६ वर्षदेखि यौन परिपक्वता हासिल नगरुञ्जेलसम्मको समयावधिलाई उत्तरबाल्यावस्था भनिन्छ । यो अवस्थालाई विद्यालय प्रवेशको औपचारिक उमेर पनि भनिन्छ । यस अवस्थाका केटाकेटीहरुको पहिलो कक्षा प्रवेशलाई उनीहरुको जीवनको एक महत्वपूर्ण घटना वा चरणको रुपमा लिइन्छ । किनकी पहिलो कक्षा आवश्यकीय आधारभूत मूल्य, मनोवृति मान्यता एवम् व्यवहार सृजनाका लागि आवश्यक हुन्छ । यस उमेरलाई मनोवैज्ञानिकहरुले खेलको उमेर पनि भनेर सम्बोधन गरेको पाइन्छ । प्राथमिक तहका बालबालिकाहरु स्वभावैले अभिनय गर्न, नक्कल गर्न वा अनुकरण गर्न खुबै मन पराउँछन । अझ पशुपंक्षी तथा जनावरहरुको स्वभाव र व्यवहारप्रति ज्यादै जिज्ञासु र अनुकरण लायक स्वभावका हुन्छन । त्यसैले शिक्षकले बाल स्वभाव र बालमनोविज्ञान बुझी शिक्षण गरी उनीहरुलाई प्रशस्त मात्रामा मनोरञ्जन दिन सिर्जनात्मक तथा अभिनयात्मक प्रतिभाको विकास गर्न आवाजको अनुकरण, हिडाइ तथा उफ्राइको अनुकरण, चरा उडेको अनुकरण गर्न लगाइ उचित मौका प्रदान गर्नुपर्दछ । यस प्रकारका क्रिया कलापहरुबाट बालबालिकाहरुमा स्वस्थ मनोरञ्जनका साथै उनीहरुको शारीरिक, मानसिक, सामाजिक तथा सिर्जनात्मक प्रतिभाको विकास र अनुकरणीय स्वभाव बढ्दै जान्छ । त्यसैले यस्ता क्रियाकालापहरु प्रशस्त मात्रामा गराउन र बालबालिकाको सहभागिता बढाउन अति आवश्यक छ (पा.वि.के, २०६०) ।

विद्यालय शिक्षाको प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको महत्व बुझी बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि कक्षा १ देखि कक्षा ५ सम्म शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अनिवार्य विषयको रुपमा समावेश गरेको पाइन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले शारीरिक शिक्षाको उद्देश्यरुलाई निम्नानुसार प्रस्तुत गरेको छ :-

अतिरिक्त क्रियाकलाप शिक्षाको एक अभिन्न अंग हो । यसले व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको विकास अर्थात् सर्वाङ्गीण विकास गर्दछ । प्राथमिक तहका बालबालिकाहरु हुर्कने उमेर भएका हुनाले शरीरका विभिन्न पक्षहरुलाई सही ढाँचा प्रदान गर्न शारीरिक शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ । शारीरिक क्रियाकलाप तथा खेलकुद भनेपछि केटाकेटीहरु रमाउँछन । फलतः यसको माध्यमबाट हामी विद्यार्थीहरुको चौतर्फी विकास गर्न सक्छौ । त्यसैले विश्वका सबैजसो मुलुकमा शारीरिक शिक्षालाई विद्यालय शिक्षामा महत्वपूर्ण विषयका रुपमा समावेश गरेको पाइन्छ । शारीरिक शिक्षाका अधिकांश अनुभव प्रयोगात्मक रुपमा दिइने हुनाले यसका लागि खेल्ने ठाउँ तथा सामग्रीको आवश्यकता पर्दछ । तर सबै विद्यलयमा त्यस्तो सुविधा नहुन पनि सक्ने भएको हुदा विद्यालयमा उपलब्ध सुविधालाई ध्यानमा राखेर विद्यार्थीहरुलाई शारीरिक क्रियाकलापमा संलग्न गराउनु पर्छ । यसका लागि पाठ्यक्रममा समावेश भएका खेलहरुका साथसाथै स्थानीय स्तरमा खेलिने रमाइला खेलहरु खेलाएर पनि विद्यार्थीहरुलाई शारीरिक शिक्षा सम्बन्धि अनुभवहरु दिन सकिन्छ । यस विषयमा निम्नलिखित क्षेत्रहरु समावेश गरिएको छ :-

i शारीरिक शिक्षाका आधारभूत सीपहरु

क) गतिशील अवस्थाका सीपहरु

ख) स्थिर अवस्थाका सीपहरु

ii शारीरिक व्यायाम र कवाज

iii साधारण तथा स्थानीय खेलहरु

iv सिर्जनात्मक खेलहरु

v भकुन्डो खेलहरु

vi जिम्नास्टिक्स तथा सन्तुलन कार्य

प्राथमिक तहको अध्ययन पूरा भएपछि विद्यार्थीहरु निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :-

क) शारीरिक शिक्षाका आधारभूत सीपहरु प्रर्दशन गर्न ।

ख) समूहमा एकैसाथ पी.टी.तथा कवाजका कार्यहरु प्रर्दशन गर्न ।

ग) साधारण तथा स्थानीय खेलहरु खेल्न

घ) कथा र विभिन्न जनावरमा आधारित सिर्जनात्मक तथा अनुकरणात्मक कार्यहरु गर्न ।

ङ) बल फ्याक्न, समात्न, पास गर्न र साधारण बल खेलहरु खेल्न ।

च) जिम्नास्टिक्सका साधारण पल्टने, झुन्डिने र सन्तुलन कार्यहरु गर्न ।

यस प्रकार प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था कस्तो छ ?, अतिरिक्त क्रियाकलाप संञ्चालनमा के कस्ता समस्याहरु देखापरेका छन ? यिनै तथ्यहरुमा आधारित रही यो अध्ययन अगाडी बढाइएको थियो ।

## १.२ समस्याको कथन

विद्यार्थीको सर्वाङ्गींण विकासको प्रमुख पाटोको रुपमा शिक्षालाई लिन सकिन्छ । औपचारिक शिक्षामा तोकिएको पाठयक्रमको कार्यान्वयन अर्थात् विद्यालय तहको पाठयक्रमको सबल एवं सुचारु रुपमा कार्यान्वयनका लागि विभिन्न सामग्री, विधि तथा जनशक्तिको आवश्यकता पर्दछ । विद्यार्थीहरुको सामाजिक, शारिरीक, व्यक्तित्व विकास तथा समाज सापेक्ष बनाउन शिक्षाले पूर्ण सहयोग गर्नु पर्दछ । विद्यार्थीको समग्र विकासका लागि कक्षाकोठा भित्र दिइने किताबी ज्ञानलाई मात्र पूर्ण रुपमा लिन सकिदैन । यसका लागि विभिन्न अतिरिक्त क्रियाकलापको व्यवस्था गरिनु पर्दछ । विद्यार्थीहरुको सर्वाङ्गींण विकासमा सहयोग पुऱ्याउन अतिरिक्त क्रियाकलाप र सह क्रियाकलापहरु विद्यालयहरुले संञ्चालन गर्दै आइरहेका छन । अतिरिक्त क्रियाकलापले विद्यार्थीमा सामाजिक सीप, नेतृत्व प्रदान गर्ने सीप, शिष्टाचारका कुराहरु सिकाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । स्वस्थ शरीरबाट स्वस्थ मस्तिष्कको विकास हुन्छ । बालबालिकाहरुको शारिरीक विकास गराउन विभिन्न शारिरीक कार्यक्रमहरु र मानसिक विकास गराउनका निमित्त सिर्जनात्मक कार्यक्रमहरुको आवश्यकता पर्दछ ।

शिक्षा नियमावलीमा अतिरिक्त कार्यक्रमहरु अनिवार्य रुपमा गर्ने गराउने भनिए तापनि सबैजसो विद्यालयहरुले कार्यक्रमहरु नियमित रुपमा संञ्चालन गरेको पाइदैन । विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभाको विकासका निम्ति नाटक, नृत्य, चित्रकला, हस्तकला, शारिरीक विकासका निम्ति खेलकुद, व्यायाम, योगाभ्यास र मानसिक तथा वौद्धिक विकासका निम्ति वक्तृत्वकला, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता जस्ता कार्यक्रमहरु शिक्षा

नियमावलीमा उल्लेख हुदाहुदै पनि धेरैजसो शैक्षिक संस्थाहरुमा यस्ता अतिरिक्त क्रियाकलापहरुको आयोजना भएको पाइदैन (राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९) । कुनै पनि कार्यक्रमको योजना तर्जुमा, नीति नियम बनाउन सजिलो पाटो हो भने यसको कार्यान्वयन गर्न कठिन कार्य हुन जान्छ । सरकारद्धारा संञ्चालित पाठयक्रममा तोकिएका सम्पूर्ण क्रियाकलाप विद्यालयले संञ्चालन गर्नुपर्ने हुन्छ । तर विविध कारणबस यस्ता कार्यक्रमहरु ओझेलमा परेको हुन्छ । एक्काइसौं शताब्दीको वैज्ञानिक युगमा पनि नेपालका अधिकांश सार्वजनिक विद्यालयहरुमा पुरानै व्याख्यान प्रणालीको घोकन्ते शिक्षा प्रणाली प्रचलनमा छ। सिकाइलाई रुचिपूर्ण र सिकारुलाई उत्प्रेरित गर्न अतिरिक्त क्रियाकलापको अहम भूमिका रहेको भएता पनि विद्यालयहरुले यसको प्रयोगलाई प्रभावकारी बनाउन सकिरहेको अवस्था छैन । शैक्षिक सत्रको आधा समय बितिसक्दा पनि हाम्रो देशका कतिपय विद्यालयहरुमा पाठयपुस्तक समेत नपुगी रहेको अवस्था छ । यस्तो समस्या झेल्नु परेका हाम्रा विद्यालयहरुको अतिरिक्त क्रियाकलापमा त्यति ध्यान केन्द्रित हुन सकिरहेको छैन । यस अध्ययनमा प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्थाको अध्ययनका उद्देश्यहरु पूरा गर्नका लागि निम्न अनुसन्धानात्मक प्रश्नहरु निर्माण गरी उत्तर खोज्ने प्रयास गरिएको थियो ।

क) विद्यालयमा अतिरिक्त क्रियाकलापहरु कसरी संञ्चालित छन ?

ख) अतिरिक्त क्रियाकलापमा कुन कुन क्रियाकलापहरु गराइन्छन् ?

ग) कार्यक्रमहरु संञ्चालन गर्नको लागि के कस्ता स्रोत र सामग्रीहरुको आवश्यकता पर्दछ ?

घ) अतिरिक्त कार्यक्रमहरुप्रति सरोकारवालाहरुको धारणा के छ ?

ङ) अतिरिक्त क्रियाकलापले शैक्षिक गुणस्तर सुधारमा के कस्तो सहयोग पुऱ्याएको छ ?

च) कार्यक्रम संञ्चालनमा देखिएका कमजोरीहरु के-के छन् ?

छ) अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाउन कस्ता उपाय अपनाउन सकिन्छ ?

### १.३ अध्ययनको औचित्य

शिक्षण सिकाइलाई प्रभावकारी एवं रुचिकर बनाउन पाठयक्रमको माध्यमबाट मात्र सम्भव हुदैन । विद्यार्थीको सिर्जनात्मक प्रतिभा तथा सर्वाङ्गीण व्यक्तित्व विकासको निमित्त विद्यालयमा दैनिक पठनपाठनका साथसाथै अतिरिक्त क्रियाकलापहरु पनि संञ्चालन गराउनु पर्दछ । तसर्थ प्राथमिक विद्यालय उमेरका बालबालिकाहरु स्वभावैले जिज्ञासु उत्प्रेरित गरी खोजी गर्ने बानी बसाल्ने, कला, सौन्दर्य प्रति अभिरुचि जगाउने र अर्न्तनिहित क्षमताको विकास गर्ने खालका हुन्छन । विद्यार्थीहरुले अतिरिक्त क्रियाकलापबाट वास्तविक अनुभव हासिल गर्ने मौका पाउँछन । यसका साथै अतिरिक्त क्रियाकलापले कुनै पनि विषयमा धारणा, सीप तथा अभिवृत्तिको विकास संगसंगै व्यवहारमा प्रयोग गर्ने बानी बसाल्न पनि सहयोग पुऱ्याउदछ । अतिरिक्त तथा सह क्रियाकलाप भित्र शारिरीक, वौद्धिक, सामाजिक तथा रचनात्मक गतिविधिहरु पर्दछन । विद्यार्थीहरुको मनोवैज्ञानिक तथा वौद्धिक पक्षको विकास गरी व्यक्तित्व निर्माण गर्न अतिरिक्त क्रियाकलाप अपरिहार्य छ । अतिरिक्त

क्रियाकलापको माध्यमबाट शिक्षाको अवसरबाट वञ्चित रहेका विद्यार्थीहरुलाई शिक्षाको मूलधारमा ल्याउन भरपर्दो योजना बनाउन सक्नु पर्दछ । यसलाई निष्पक्ष र व्यवस्थित रुपमा अगाडी बढाउन सरोकारवालासंग परामर्श गरी अनुगमन गर्नुपर्ने आजको आवश्यकता पनि एक हो । यिनै विषयको यथार्थता पहिचान गर्ने क्रममा यो अध्ययन अगाडी बढाइएको थियो । यस अध्ययनको मुख्य औचित्य निम्नानुसार रहेका छन :-

क) यस अध्ययनबाट विद्यालय प्रशासन, शिक्षक तथा विद्यार्थीहरुलाई आफ्ना कमीकमजोरी पत्ता लगाइ सुधार गर्न सहयोग पुग्नेछ ।

ख) अतिरिक्त क्रियाकलापको कार्यान्वयनको अवस्थामा देखिएका कमीकमजोरी पत्ता लगाइ सुधारको बाटो अबलम्बन गराउन तर्फ सरकारी एवम् गैरसरकारी संस्थाहरुलाई सहयोग मिल्नेछ ।

ग) भविष्यमा अतिरिक्त क्रियाकलाप सम्बन्धमा अनुसन्धान गर्न चाहने व्यक्ति ब्यक्ति, संस्था, सरोकारवाला पक्षहरु, नीति निर्माणकर्ताहरु र विज्ञहरु लाई आवश्यक आधार प्रदान गर्नेछ ।

### १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन, अनुसन्धान गर्नुको निश्चित उद्देश्य हुन्छ । उद्देश्य बिना संञ्चालन गरिएको कार्यले निश्चित दिशा लिन सक्दैन । अध्ययनलाई सही मार्गमा लैजान उद्देश्यहरु तय गरिनु पर्छ । यस अध्ययनका मुख्य उद्देश्यहरु निम्न रहेका छन :-

क) प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था पहिचान गर्नु ,

ख) अतिरिक्त क्रियाकलाप सम्बन्धमा सरोकारवालाहरुको धारणा पत्ता लगाउनु ,

ग) अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमीकमजोरी पत्ता लगाउनु ।

### १.५ अध्ययनको सीमा

अध्ययन अनुसन्धान कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन अनुसन्धान कर्ताले अध्ययनको विषयमा सीमा निर्धारण गर्नु पर्दछ । यसको निम्ति अध्ययन कार्यको थालनी गर्नु भन्दा अगाडी नै सीमा निर्धारण गरिन्छ । यस अध्ययनको क्षेत्र ठूलो भएता पनि सीमित स्रोत, साधन र समयको अभाव जस्ता कारणले ठूलो क्षेत्रमा अध्ययन गर्न नसकिने भएकोले अध्ययनको उद्देश्य प्राप्तिका लागि उक्त अध्ययनलाई निम्नानुसार सीमित गरिएको थियो ।

क) यस अध्ययनलाई सर्लाही जिल्लाको भक्तिपुर गाउँ विकास समीति भित्र संञ्चालित विभिन्न सामुदायिक विद्यालयहरु मध्ये तीनवटा श्री सरस्वती उच्च मा.वि. भक्तिपुर, श्री नि.मा.वि. शंकरगंन्ज र श्री नि.मा.वि. हरिनगर राइटरखोर सामुदायिक विद्यालयमा मात्र सीमित गरिएको छ ।

ख) यो अध्ययन प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्थासंग मात्र सम्बन्धित रहेको छ ।

ग) यो अध्ययनमा छनोट गरिएका विद्यालयहरुका प्र.अ., शिक्षक शिक्षिकाहरु, विद्यार्थीहरु र अभिभावकहरुलाई मात्र नमूनाको रुपमा छनोट गरिएको छ ।

घ) यस अध्ययनमा असंरचित अर्न्तवार्ता, लक्षित समूह छलफललाई मात्र तथ्यांक संकलनका साधनको रुपमा उपयोग गरिएको छ ।

## १.६ सम्बन्धित शब्दावलीको परिभाषा

सरोकारवालाहरु :- प्र. अ., शिक्षक, विद्यार्थी र अभिभावकलाई जनाउँदछ ।

अतिरिक्त क्रियाकलाप :- विद्यार्थीहरुको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासका लागि नियमित पठनपाठनका अतिरिक्त संञ्चालन गरिने विभिन्न क्रियाकलापलाई अतिरिक्त क्रियाकलाप भनिन्छ ।

## परिच्छेद दुई
## सम्बन्धित साहित्यको पूनरावलोकन

कुनैपनि कार्य गर्नु भन्दा अगाडी गरिने पूर्व अध्ययन अनुसन्धान तथा लेख, रचना, पत्रपत्रिका, बुलेटिन, शोधपत्रहरु सम्बन्धित पुस्तकहरु आदि बारे अध्ययन गर्नु नै पूर्व साहित्यको समिक्षा हो । यस अध्ययन प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्थामा आधारित छ । तसर्थ यस अध्ययन अनुसन्धानलाई पूर्व प्रकाशित लेख, रचना, पत्रपत्रिका, पुस्तकहरु, बुलेटिन, शोधपत्रहरु, शिक्षा आयोगका प्रतिवेदनहरु, शिक्षा ऐन र विभिन्न समयमा प्रकाशित प्रतिवेदनहरुले ठूलो मार्ग दर्शकको भूमिका खेल्ने भएकाले यिनै सामग्रीहरुलाई साहित्यको पूनरावलोकनको रुपमा अध्ययन गरिएको छ ।

### २.१ सैद्दान्तिक साहित्यको समिक्षा

अतिरिक्त क्रियाकलापको सम्बन्धमा बालबालिकाहरुको क्रियाकलापसँग सम्बन्धित पक्षहरुलाई आधार मानेर विभिन्न शिक्षाविद् तथा मनोवैज्ञानिकहरुले विभिन्न विचार तथा सिद्धान्तहरु प्रतिपादन गरेका छन । सोही विचार तथा सिद्धान्तमा आधारित भएर यस अध्ययन कार्यलाई सम्पन्न गरिएको छ । साथै प्राथमिक शिक्षाले सबै बालबालिकाहरुले आफ्नो उमेर र रुचि अनुसारको शिक्षा हासिल गर्न सकून भन्ने उद्धेश्य राखेको र यस अध्ययनसँग सम्बन्धित प्रकृतिवादी रुसोको विचारलाई साहित्यको पूनरावलोकन गर्ने क्रममा अगाडी बढाइएको थियो ।

**क) जिन ज्याक रुसो**

रुसोका अनुसार बालकलाई असल नागरिक बनाउने हो भने डर र त्रास नदिइ बालमैत्री वातावरण दिनुपर्छ र इन्द्रियबाट प्राप्त ज्ञान बालकलाई दिनुपर्छ । उनको मुख्य मान्यता भनेको प्रकृति तर्फ फर्क हो । बालकलाई बालकेन्द्रित वातावरणमा नै सिकाइ क्रियाकलाप संञ्चालन गर्नुपर्ने उनको धारणा थियो । उनका अनुसार शिक्षाको उद्धेश्य सन्तुलित, सामञ्जस्यपूर्ण, उपयोगी तथा प्राकृतिक जीवन तर्फ अग्रसर गर्दै पूर्ण जीवनयापन गराउनु हो । रुसोको भनाइमा बालक यस्तो एक पुस्तक हो जसलाई शिक्षकले हरेक पृष्ठको अध्ययन गरेको हुनुपर्दछ । तसर्थ बालकलाई स्वतन्त्र रुपले बाँच्न दिनुपर्दछ, यदि डर र त्रासको भावना बालकलाई नसिकाउने हो भने बालक असल रहन्छ र पछिसम्म पनि असल नै रहिरहन्छ । प्रकृतिवादिहरु ज्ञानको मुहान इन्द्रियलाई मान्दछन । तसर्थ इन्द्रियद्धारा प्राप्त हुने ज्ञानलाई प्राथमिकता दिइनु पर्ने मत राख्दछन । यसका साथै पाठ्यक्रममा शारीरिक शिक्षा, भौतिक विज्ञान, गणित, भाषा, मनोविज्ञान तथा सामाजिक शिक्षा जस्ता विषयहरु समावेश गरिनु पर्दछ । हरेक बालकलाई दिइने पाठ्य विषय उनीहरुको प्रकृति, प्रवृति, चाख एवम् क्षमताको आधारमा निर्माण हुनुपर्दछ, कसैको बाह्य दबाबबाट ज्ञान थोपर्नु हुदैन । पाठ्यक्रम निर्माता बालकको प्राकृतिक प्रवृतिलाई नै मान्नु पर्दछ (ढकाल, २०६८) ।

प्रकृतिवादले बालकको स्थान महत्वपूर्ण मानेको छ । बालकको प्रकृतिलाई एक उत्तम ग्रन्थ मानेको छ । तसर्थ शिक्षण सिकाइ प्राकृतिक वातावरण अनुरुप गरिनु पर्दछ । प्रकृतिवादीहरुले शैक्षिक प्रक्रियाका लागि प्रतिपादित सिद्धान्तहरु निम्नलिखित छन :-

- गरेर सिक्ने : बालकको आफैले काम गरेर सिक्ने शैक्षिक प्रक्रियाको वातावरण हुनुपर्दछ । बालकको आत्मामा काम गर्ने उत्सुकता जगाइ दिनुपर्दछ । किताबी ज्ञान एवम् परम्परागत शिक्षण प्रक्रियाको प्रयोग गर्नु हुदैन ।
- अनुभवद्धारा सिकाइ : प्रकृतिवादले ज्ञान प्राप्त हुने स्रोत इन्द्रियलाई मानेको छ, तसर्थ बालकको शिक्षण प्रक्रियाका लागि उसको इन्द्रिय शक्ति प्रयोगमा ल्याउने किसिमको हुनु पर्दछ । रुसोको भनाइ छ बालकलाई मौखिक पाठ नसिकाऊ, उसलाई आफ्नो अनुभवद्धारा सिक्न देऊ ।
- प्रत्यक्ष अवलोकनद्धारा सिकाइ : प्रकृतिवादले प्रत्यक्ष अवलोकनबाट सिकेको सिकाइ प्रभावकारी, स्थायी एवम् आनन्ददायक हुनेछ । तसर्थ प्राकृतिक रुपले बालकलाई अध्ययन गर्ने अवसर दिनुपर्दछ ।
- खेलद्धारा सिकाइ : खेलद्धारा आत्मा स्फुर्ती, स्वतन्त्रता र आत्मविश्वास पैदा हुन्छ । बालकको स्वेच्छाद्धारा खेलिने खेल उसका लागि आनन्ददायक अवस्था हुन जान्छ । यस्तो वातावरणमा सिकाइप्रति बालकको रुचि जागृत एवं सचेत हुन्छ । बालकको मानसिक एवम् शारीरिक अवस्था स्वस्थ हुन जान्छ र सिकाइ रुचिकर हुन्छ भन्ने धारणा प्रकृतिवादीहरु राख्दछन(ढकाल,२०६८)।

प्रकृतिवादी रुसोले बालकलाई आफैं गरेर सिक्ने वातावरण, अनुभवद्धारा सिकाइ, प्रत्यक्ष अवलोकनद्धारा सिकाइ, खेलद्धारा सिक्ने वातावरण दिनुपर्दछ भनेका छन । उनले पाठयक्रममा शारीरिक शिक्षा राखिनु पर्दछ भनेर जोड दिएका छन । बालकको स्वेच्छाद्धारा खेलिने खेल उसको लागि आनन्ददायी हुन्छ । तसर्थ बालकको मानसिक एवम् शारीरिक अवस्था स्वस्थ हुन जान्छ र सिकाइ रुचिकर हुन्छ भन्ने धारणा प्रकृतिवादीहरुको थियो यसरी नै अध्ययन गर्न लागिएको विषयको पाठ्यक्रम, (२०६५) ले पनि बालकको चौतर्फी विकासका साथै स्वस्थ रही सिक्ने वातावरण निर्माण गर्नका लागि शारीरिक शिक्षा विषयलाई समावेश गरेको छ । तसर्थ रुसोले भने झैं बालमनोविज्ञानमा आधारित खेलहरु यस पाठयक्रममा समावेश भएको शारिरीक शिक्षा विषय एक-अर्कामा सम्बन्धित छ भन्न सकिन्छ । शारीरिक शिक्षा विषयका खेलहरुमा नै अर्न्तसम्बन्धित भएर वा त्यस्तै स्थानीय खेलहरु खेलाएर विद्यार्थीहरुलाई रमणीय वातावरण सिर्जना गरी उनीहरुकै रुचि, चाहना, इच्छा अनुसारको क्रियाकलाप गराएर विद्यार्थीहरुको चौतर्फी विकासमा जोड दिने भएकोले अतिरिक्त क्रियाकलापमा पनि शारीरिक शिक्षालाई बढि महत्व दिइ क्रियाकलाप गराइने भएकोले यी दुवै एक अर्कामा सम्बन्धित छन । तसर्थ प्रकृतिवादीको विचार र अध्ययन गर्न लागिएको विषय एक-अर्कामा मिल्दोजुल्दो भएका कारण यसलाई समावेश गरिएको छ ।

**ख) प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५)**

विद्यार्थीहरुको अर्न्तनिहित प्रतिभा प्रस्फुटन गराइ उनीहरुलाई आफै गरेर सिक्ने वातावरणको सिर्जना गरी प्राथमिक तह भविष्यको शिक्षाको लागि आधारभूत तह मानी कक्षा १ देखि ३ सम्म छुट्टै विषयको रुपमा सामाजिक अध्ययन तथा सिर्जनात्मक कला १०० पूणांकको व्यवस्था गरिएको छ भने कक्षा ४ र ५ मा सिर्जनात्मक कला भन्ने विषय २५ पूणांकको समावेश गरी वर्तमानमा प्राथमिक विद्यालयहरुमा पठनपाठन भैरहेको पाइन्छ । यस विषयको माध्यमबाट बालबालिकाहरुले आफ्नो अनुभूति, अनुभव, सिर्जनालाई स्वतन्त्र र मौलिक रुपले अभिव्यक्ति गर्न सक्ने बनाउनु यस विषयको मूल उद्धेश्य रहेको छ । बालमनोविज्ञान अनुसार पनि बालबालिकाहरु स्वभावैले नाच्न, खेल्न, गाउन रुचाउने हुन्छन तथापी आनन्दद्धारा पाएको ज्ञान बढि प्रभावकारी र अविस्मरणीय हुन्छ । यी विभिन्न कुराहरुलाई मनन गरी शिक्षाको प्राथमिक तहदेखि सिर्जनात्मक कला विषयलाई अनिवार्य विषयका रुपमा पाठयक्रममा समावेश गरिएको छ(पा.वि.के.,२०६५) ।

यसैगरी शारीरिक विषयलाई पनि पाठ्यक्रमले प्राथमिक तहमा अनिवार्य विषयको रुपमा समावेश गरेको छ । शारीरिक शिक्षा साधारण शिक्षाको एक अभिन्न अंग हो, यसको माध्यम शारीरिक क्रियाकलापहरु र खेलकुद हुन । यसले व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगगात्मक पक्षको विकास अर्थात् सर्वाङ्गीण विकास गर्दछ । कक्षा १ देखि कक्षा ३ सम्म विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा १०० पूणांकको र कक्षा ४ र कक्षा ५ मा स्वास्थ्य तथा शारीरिक शिक्षा ५० पूणांकको समावेश गरी छुट्टै विषयको रुपमा वर्तमानमा प्राथमिक विद्यालयहरुमा पठनपाठन भैरहेको पाइन्छ ।

प्राथमिक तहका बालबालकाहरुलाई अध्ययन गराउने विषय शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा पनि बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासमा टेवा पुग्ने खालको क्रियाकलापहरु समावेश गरेको पाइन्छ । यी विषयहरुले बालबालिकाहरुलाई पढाइतिर उत्सुकता जगाइ रमणीय वातावरण अर्थात् बालमैत्री वातावरणको सिर्जना गरी खेलप्रति चासो राख्ने बानीको विकास गर्नुका साथसाथै सिर्जनात्मक कला तर्फ उन्मूख गराउन सहयोग पुर्‍याउदछ । तसर्थ बालबालिकाहरुलाई कक्षाकोठाको सिकाइमा मात्र सीमित नराखी उनीहरुको चौतर्फी विकासमा जोड दिने खालका क्रियाकलापहरु शारीरिक विकासका लागि खेलहरु, मानसिक विकासका लागि रचनात्मक तथा वौद्दिक क्रियाकलापहरु र सामाजिक तथा संवेगात्मक विकासका लागि सामूहिक क्रियाकलापमा बढि जोड दिइ विद्यालयमा यस्ता क्रियाकलापहरु संञ्चालन गर्नुपर्ने हुन्छ । त्यसैले बालबालिकाहरुको सर्वाङ्गीण विकासमा टेवा पुग्ने हिसाबले पाठ्यक्रममा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई प्राथमिक तहसम्म अनिवार्य गरी समावेश गरिएको छ । विद्यालय तहमा कक्षाकोठाको पठनपाठनका साथसाथै विद्यार्थीहरुको सर्वाङ्गीण विकास हुने खालका क्रियाकलापलाई अनिवार्य रुपमा संञ्चालन गर्ने परिपाटी विद्यालयमा हुदै आएको पाइन्छ । तसर्थ यस्ता क्रियाकलापहरु शारीरिक शिक्षा तथा सिर्जनात्मक कला विषयहरुसंग सम्बन्धित हुने भएकाले विद्यालयहरुमा गराइने अतिरिक्त क्रियाकलाप र पाठ्यक्रम बिच एक-अर्कामा अर्न्तसम्बन्ध छ भन्न सकिन्छ ।

### २.२ अतिरिक्त क्रियाकलाप सम्बन्धि विद्यमान प्रावधानहरु

नेपालको राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले अतिरिक्त क्रियाकलापलाई विद्यालय कार्यक्रमको अभिन्न अंगको रुपमा चलाउन अनिवार्य देखाएको पाइन्छ । कार्यक्रममा भाग लिएको र नलिएको आधारमा पनि विद्यार्थीको मूल्यांकन गर्ने व्यवस्था गरेको पाइन्छ । अतिरिक्त क्रियाकलाप गराउनका लागि विस्तृत निर्देशन पुस्तिका तयार गराउने व्यवस्था राखेको छ । विद्यालयहरुमा विद्यार्थीहरुको शारिरीक विकासका साथै सिर्जनात्मक सोचाइको विकास गराउन अतिरिक्त तथा सहकार्यकलाप अर्न्तगत खेलाइने खेल एवम् अन्य क्रियाकलापहरुले टेवा पुऱ्याउँछ । अतिरिक्त तथा सहकार्यकलापलाई विद्यालय शिक्षाको एक अभिन्न अंगको रुपमा लिइएको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,२०४९ का अनुसार विद्यार्थीहरुको मनोवैज्ञानिक तथा बौद्धिक पक्षको विकास गरी व्यक्तित्व निर्माण गर्न अतिरिक्त क्रियाकलापको व्यवस्था गरिएको छ । नेपाल जस्तो मुलुकमा अतिरिक्त क्रियाकलापलाई विद्यार्थीहरुको व्यक्तित्व विकासका साथसाथै समाजसेवा, राष्ट्र निर्माणमा पनि सघाउ हुने गरी लिनु पर्दछ । तर शैक्षिक संस्थाहरुमा कार्यक्रमहरु संञ्चालन गर्ने प्रक्रियामा नियमितताको कमी छ, यस्ता विभिन्न कार्यक्रमहरु मध्ये वकृत्वकला प्रतियोगिता ,हाजिरीजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता आदि केहि मात्रामा संञ्चालन भएता पनि धेरैजसो शैक्षिक संस्थाहरुमा यस्ता कार्यक्रमहरुको आयोजना भएको पाइदैन । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु संञ्चालन गरी विद्यार्थीहरुको चौतर्फी विकासका लागि निम्नलिखित पक्षहरुको विकास गर्ने नीति लिएको थियो :

क) विद्यार्थीहरुमा रचनात्मक प्रतिभाको विकास ।

ख) विद्यार्थीहरुको शारिरीक विकास ।

ग) विद्यार्थीहरुको मानसिक र बौद्दिक विकास ।

घ) विद्यार्थीहरुमा ज्ञान, सीप, अनुभव र समझदारीको विकास ।

ङ) विद्यार्थीहरुमा सामाजिक सेवा र वातावरण प्रतिको सचेतना बढाउने ।

च) कार्यक्रमहरुलाई व्यवस्थित गर्न तह अनुसार संञ्चालन ।

शिक्षा विभाग (२०६५) द्धारा प्रकाशित बुलेटिन नेपालमा समाहित शिक्षामा अतिरिक्त क्रियाकलाप सम्बन्धमा निम्न कुरा उल्लेख गरिएको छ । बालबालिकाहरुको अर्न्तनिहित प्रतिभा प्रस्फुटन गर्ने उद्धेश्यले अधिराज्यका ६३ वटा जिल्लामा अतिरिक्त क्रियाकलापका लागि बजेटको व्यवस्था गरिएको थियो । जस अर्न्तगत विभिन्न खेलहरु, सांस्कृतिक कार्यक्रम, साहित्यिक गतिविधि, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता जस्ता कार्यक्रमहरु संञ्चालन गरी अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता बढाउने प्रयास गरेको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभागबाट २०६७ सालमा निर्माण गरिएको गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप बालबालिकाको रुचि र क्षमता अनुसारको गुणस्तरीय शिक्षा प्रदान गर्न गराउन विद्यालयहरुलाई पथप्रर्दशन गर्न तयार गरिएको एउटा प्रमुख दस्तावेज हो । यसमा बालमैत्री विद्यालयका आधारभूत सिद्धान्तका अलावा बालमैत्री विद्यालयका क्षेत्रहरु र यसका सूचकहरु समावेश गरिएका छन । यसमा उल्लेखित सूचकहरुले विशेषतः बालबालिकाको रुचिस्तर, क्षमता र आवश्यकतालाई सर्वाधिक महत्व दिन्छ ।

यसबाट शिक्षाका सबै सरोकारवालाहरुलाई बालबालिकाको भविष्य बनाउन बालबालिकाहरुलाई नै केन्द्रबिन्दु मानेर कार्य गर्नु पर्दछ भन्ने कुरामा संवेदनशील, सर्तक र तत्पर बनाउदछ (शिक्षा विभाग ,२०६७) ।

अतिरिक्त क्रियाकलाप दिग्दर्शन (२०६३) को पुस्तकमा यस्तो कुरा उल्लेख गरिएको छ । पुस्तकको खण्ड क मा शारिरीक शिक्षा, अतिरिक्त क्रियाकलापको परिचय, शारिरीक शिक्षाका आधारहरु, जीवनोपयोगी सीप, शारिरीक शिक्षा तथा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्दा ध्यान दिनु पर्ने कुराहरु उल्लेख छन । खण्ड ख मा प्रतियोगिता संञ्चालन प्रणाली, बास्केट वल, टेनिस, कवर्डी रहेका छन भने खण्ड ग मा साधारण संगठनात्मक खेलहरु निश्चित सिमाना भित्र खेलिने खेलहरु विपरित दिशामा बसेर खेलिने खेलहरु बारेमा उल्लेख छ । पाठयक्रम विकास केन्द्र (२०६०) मा उल्लेख भए अनुसार विद्यार्थीको मौलिकता तथा सृजनात्मक अभिव्यक्ति, सीप र कलाको मूल्यांकन गर्ने कसौटीको रुपमा अतिरिक्त क्रियाकलापलाई लिन सकिन्छ । जसमध्ये खेलको महत्वपूर्ण स्थान रहेको छ जस्ता भनाइ यस सर्न्दभबाट पाइयो ।

कारखेती (२०६२) का अनुसार मानव जीवनमा अतिरिक्त क्रियाकलाप अविच्छिन्न रुपमा रहेको पाइन्छ । चाहे त्यो साथी साथी बिच एक अपसको छलफलमा होस, चाहे कसैको भोज भतेरमा होस् , चाहे कुनै व्यक्तिको पूजा आजामा होस , चाहे अन्य औपचारक अनौपचारिक कार्यक्रममा होस् जहाँ कही पनि अतिरिक्त क्रियाकलापको कुनै न कुनै अंश रहेको वा प्रयोग भएको नपाइएमा सो कार्यक्रममा रोचकता आउदैन । तसर्थ विद्यालय स्तरको अध्ययन अध्यापनमा पनि अतिरिक्त क्रियाकलाप प्रयोगमा ल्याउनु नितान्त आवश्यक छ भनि उल्लेख गरेको पाइयो ।

अतिरिक्त तथा सह क्रियाकलाप निर्देशिका (२०६१) मा अतिरिक्त क्रियाकलाप सम्बन्धमा यस्तो कुरा प्रस्तुत गरिएको छ । शैक्षिक क्रियाकलापको माध्यमबाट विद्यार्थीहरुको मानसिक तथा शारिरीक विकास गर्नु विद्यालयको मुख्य लक्ष्य हो । विद्यालयमा विद्यार्थीलाई मात्र नभएर शिक्षकलाई समेत अतिरिक्ति क्रियाकलापले फाइदा पुर्‍याएको पाइन्छ । शिक्षकको सक्रिय सहयोग, सहभागिता र निर्देशनबाट मात्र विद्यार्थीले विद्यालयमा नया ज्ञान र सीप हासिल गर्छन । शिक्षकहरुले समेत अभिरुचि देखाइ सबै अतिरिक्त क्रियाकलापमा स्वयम् संलग्न भएमा विद्यार्थीहरु सो क्रियाकलाप प्रति प्रोत्साहित भइ शिक्षाको अन्य शिक्षण सिकाइ कार्यकलाप पनि प्रभावकारी हुन्छ । ज्ञानको भण्डार असीमित भएकाले शिक्षकहरुले आफ्नो ज्ञान र सीपलाई समयानुकुल परिष्कृत र वृद्धि गर्दै जानु पर्दछ । अतिरिक्त क्रियाकलाप पनि शिक्षाको अभिन्न अंग भएकोले यी कार्यक्रममा संलग्न शिक्षक र विद्यार्थीहरुले नयाँ ज्ञान हासिल गर्दै व्यक्तित्वको विकास गर्न सक्छन ।

माथिका अध्ययनहरुबाट के स्पष्ट हुन्छ भने विद्यार्थीहरुको चौतर्फी विकासका लागि पढाइ र लेखाइको ज्ञान, सीप मात्र पर्याप्त नहुने हुँदा विद्यार्थीहरुका लागि शारिरीक, मानसिक तथा संवेगात्मक विकाससंग सम्बन्धित विभिन्न क्रियाकलापहरु नियमित रुपमा संञ्चालन गर्न अत्यावश्यक हुन्छ । शिक्षा नियमावलीमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु अनिवार्य रुपमा गर्ने गराउने भनिए तापनि धेरैजसो शैक्षिक संस्थाहरुले थोरै कम मात्रामा मात्र संञ्चालन गरेको देखिन्छ । दैनिक पठनपाठनका साथसाथै अतिरिक्त क्रियाकलाप पनि महत्वपूर्ण हुने भएकाले यसका लागि व्यवस्थित योजना निर्माण गर्न सके बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुग्दछ । कुन कुन क्रियाकलाप साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक वा वार्षिक रुपमा गर्ने हो सो कुरा योजनामा उल्लेख

गरिनु पर्दछ । अतिरिक्त क्रियाकलापलाई विद्यार्थीको व्यक्तित्व विकासका साथै समाजसेवा र राष्ट्र निर्माणमा सघाउ हुने गरी लिनु पर्दछ । तसर्थ प्राथमिक शिक्षा भविष्यको शिक्षाको जग हो भन्ने भनाइलाई मनन गरी प्राथमिक तह पाठ्यक्रमले बालबालिकाहरुमा अर्न्तनिहित प्रतिभालाई प्रस्फुटन गर्न, उनीहरुको शारिरीक, मानसिक, संवेगात्मक पक्षमा सहयोग पुर्‍याउन छुट्टै विषयको रुपमा शारीरिक शिक्षाा र सिर्जनात्मक कला विषयलाई पाठ्यक्रममा समावेश गरेको छ । त्यसकारण विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापको आवश्यकता पर्दछ भनी पाठ्क्रममा पनि समावेश गरेको हुनाले अध्ययन गर्न लागिएको शीर्षक र माथि अध्ययन भएका विषयहरु बिच अर्न्तसम्बन्ध छ भन्न सकिन्छ ।  त्यसैले अतिरिक्त क्रियाकलापको अवस्था हेर्न माथिका अध्ययनहरुले मार्ग निर्देशन पुग्ने देखिएकोले सम्बन्धित साहित्यको रुपमा लिइएको छ ।

### २.३  पूर्व अध्ययनहरुको समिक्षा

बडु (२०६७) ले माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको कार्यान्वयन र विद्यार्थीहरु सहभागिता  नामक शोधपत्रमा सरकारी विद्यालयहरुमा पाठ्यक्रममा तोकिएका अतिरिक्त क्रियाकलापहरु मध्ये केही मुख्य मुख्य क्रियाकलाप संञ्चालन गर्ने गरेको, प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप संञ्चालनको तरिका फरक फरक रहेको, कार्यक्रम संञ्चालनमा भने विद्यालय प्रशासन, विद्यार्थी र शिक्षक मिलेर संञ्चालन गरेको, दुईवटा विद्यालयमा महिनाको अन्तिम शुक्रबार अतिरिक्त क्रियाकलाप गर्ने गरेको निष्कर्ष पाइयो भनी उल्लेख गरेका छन ।

भट्ट (२०६७) ले सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्था शीर्षकमा रहेर अध्ययन गरेको पाइयो । विद्यार्थीहरुको शारिरीक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि कक्षा शिक्षण बाहेक विद्यालयले अतिरिक्त समयमा संञ्चालन गर्ने कार्यक्रमलाई अतिरिक्त क्रियाकलापको रुपमा लिएको पाइयो । विद्यार्थीहरुले कक्षाकोठामा सिकेका वा प्राप्त गरेका ज्ञान, सीपलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न अतिरिक्त कार्यक्रमहरुले सहयोग पुरयाएको देखियो । छनोटमा परेका सबै विद्यार्थीहरुले अतिरिक्त कार्यक्रमहरु मध्ये खेलकुदका कार्यक्रमहरुलाई बढि प्राथमिकता दिएको पाइयो भनी उल्लेख गरेका छन ।

भट्ट (२०६३) ले प्राथमिक विद्यालयमा संञ्चालित खेलकुद कार्यक्रमको अवस्थाः एक अध्ययन नामक शीर्षकमा अनुसन्धान केन्द्रित रहेको थियो । यस अध्ययनको उद्धेश्यहरु प्राथमिक विद्यालयमा संञ्चालित खेलकुद कार्यक्रमको अवस्था, खेलकुद सामाग्री र खेलमैदानको उपलब्धता र खेलकुद कार्यक्रम संञ्चालनमा देखा परेका समस्याहरु पत्ता लगाउनु रहेका थिए । विभिन्न अनुसन्धान पद्धतिहरुको प्रयोग गरी अध्ययन क्षेत्रबाट गुणात्मक तथ्यांकहरु संकलन गरिएको थियो । काठमाण्डौ नगरपालिका भित्रका नमूना छनोटमा परेका प्राथमिक विद्यालयहरु मध्ये धेरैजसो विद्यालयहरुमा खेलकुदको व्यवस्था रहेको पाइयो । खेलकुदको व्यवस्था भएका विद्यालयहरुमा शारीरिक शिक्षाको पिरियडमा समय तालिका अनुसार पाठ्यक्रममा दिइएका खेलहरु खेलाउने गरिएको पाइयो भनी अध्ययनमा उल्लेख गरेकी छिन ।

भट्ट (२०६४) निजी तथा सार्वजनिक प्राथमिक विद्यालयमा हुने अतिरिक्त क्रियाकलापको अवस्था नामक शोधपत्रमा निजी तथा सार्वजनिक दुवै विद्यालयमा अतिरिक्त क्रियाकलाप सामग्री पर्याप्त भए पनि सार्वजनिकको तुलनामा निजी विद्यालयमा सामग्रीलाई व्यवस्थित गरिएको र विभिन्न किसिमका प्रतियोगिताहरु मध्ये निजी

विद्यालयमा ४० प्रतिशतले प्रतियोगितामा भाग लिने गरेको पाइयो भने सार्वजनिकमा २० प्रतिशतले भाग लिएको पाइयो भनी अध्ययनमा उल्लेख गरेका छन ।

उपरोक्त अध्ययनहरुबाट विद्यालयमा संञ्चालित अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्थामा गरिएको शोधपत्रमा माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता पत्ता लगाउनु रहेको थियो भने अर्को माध्यमिक तहको शोधपत्रमा अतिरिक्त क्रियाकलापमा छात्र र छात्राहरुको सहभागिता पत्ता लगाउनु रहेको थियो । यस्तैगरी प्राथमिक विद्यालयमा संञ्चालित खेलकुदको अवस्था सम्बन्धि गरिएको शोधपत्रमा प्राथमिक विद्यालयमा संञ्चालित खेलकुद कार्यक्रमको अवस्था पत्ता लगाउनु रहेको थियो । यी अध्ययनहरुमा एउटै विषयवस्तुमा आधारित भइ अध्ययन गरेको पाइयो । तसर्थ यी अध्ययनहरु भन्दा फरक तरिकाले अनुसन्धान गर्नको लागि प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था शीर्षकमा आधारित भइ उद्देश्य ( प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था पहिचान गर्नु , अतिरिक्त क्रियाकलाप सम्बन्धमा सरोकारवालाहरुको धारणा पत्ता लगाउनु , अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमीकमजोरी पत्ता लगाउनु ) लाई प्राथमिकता दिइ अध्ययन कार्य अगाडी बढाइएको थियो ।


## २.४ अवधारणात्मक ढाँचा

सम्बन्धित विषयको अध्ययन उद्देश्यमूलक, व्यवहारिक र प्रभावकारी बनउनको लागि यस विषयसंग सम्बन्धित साहित्यको पुनरावलोकन गरिन्छ । अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था सम्बन्धमा यस अध्ययन अनुसन्धान कार्यलाई सहयोग पुर्‍याउने विभिन्न खाले स्रोतहरु छन । साहित्यको पुनरावलोकनमा यस विषयसंग सम्बन्धित रुसो, प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५), अतिरिक्त क्रियाकलाप सम्बन्धि विद्यमान प्रावधानहरु र पूर्व अध्ययनहरुको समिक्षा गरिएको छ ।

माथिका अध्ययनहरुबाट के स्पष्ट हुन्छ भने विद्यार्थीहरुको चौतर्फी विकासका लागि पढाइ र लेखाइको ज्ञान, सीप मात्र पर्याप्त नहुने हुँदा विद्यार्थीहरुका लागि शारिरीक, मानसिक तथा संवेगात्मक विकाससंग सम्बन्धित विभिन्न क्रियाकलापहरु नियमित रुपमा संञ्चालन गर्न अत्यावश्यक हुन्छ । तसर्थ प्राथमिक शिक्षा भविष्यको शिक्षाको जग हो भन्ने भनाइलाई मनन गरी प्राथमिक तह पाठ्यक्रमले बालबालिकाहरुमा अर्न्तनिहित प्रतिभालाई प्रस्फुटन गर्न, उनीहरुको शारिरीक, मानसिक, संवेगात्मक पक्षमा सहयोग पुर्‍याउन छुट्टै विषयको रुपमा शारीरिक शिक्षाा र सिर्जनात्मक कला विषयलाई पाठ्यक्रममा समावेश गरेको छ । त्यसकारण विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापको आवश्यकता पर्दछ भनी पाठ्क्रममा पनि समावेश गरेको हुनाले अध्ययन गर्न लागिएको शीर्षक र माथि अध्ययन भएका विषयहरु बिच अर्न्तसम्बन्ध छ भन्न सकिन्छ । त्यसैले अतिरिक्त क्रियाकलापको अवस्था हेर्न माथिका अध्ययनहरुले मार्ग निर्देशन पुग्ने देखिएकोले सम्बन्धित साहित्यको रुपमा लिइएको छ । यिनै अध्ययनहरुको आधारमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था हेर्न शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षलाई जोड दिइ अध्ययन कार्य अगाडी बढाइएको छ ।

अधारणात्मक ढाँचा भन्नाले अध्ययनकर्ताको अध्ययन गर्ने मानसिक नक्सा हो । जसले अध्ययन गर्नुपर्ने विषयको प्रत्येक अंशलाई अध्ययनका आधारहरु तयार गर्दछ । यस अध्ययनमा प्राथमिक तहमा अतिरिक्त

क्रियाकलाप कार्यान्वयनको अवस्था अध्ययन गर्न तल उल्लेखित पक्षलाई आधार मानिएको थियो । जसलाई यस प्रकार अवधारणात्मक स्वरुपमा प्रस्तुत गरिएको छ :-




प्रस्तुत अध्ययनमा माथिका विषयवस्तुहरुलाई उद्देश्य अनुरुप क्रमबद्ध रुपमा विश्लेषण गरी निष्कर्षमा पुग्ने कोशिस गरिएको छ । जसमा अतिरिक्त क्रियाकलाप अर्न्तगतका शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका विविध पक्षहरुको अध्ययनका साथै विद्यालय भित्र र बाहिर गरिने क्रियाकलापहरुलाई समेटी अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था शीर्षक अध्ययन गरिएको छ ।

## परिच्छेद तीन
## अध्ययन विधि

कुनै पनि विषयवस्तुको बारेमा गहिरिएर अध्ययन गर्नु अर्थात् कुनै विषयमा खोजी कार्य गर्नु अनुसन्धान हो भने अनुसन्धान गर्नको लागि अपनाइने तरिका वा अध्ययनको प्रक्रियालाई अध्ययनको विधि भनिन्छ । अनुसन्धान एक जटिल कार्य हो । अनुसन्धान जस्तो कठिन कार्य सम्पन्न गर्नको निम्ति पूर्वयोजना एवम् अनुसन्धान ढाँचाको आवश्यकता पर्दछ । के कस्तो उद्देश्य प्राप्तिको निम्ति के कस्तो किसिमको साधन, स्रोत र प्रविधिको प्रयोग गर्ने, नमूनाको आकार कत्रो राख्ने भन्ने जस्ता कुराहरुलाई निश्चित तौरतरिकाको प्रयोग गरी सूचना प्राप्त गर्नु नै अध्ययन विधि हो । त्यसैले पूर्वयोजना अनुरुप अनुसन्धानकर्ताले अध्ययनको उद्देश्य र विधि तथा प्रक्रिया अनुरुप अध्ययन कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । तसर्थ यस अनुसन्धान कार्यमा अनुसन्धानकर्ताले अध्ययनको उद्देश्य र प्रकृति हेरी निम्नलिखित विधि तथा प्रक्रिया अपनाइ अध्ययन कार्य सम्पन्न गरिएको थियो ।

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, उद्देश्य, संकलित सूचनाहरुको किसिम जस्ता विभिन्न पक्षहरुमा निर्भर गर्दछ । गुणात्मक अनुसन्धान कुनै अवस्था घटना, प्रक्रिया तथा समस्याहरुको अध्ययन गर्ने उद्देश्य नामरुपी तथा क्रमागत स्केलमा मापन गरिएका वा शाब्दिक रुपमा संकलन गरिएका असांख्यिक तथ्यांकहरुलाई तार्किक विधिद्धारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ । गुणात्मक अनुसन्धान फेनोमेनोलोजी, इथ्नोग्राफी, ग्राउन्डेड थ्योरी, न्यारेटिभ खोज र वर्णनात्मक अनुसन्धान गरी जम्मा पाँच प्रकारका छन । जस मध्ये प्रस्तुत अध्ययनमा अध्ययन शीर्षकको प्रकृति अनुसार गुणात्मक अनुसन्धान ढाँचा अर्न्तगत वर्णनात्मक अनुसन्धान विधिमा आधारित रही अनुसन्धान गरिएको छ । यसमा अनुसन्धानकर्ताले प्रत्यक्ष विद्यालयमा गएर उद्धेश्यमा आधारित भइ अनुसन्धान गरिएको थियो । यस अनुसन्धानको जनसंख्या र नमूना छनोट निम्नानुसार रहेको थियो :-

### ३.२ जनसंख्या र नमूना छनोट प्रक्रिया

**क) जनसंख्या**

सामान्य गुणहरु मिल्ने वर्गहरुबाट तिनीहरुको प्रतिनिधित्व गर्ने वस्तुहरु नमूना मानिन्छन् । नमूनाको अध्ययन गर्न जनसंख्याको प्रयोग गरिन्छ । अनुसन्धान कर्ताको रुचि अनुसारका एकै किसिमका विशेषताहरु मिल्ने व्यक्तिहरुको समूहलाई जनसंख्या भनिन्छ । यो अध्ययन सर्लाही जिल्लाका प्राथमिक तह अध्यापन गराउने विद्यालयमा केन्द्रित थियो । जसमा सर्लाही जिल्लाको भक्तिपुर गा.वि.स.अर्न्तगत रहेका तीनवटा विद्यालयका प्र.अ., प्राथमिक तह अध्यापन गराउने शिक्षकहरु, कक्षा चार र कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरु र केही अभिभावकहरुलाई यस अध्ययनमा उद्देश्य अनुरुप सूचना संकलन गर्न मुख्य जनसंख्याको रुपमा लिईएको थियो ।

**ख) नमूना छनोट**

नमूना जनसंख्याबाट झिकिएको एउटा सानो समूह हो, जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ । नमूना दुई प्रकारका छन । सम्भावनायुक्त नमूना छनोट र सम्भावनारहित नमूना छनोट । यस अध्ययनमा विद्यालय छनोट र अभिभावक छनोटका लागि सम्भावनारहित नमूना छनोट अर्न्तगत पर्ने उद्देश्यपूर्ण नमूना छनोट र सुविधाजनक नमूना छनोट विधिको प्रयोग गरिएको छ भने विद्यालय छनोटका लागि सम्भावनायुक्त नमूना छनोट विधि अर्न्तगतको सामान्य सम्भावनायुक्त नमूना छनोट विधिको प्रयोग गरिएको छ । कुनै पनि अनुसन्धान कार्यलाई विस्तृत रुपमा अध्ययन गर्न समय, स्रोत र साधनको अभाव हुन सक्छ तसर्थ अध्ययनमा सबैलाई प्रतिनिधित्व गर्ने गरी वुद्धिमत्तापूर्वक नमूना छनोट कार्य गरेर अध्ययन गर्नुपर्ने भएकाले यस अध्ययनमा निम्नानुसार नमूना छनोट गरिएको थियो ।

### ३.२.१ विद्यालय छनोट

अनुसन्धानकर्ताले जुन उद्देश्य अनुसार अनुसन्धान गर्दैछ, सो उद्देश्य परिपूर्तिका लागि आफ्नै वुद्धि विवेकद्धारा नमूना छनोट गर्ने विधि नै उद्देश्यपूर्ण नमूना छनोट विधि हो । यस अध्ययनमा सर्लाही जिल्लाको भक्तिपुर गा.वि.स.भित्र संञ्चालित सामुदायिक विद्यालयहरु मध्ये सम्भावनारहित नमूना छनोट विधि अर्न्तगतको उद्देश्यपूर्ण नमूना छनोट विधिबाट तीन वटा विद्यालय श्री सरस्वती उच्च माध्यमिक विद्यालय भक्तिपुर, श्री निम्न माध्यमिक विद्यालय शंकरगंन्ज र श्री निम्न माध्यमिक विद्यालय हरिनगर राइटरखोरलाई उद्देश्य अनुरुप सूचना संकलन गर्नका लागि छनोट गरिएको थियो ।

### ३.२.२ प्रधानाध्यापकको छनोट

अध्ययनका लागि छनोट भएका तीन वटा सामुदायिक विद्यालय श्री सरस्वति उच्च माध्यमिक विद्यालय भक्तिपुर, श्री निम्न माध्यमिक विद्यालय शंकरगंन्ज र श्री निम्न माध्यमिक विद्यालय हरिनगर राइटरखोरका तीन जना प्र.अ.लाई उद्देश्य अनुरुप सूचनाहरु संकलन गर्नको लागि स्वतः छनोट गरिएको थियो ।

### ३.२.३ शिक्षकको छनोट

अध्ययनका लागि छनोटमा परेका विद्यालयहरुमा शिक्षकहरु छनोट गर्दा स्वास्थ्य तथा शारीरिक शिक्षा अध्यापन गराउने प्राथमिक तहका तीनजना शिक्षकहरुलाई स्वतः छनोट गरिएको थियो । स्वास्थ्य तथा शारीरिक तथा सिर्जनात्मक शिक्षा अतिरिक्त क्रियाकलापसंग पनि सम्बन्धित भएकाले ती शिक्षकहरुलाई छनोट गरिएको थियो ।

### ३.२.४ विद्यार्थी छनोट

अध्ययनका लागि छनोटमा परेका विद्यालयहरुबाट प्रत्येक विद्यालयमा अध्ययनरत अतिरिक्त क्रियाकलापमा सहभागी विद्यार्थीहरु मध्येबाट कक्षा चारका पाँच जना र कक्षा पाँचका पाँच जना गरी जम्मा ३०

जना विद्यार्थीहरुलाई सामान्य सम्भावनायुक्त नमूनाको आधारमा छनोट गरी अतिरिक्त क्रियाकलापको बारेमा सूचनाहरु संकलन गरिएको थियो ।

### ३.२.५ अभिभावक छनोट

छनोटमा परेका तीन वटा विद्यालयका कक्षा ४ र कक्षा ५ मा अध्ययन गर्ने विद्यार्थीहरु मध्येबाट अतिरिक्त क्रियाकलापमा सहभागी विद्यार्थीहरुका अभिभावकलाई सुविधाजनक नमूना छनोट विधिबाट आफूलाई पायक पर्ने, अध्ययनमा सहयोग गर्ने प्रत्येक विद्यालयका ५/ ५ जना गरी जम्मा १५ जना अभिभावक छनोट गरिएको थियो ।

## ३.३ सूचना संकलनका साधनहरु

अध्ययनमा उद्देश्य अनुरुप विश्वसनीय र वैध तथ्यांकहरु संकलन गर्नका लागि बनाइएको योजनालाई सूचना संकलनका साधनहरु भनिन्छ । सूचना संकलन गर्न प्राथमिक र द्धितीय स्रोतको प्रयोग गरिन्छ । प्रस्तुत अध्ययनमा प्राथमिक स्रोतहरु अर्न्तवार्ता, अवलोकन र छलफलको प्रयोग गरिएको छ । सूचना संकलनका साधनहरुले अध्ययनलाई सरल र सहज तरिकाले सम्पन्न गर्न, उद्देश्य अनुरुप सूचनाहरु संकलन गर्न, अध्ययनलाई अध्ययन घेरा भन्दा बाहिर जान नदिन र तथ्य सूचनाहरु संकलन गर्नको लागि सहयोग पुर्‍याउने भएकाले साधनहरुको प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्ति गर्न आवश्यक पर्ने सूचनाहरु सरल एवम् व्यवस्थित ढंगबाट संकलन गर्नका लागि निम्नानुसारका साधनहरु निर्माण एवम् प्रयोग गरिएको थियो ।

### ३.३.१ असंरचित अर्न्तवार्ता

अर्न्तवार्ता दुई वा दुई भन्दा बढि व्यक्तिहरु बिच प्रत्यक्ष अर्न्तक्रियाको त्यो विधि हो जसमा अर्न्तवार्ता दिने ब्यक्तिले आमने सामने भएर मौखिक रुपमा आवश्यक जानकारीहरु दिने गर्दछ । अर्न्तवार्ता संरचित, अर्धसंरचित र असंरचित तीन किसिमका हुन्छन । जसमध्ये यस अध्ययनमा असंरचित अर्न्तवार्ताको आधारमा आवश्यक सूचनाहरु संकलन गरिएको थियो । असंरचित अर्न्तवार्ता भन्नुको अर्थ गुणात्मक अर्न्तवार्ता हो र यस विधिमा सम्पूर्ण अर्न्तवार्ता कार्य पूर्व निर्धारित र नियन्त्रित हुदैन । गुणात्मक अनुसन्धानमा गहन सूचना संकलन गर्नका लागि असंरचित अर्न्तवार्ताको प्रयोग गरिन्छ । यी अर्न्तवार्ता सूची निम्नानुसार वर्णन गरिएको छ ।

#### क) प्र.अ. अर्न्तवार्ता

यस अध्ययनमा छनोटमा परेका विद्यालयका प्र.अ.संग अतिरिक्त कार्यक्रम संञ्चालन गर्ने प्रक्रिया, क्रियाकलाप गराउदा ध्यान दिनुपर्ने पक्षहरु, पुरस्कारको व्यवस्था, संञ्चालन गर्दा आइपरेका समस्या, समाधानका उपायहरुको बारेमा वास्तविक सूचना संकलन गर्नको लागि दुईपटक अर्न्तवार्ता अनुसूचीको प्रयोग गरिएको थियो । पहिलो पटकको अर्न्तवार्तामा अर्न्तवार्ता दिने व्यक्तिबाट सही र तथ्य सूचनाहरु प्राप्त गर्न नसकिने भएकाले दोस्रो

पटकको अर्न्तवार्ता लिनुपर्ने हुन्छ । तसर्थ पहिलो पटकको अर्न्तवार्ताका लागि निर्माण गरिएका अर्न्तवार्ता सूचिहरु कै माध्यमबाट सही र तथ्य सूचना संकलन गर्नका लागि दोस्रो पटकको अर्न्तवार्ताको प्रयोग गरिएको थियो । अर्न्तवार्ता प्रश्नावली अनुसूची १ मा देखाइएको छ ।

**ख) शिक्षक अर्न्तवार्ता**

अतिरिक्त कार्यक्रम संञ्चालन गर्ने प्रक्रिया, विद्याथीहरुको सहभागिता, पुरस्कारको व्यवस्था, स्रोत र साधन, समस्या समाधानका उपाय यी विषयवस्तुसंग सम्बन्धित जानकारी प्राप्त गर्न र वास्तविक सूचना संकलन गर्नको लागि दुई पटक अर्न्तवार्ता अनुसूचीको प्रयोग गरिएको थियो । एक पटकको अर्न्तवार्ताबाट मात्रै सम्पूर्ण पक्षको सूचना संकलन गर्न नसकिने भएकाले सम्पूर्ण पक्षहरुलाई समेट्नका लागि र सही, तथ्य जानकारी प्राप्त गर्नको लागि शिक्षकलाई दुई पटक अर्न्तवार्ता अनुसूचि निर्माण गरी प्रयोग गरिएको थियो । अर्न्तवार्ता प्रश्नावली अनुसूची २ मा देखाइएको छ ।

**ग) अभिभावक अर्न्तवार्ता**

छनोटमा परेका अभिभावकहरुलाई आफ्ना बालबालिकाहरु विद्यालयमा संञ्चालन गरिएका अतिरिक्त क्रियाकलापमा सहभागी हुने गरे वा नगरेको जानकारी पत्ता लगाउन र उद्देश्य अनुरुप उनीहरुको धारणा पत्ता लगाउन अर्न्तवार्ता अनुसूची निर्माण गरिएको थियो । अर्न्तवार्ता प्रश्नावली अनुसूची ३ मा देखाइएको छ ।

### ३.३.२ लक्षित समूह छलफल निर्देशिका

लक्षित समूह भन्नाले त्यस्तो विशेष प्रकारको समूह हो, जसको समान उद्देश्य, समान विशेषताहरु हुन्छन, निश्चित आकार हुन्छ र निश्चित प्रक्रियाको आधारमा संञ्चालन गरिएको हुन्छ । लक्षित समूह छलफल भन्नाले व्यवस्थित, योजनाबद्ध तथा सचेत तरिकाबाट सहभागीहरु बिच अर्न्तक्रिया गराइ उनीहरुको विचार र धारणाको आधारमा कुनै पनि कार्यक्रम, मुद्धा तथा अनुसन्धानको बारेमा अर्न्तदृष्टि प्राप्त गर्ने विधि नै लक्षित समूह छलफल हो । यस अध्ययनका लागि छनोटमा परेका विद्यालयहरुका विद्यार्थीहरुलाई विषयवस्तुमा आधारित भएर लक्षित समूह छलफल संञ्चालन गरिएको थियो । जसमा अतिरिक्त क्रियाकलापमा के के गराइन्छ ?, कसरी गराइन्छ ?, कति समयमा गराइन्छ ? र पुरस्कारको बारेमा विविध विषयहरुमा आधारित भइ लक्षित समूह छलफल निर्देशिका तयार पारी संञ्चालन गरिएको थियो । जसलाई अनुसूची ४ मा देखाइएको छ ।

### ३.३.३ कार्यक्रम अवलोकन

अवलोकन कुनै पनि अध्ययनको विषयलाई बिना नियन्त्रण सूचना संकलन गर्ने विधि हो । ज्ञानेन्द्रियहरुको उपयोगबाट सूचनाहरुको संकलन गरी विश्लेषण र व्याख्याबाट सिद्धान्तहरुको विकास गर्न उपयोग गरिने व्यवहारिक विधि अवलोकन हो । अवलोकनलाई अवलोकनको पद्धति, प्रकृति, विषयवस्तु, सहभागिता आदि जस्ता विषयवस्तुको आधारमा अवलोकनलाई तीन प्रकारमा वर्गीकरण गरेको पाइन्छ । जसमा अनियन्त्रित अवलोकन, नियन्त्रित अवलोकन र सामूहिक अवलोकन रहेका छन । जस मध्ये यस अध्ययनमा अनियन्त्रित अवलोकन अर्न्तगत असहभागीमूलक अनियन्त्रित अवलोकनलाई प्रयोग गरिएको छ । अवलोकनकर्ता समूहको क्रियाकलापमा

सहभागी नभइ परैबाट तिनीहरुलाई अवलोकन गर्ने विधि नै असहभागीमूलक अनियन्त्रित अवलोकन हो । यसमा नियन्त्रणको अभाव रहन्छ, जसले गर्दा अवलोकनकर्ताका लागि निश्चित योजना, प्रश्नहरु र उपकरण पूर्व रुपमा निर्धारण गरिदैनन् । यस अध्ययनमा छनोटमा परेका तीनवटै विद्यालयका अतिरिक्त क्रियाकलाप संञ्चालन प्रक्रिया बारे जानकारी लिनको लागि प्रत्येक विद्यालयका १/१ वटा कार्यक्रमको अवलोकन गरी सूचना संकलन गरिएको थियो । कार्यक्रम अवलोकनको फारमलाई अनुसूची ५ मा राखिएको छ ।

### ३.४ साधनको वैधता निर्धारण

अध्ययनको उद्देश्यसंग सम्बन्धित सूचनाहरु संकलन गर्न प्र.अ. अर्न्तवार्ता, शिक्षक अर्न्तवार्ता, अभिभावक अर्न्तवार्ता, कार्यक्रम अवलोकन र विद्यार्थीहरुका लागि लक्षित समूह छलफल निर्माण गरिएको थियो । उक्त साधनहरुको वैधता र विश्वसनीयता स्थापना गर्नका लागि साथी समूहमा छलफल र सुधार गरी शोध निर्देशक ज्यू समक्ष प्रस्तुत गरिएको थियो । यसरी शोध निर्देशकको सल्लाह बमोजिम साधनलाई निश्चित आकार दिइ आवश्यक सूचना प्राप्त गर्न सहयोगी भयो वा भएन भनेर तीन वटा विद्यालयमा सूचना संकलन गरिसके पछि आवश्यकतानुसार सुधार गरी अन्तिम रुप दिइएको थियो ।

### ३.५ सूचना संकलन प्रक्रिया

यस अध्ययनका लागि आवश्यक पर्ने सूचना संकलन गर्न अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा गइ अध्ययनका लागि तयार पारिएका साधनहरु प्र.अ., शिक्षक, अभिभावकलाई असंरचित अर्न्तवार्ता अनुसूची कार्यक्रम अवलोकन फारम र विद्यार्थीहरुका लागि लक्षित समूह छलफल संञ्चालन गरी आवश्यक सूचना संकलन गरिएको थियो । अतिरिक्त क्रियाकलाप सम्बन्धि प्रकाशित लेखहरु तथा अप्रकाशित शोधपत्रको माध्यमबाट सूचना संकलन गरिएको थियो । यस अध्ययनमा सूचना संकलन प्रक्रियालाई द्धितीय स्रोतको रुपमा प्रयोग गरिएको थियो ।

### ३.६ सूचना विश्लेषण प्रक्रिया

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि छनोटमा परेका विद्यालयका प्र.अ.का लागि तयार पारिएको अर्न्तवार्ता अनुसूचिको माध्यमबाट अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था, अतिरिक्त क्रियाकलापप्रतिको धारणा र अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमजोरीहरु सम्बन्धि सूचना प्राप्त गर्न अनुसन्धानकर्ता आफै विद्यालयमा उपस्थित भइ प्र.अ.लाई अर्न्तवार्ता लिइ आएका उत्तरहरुलाई कपीम टिपोट गर्दै सूचना संकलन गरिएको थियो । शिक्षकहरुलाई यस अध्ययन सम्बन्धि सूचना प्राप्त गर्न अर्न्तवार्ता अनुसूचिको माध्यमबाट अतिरिक्त कार्यक्रम संञ्चालन गर्ने प्रक्रिया, विद्यार्थीहरुको सहभागिता, पुरस्कारको व्यवस्था, स्रोत र साधनको अवस्था, संञ्चालनमा देखिएका कमजोरीहरु सम्बन्धि सूचना प्राप्त गर्न अनुसन्धानकर्ताले शिक्षकलाई अर्न्तवार्ता लिइ आएका उत्तरहरुलाई कपीमा टिपोट गर्दै सूचना संकलन गरिएको थियो ।

अभिभावकहरुलाई आफ्ना बालबालिकाहरु विद्यालयमा संञ्चालन गरिएका अतिरिक्त क्रियाकलापमा सहभागी हुने गरे वा नगरेको जानकारी पत्ता लगाउन र उद्देश्य अनुरुप उनीहरुको धारणा पत्ता लगाउन अनुसन्धानकर्ताले यस्ता विषयवस्तुमा आधारित भएर अर्न्तवार्ता लिइ आएका उत्तरहरुलाई कपीमा टिपोट गर्दै सूचना संकलन गरिएको थियो । लक्षित समूह छलफलका लागि छनोटमा परेका विद्यार्थीहरुबाट अतिरिक्त क्रियाकलाप सम्बन्धि उनीहरुको धारणा बुझ्न लक्षित समूह छलफल निर्देशिकाको प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो । अन्त्यमा कार्यक्रमलाई कसरी कार्यान्वयनमा ल्याइएको रहेछ भनी तीनवटै विद्यालयमा उपस्थित भई एक-एक वटा कार्यक्रमको अवलोकन गरिएको थियो ।

यस अध्ययनको क्रममा अनुसन्धानकर्ता आफूले अर्न्तवार्ता, अवलोकन र लक्षित समूह छलफल विधिको प्रयोग गरी प्राप्त भएको सूचना वा तथ्यांकलाई क्रमबद्ध रुपमा गुणात्मक अनुसन्धान ढाँचा अर्न्तगत वर्णनात्मक अनुसन्धान  विधि मार्फत् विश्लेषण र व्याख्या गरिएको थियो ।

यस अध्ययनमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था पहिचान गर्न प्र.अ., शिक्षक र अभिभावकहरुलाई असंरचित अर्न्तवार्ताको प्रयोग गरी आएको उत्तरहरुलाई त्रिकोणात्मक सम्बन्ध देखाइ विश्लेषण र व्याख्या गरिएको थियो । यसका साथसाथै विद्यार्थीहरुलाई लक्षित समूह छलफलको माध्यमबाट निकालिएको उत्तरहरुलाई कार्यक्रम अवलोकन र शिक्षक अर्न्तवार्ताको आधारमा त्रिकोणात्मक सम्बन्ध देखाइ अचयकक खबष्मिबतष्यल गर्दै सूचनाहरुको विश्लेषण र व्याख्या गरिएको थियो ।

यस अध्ययनमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था पहिचान गर्न प्र.अ., शिक्षक र अभिभावकहरुलाई असंरचित अर्न्तवार्ताको प्रयोग गरी आएको उत्तरहरुलाई त्रिकोणात्मक सम्बन्ध देखाइ विश्लेषण र व्याख्या गरिएको थियो । यसका साथसाथै विद्यार्थीहरुलाई लक्षित समूह छलफलको माध्यमबाट निकालिएको उत्तरहरुलाई कार्यक्रम अवलोकन र शिक्षक अर्न्तवार्ताको आधारमा त्रिकोणात्मक सम्बन्ध देखाइ cross validation गर्दै सूचनाहरुको विश्लेषण र व्याख्या गरिएको थियो ।

# परिच्छेद चार

# सूचनाको विश्लेषण र व्याख्या

कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्णता दिनको लागि त्यसको विस्तृत रुपमा विश्लेषण एवम् व्याख्या गर्नु पर्ने हुन्छ । विश्लेषण र व्याख्याबाट कुनै पनि अध्ययनले देखाउन खोजेको विषयवस्तु प्रष्ट पार्न सकिन्छ । प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था शीर्षक अध्ययन गर्न सर्लाही जिल्ला भक्तिपुर गा.वि.स.अर्न्तगत रहेका सामुदायिक विद्यालयहरु मध्ये तीनवटा विद्यालयहरु श्री सरस्वती उच्च मा.वि.भक्तिपुर, श्री नि.मा.वि.शंकरगंन्ज र श्री नि.मा.वि.हरिनगर राइटरखोरलाई सम्भावनारहित नमूना छनोट पद्धति अर्न्तगतको उद्देश्यपूर्ण विधिबाट नमूना छनोट गरिएको थियो ।

अध्ययनको क्रममा छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावकलाई असंरचित अर्न्तवार्ता र विद्यार्थीहरुका लागि लक्षित समूह छलफल गरी सूचना संकलन गरिएको थियो । साथै विद्यालयमा गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरु मध्ये तीनवटै विद्यालयमा एक-एक वटा कार्यक्रम अवलोकन गरी उद्देश्य अनुरुप गुणात्मक विधिको प्रयोग गरी प्राप्त सूचनाहरुलाई विश्लेषण र व्याख्या गरिएको छ :

## ४.१ अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था

विद्यार्थीहरु भित्र रहेको जोश, जाँगर र उत्साह, कला, सौन्दर्य एवम् सिर्जनात्मक सोचाइको विकास गराउनमा अतिरिक्त कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दछ । यी कार्यक्रम संञ्चालन गर्न प्राविधिक सीप, भौतिक सामग्री, खेल मैदान, आर्थिक स्रोतको व्यवस्थाका साथसाथै विद्यालयका प्रधानाध्यापकहरुको सोच, शिक्षकहरुको पूर्ण सक्रियता तथा विद्यार्थीहरुको उत्साह र सक्रिय सहभागिता हुन आवश्यक देखिन्छ । तर पनि विद्यालयहरुमा स्रोत सामग्रीको अभाव, विद्यालय परिवारको न्यून चासो आदि समस्याले गर्दा धेरैजसो विद्यालयहरुले अतिरिक्त कार्यक्रमहरु नियमित ढंगले संञ्चालन नगरेको पाइन्छ । विद्यार्थीहरुको सिर्जनात्मक सीप, मौलिकता र कलाको मूल्यांकन गर्ने कसौटीको रुपमा अतिरिक्त क्रियाकलापलाई लिन सकिन्छ भनी अतिरिक्त तथा सहक्रियाकलाप निर्देशिका (२०६१) मा उल्लेख गरिएको छ । प्राथमिक विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्था पहिचान गर्न प्रतिक्रिया दाताहरुबाट प्राप्त भएका सूचना एवम् धारणाहरुलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ :-

### ४.१.१ अतिरिक्त क्रियाकलाप संञ्चालन प्रक्रिया

विद्यार्थीहरुको शारिरीक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लगि विद्यालयले नियमित पठनपाठनका साथसाथै अतिरिक्त समयमा संञ्चालन गरिने विभिन्न क्रियाकलापहरुलाई अतिरिक्त क्रियाकलाप भनिन्छ । शिक्षा नियमावली,(२०५९) ले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुलाई खास गरेर व्यक्तिगत, अन्तर सदन र अन्तर विद्यालयका रुपमा संञ्चालन गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

अध्ययन क्षेत्रको नमूना छनोटमा परेका तीनवटा विद्यालयहरुले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुलाई आ-आफ्नै आवश्यकता, स्रोत र सामग्रीहरुले भ्याउने गरी फरक-फरक तरिकाले कार्यक्रम संञ्चालन गरेको पाइयो

। श्री सरस्वती उच्च मा.वि.भक्तिपुरले शैक्षिक सत्रको सुरुवातमा नै वर्षभरि गरिने अतिरिक्त कार्यक्रमहरुको रुपरेखा तयार गरेको पाइयो । श्री नि.मा.वि.शंकरगंन्जका प्र.अ.ले पहिलो पटकको अर्न्तवार्तामा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुलाई शैक्षिक क्यालेन्डरमा उल्लेख गरिए अनुसार विद्यालयमा संञ्चालन गर्ने गरिन्छ भनेको पाइयो । दोस्रो पटकको अर्न्तवार्तामा शैक्षिक क्यालेन्डरको अध्ययन गर्दा अतिरिक्त क्रियाकलापको रुपरेखा नै निर्माण भएको पाइएन । त्यस्तैगरी श्री नि.मा.वि.हरिनगर राइटरखोरले कार्यक्रम सञ्चालन गर्ने गरे तापनि कार्यक्रमहरुको बारेमा पूर्व योजना निर्माण गरेको पाइएन । विद्यालय भित्र गराइने अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु श्री नि.मा.वि.शंकरगंन्जले हप्ताको प्रत्येक शुक्रबारका दिन सञ्चालन गर्ने गरेको पाइयो भने श्री सरस्वती उच्च मा.वि.भक्तिपुर र श्री नि.मा.वि.हरिनगर राइटरखोरले महिनामा दुई चोटी कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । श्री सरस्वती उच्च मा.वि.भक्तिपुरले कार्यक्रम शुक्रबारको चौथो घण्टी पछि मात्र सञ्चालन गर्ने गरेको देखियो ।

विद्यालयहरुले अतिरिक्त क्रियाकलापलाई विद्यालय भित्र गरिने क्रियाकलाप अर्थात् अन्तर सदन र विद्यालय बाहिर गरिने क्रियाकलाप अन्तर विद्यालय गरी दुई भागमा विभाजन गरी संञ्चालन गर्ने गरेको पाइयो । विद्यालय भित्र गरिने क्रियाकलापहरु चित्रकला, हस्तकला, राष्ट्रिय गीत गायन, सामूहिक लोकगीत गायन, राष्ट्रिय गान समूहमा गायन, बाल गीतहरु एक्ला एक्लै वा समूहमा लय मिलाइ तालमा गायन, सांस्कृतिक कार्यक्रम, हाजिरीजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, कविता प्रतियोगिता, लुडो, क्यारिमबोर्ड, रुमाल लुकाइ, आँखाछोपी, साथी रोज्ने खेल, माझी दाई, डण्डीवियो, दौड प्रतियोगिता, छोइडुम, जनावरहरुको अभिनय गर्न लगाउने, राम रावण, नाटक, सरसफाई, रुमाल चोर, स्किपिङ, कपर्दी, भकुण्डो, पि.टी., हिसाब दौड, कुर्सी खेल, काठमाण्डौ शहर खाली, नृत्य, अरुको नक्कल गर्न लगाउने, अन्ताक्षरी र वनमा मान्छे आदि रहेको पाइयो । जसमध्ये श्री सरस्वती उच्च मा.वि.भक्तिपुरले भकुन्डो खेल, लुडो, क्यारिमबोर्ड, पि.टी., दौड, डण्डीबियो, रुमाल लुकाइ, कपर्दी, राष्ट्रिय गीत समूहमा गायन, बाल गीतहरु गयन, हस्तकला, चित्रकला, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, सांस्कृतिक कार्यक्रम संञ्चालन गर्ने गरेको पाइयो । श्री नि.मा.वि.शंकरगंन्जले पि.टी., दौड, रुमाल लुकाइ, डण्डीबियो,भकुन्डो खेल, कबर्डी, छोइडुम, चिल र चल्ला, साथी रोज्ने खेल, लुडो, अन्ताक्षरी संञ्चालन गर्ने गरेको पाइयो । श्री नि.मा.वि.हरिनगर राइटरखोरले रुमाल लुकाइ, कबर्डी, दौड, स्किपिङ, डण्डबियो, राम रावण, वनमा मान्छे, चित्रकला, हाजिरीजवाफ, कथा, कविता प्रतियोगिता संञ्चालन गर्ने गरेको पाइयो । जसमध्ये हाजिरीजवाफ प्रतियोगिता, चित्रकला, कविता प्रतियोगिता, दौड प्रतियोगिता चाडपर्व, वार्षिकोत्सव र अन्य उत्सवहरुमा संञ्चालन गर्ने गरेको पाइयो । त्यस्तैगरी विद्यालय बाहिर गरिने क्रियाकलाप अर्थात् अन्तर विद्यालयको रुपमा विभिन्न क्रियाकलाहरु हाजिरीजवाफ प्रतियोगिता, भलिबल प्रतियोगिता, क्यारिमबोर्ड प्रतियोगिता, दौड प्रतियोगिता, कविता, कथा प्रतियोगिता, नाटक प्रतियोगिता, चित्रकला प्रतियोगिता, सांस्कृतिक कार्यक्रम रहेको पाइयो । यस्ता कार्यक्रमहरुलाई श्री सरस्वती उच्च मा.वि.भक्तिपुरले मात्र संञ्चालन गर्ने गरेको र विद्यालयमा सदन कार्यक्रमहरु गर्दा पुरस्कारको वितरण वार्षिकोत्सवमा गर्ने गरेको पाइयो । अन्तर विद्यालय कार्यक्रममा अन्य विद्यालयहरुका विद्यार्थीहरु पनि सहभागी हुने हुदा आफ्नो स्रोतले भ्याउने गरी पुरस्कारको व्यवस्था गने गरेको पाइयो । अन्तर विद्यालय कार्यक्रम संञ्चालन गर्दा विद्यार्थीहरुबाट रकम जम्मा नगर्ने, कुनै संघसंस्थाको सहयोग बिना नै आफ्नै विद्यालयले संञ्चालन गर्ने गरेको पाइयो । अरु दुईवटा विद्यालय श्री नि.मा.वि.शंकरगंन्ज र श्री नि.मा.वि.हरिनगर

राइटरखोरले संञ्चालन नगर्ने गरेको पाइयो । यी कार्यक्रमहरु चाडपर्व, उत्सव, वार्षिकोत्सवमा संञ्चालन गर्ने गरेको पाइयो । यी तीनवटै विद्यालयहरुमा अतिरिक्ति क्रियाकलाप संञचालनका लागि छुट्टै शिक्षकको व्यवस्था नरहेको प्र.अ.हरुको प्रतिक्रियाबाट पाइयो । कार्यक्रमहरुलाई सुचारु रुपले सञ्चालन गर्नको लागि विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरु बिच सक्रिय सहयोग, सहमति, सन्तुलन र अर्न्तनिर्भरता हुनुपर्ने प्रधानाध्यापकहरुको प्रतिक्रियाबाट स्पष्ट हुन्छ । अतिरिक्त क्रियाकलाप सञ्चालनमा प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुको सहभागिता हुने गरेको देखियो।

श्री सरस्वती उच्च मा.वि.भक्तिपुरले विद्यार्थीहरुको समान प्रतिनिधित्व हुने गरी सदन विभाजन गरेको सदनका नामहरु देश, राष्ट्रियता, संस्कृति झल्काउने र शहिदहरुको नामबाट नामाङ्कन गरेको दोस्रो पटकको प्र.अ.अर्न्तवार्ताबाट प्राप्त भयो । यस विद्यालयले अन्तर सदन क्रियाकलापहरुलाई विभिन्न चार-चार समूहमा विद्यार्थीहरुलाई विभाजन गरी शिक्षकको जिम्मेबारीमा दुई महिनामा एकचोटी शुक्रबार सञ्चालन गर्ने गरेको प्र.अ र शिक्षकले बताउनुभयो । अन्तर सदन क्रियाकलापमा हाजिरीजवाफ प्रतियोगिता, चित्रकला, गायन,हिज्जे प्रतियोगिता, दौड प्रतियोगिता संञ्चालन गर्ने गरेको पाइयो। यस्तैगरी श्री नि.मा.वि.शंकरगंन्जमा कुनैपनि सदनहरुको गठन नगरी विद्यार्थीहरुलाई रमाइलो वातावरणमा सिक्ने सिकाउने व्यवस्था मिलाइ विषय शिक्षकहरुले कक्षागत रुपमा विभिन्न क्रियाकलापहरु गराएर अर्थात् प्रत्येक शुक्रबारका दिन शारिरीक विकास, मानसिक विकास, सामाजिक विकास र संवेगात्मक विकासका लागि छुट्टा-छुट्टै खेलहरुको व्यवस्था गरी खेल खेलाउने गरेको पाइयो । यस्ता कार्यक्रमहरु संञ्चालन गर्दा खर्च बढि लाग्ने र विद्यालयको आर्थिक स्रोत कमजोर रहेकोले संञ्चालन गर्न गाह्रो रहेको पाइयो । श्री नि.मा.वि.हरिनगर राइटरखोरमा पनि कुनै सदनहरुको गठन नगरी महिनाको दुईचोटी शुक्रबारका दिन अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो । फुर्सदको समयमा र टिफिन समयमा विद्यार्थीहरु आफैंले आफूलाई मनपर्ने खेलहरु खेल्ने गरेका पाइयो । विद्यालयको आर्थिक अभाव र भौतिक सुविधाहरुको कमी भएको कारण अन्तर सदन र अन्तर विद्यालय कार्यक्रमहरु संञ्चालन नरेको पाइयो । श्री सरस्वती उच्च मा.वि.भक्तिपुरले अन्तर विद्यालय कार्यक्रमहरु सञ्चालन गर्ने गरेको पाइयो र आफ्नो विद्यालयले जिल्लास्तरीय, विद्यालयस्तरीय, गा.वि.स.स्तरीय, क्लबस्तरीय कार्यक्रमहरुमा सहभागी विद्यार्थीहरुलाई गराइ उत्कृष्ट स्थान हासिल गरेको कुरा प्र.अ., शिक्षक र विद्यार्थी प्रतिक्रियाबाट प्राप्त भयो । यसैगरी श्री नि.मा.वि.शंकरगंन्ज र श्री नि.मा.वि.हरिनगर राइटरखोर विद्यालयले अन्तर विद्यालय कार्यक्रम सञ्चालन गर्ने नगरेको, अरु विद्यालयले आमन्त्रणा गर्दा र जिल्लास्तरीय, विद्यालयस्तरीय, गा.वि.स.स्तरीय, क्लबस्तरीय कार्यक्रममा भाग लिएको कुरा प्र.अ., शिक्षक र विद्यार्थी प्रतिक्रियाबाट प्राप्त भयो ।

शिक्षा विभाग (२०६५) द्वारा प्रकाशित नेपालमा समाहित शिक्षामा अतिरिक्त क्रियाकलाप समावेश गरिनु पर्ने कुरा उल्लेख गरिएको छ । जस अर्न्तगत बालबालिकाहरुलाई विभिन्न खेल, सांस्कृतिक कार्यक्रम, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता जस्ता कार्यक्रमहरु संञ्चालन गरी अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढाउने प्रयास गरेको छ । यसैगरी यस अध्ययनमा पनि यस्ता क्रियाकालापहरु समावेश गरी विद्यार्थीहरुको सर्वाङ्गीण विकासमा जोड दिएको पाइन्छ ।

उपरोक्त रुपमा प्राप्त प्रतिक्रिया र स्थलगत अध्ययनको वास्तविकतालाई नियाल्दा तीनवटै विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था त्यति प्रभावकारी नरहेको पाइयो । मौखिक रुपमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको तालिका तयार गरिएको छ भनिएता पनि लिखित रुपमा दुईवटा विद्यालयमा समय तालिका पाइएन । तर्सथ अतिरिक्त क्रियाकलापलाई प्रभावकारी रुपले सञ्चालन गर्नको लागि विद्यालयहरुले वार्षिक शैक्षिक क्यालेन्डरको निर्माण गरी नियमित रुपमा क्रियाकलापहरु गराउने र विद्यार्थीहरुको चौतर्फी विकासमा जोड दिने खालका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ४.१.२ विद्यालयमा सञ्चालित अतिरिक्त क्रियाकलापको अवस्था

विद्यालयले विद्यार्थीको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु संञ्चालन गर्ने गरेको प्र.अ., शिक्षक र विद्यार्थीबाट जानकारी प्राप्त भयो । प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था अध्ययन गर्नको लागि छनोटमा परेको अध्ययन क्षेत्रका तीनवटै विद्यालयहरुमा सञ्चालन भएका अतिरिक्त क्रियाकलापहरु मध्ये प्रत्येक विद्यालयमा एक-एक वटा अतिरिक्त क्रियाकलापको अवलोकन गरिएको थियो ।

श्री सरस्वती उच्च मा.वि. भक्तिपुरमा बाल दिवसको (भाद्र २९) अवसर पारेर शुक्रबारका दिन चित्रकला प्रतियोगिता संञ्चालन गरेको र त्यसमा कक्षा १ देखि कक्षा ५ सम्मका प्रा.वि.तहका छात्रछात्राहरुलाई चित्र बनाउन लगाइएको थियो । जस मध्ये उत्कृष्ट विद्यार्थीलाई प्रथम, द्धितीय, तृतीय र सान्त्वना पुरस्कारको समेत व्यवस्था गरिएको थियो । त्यस कार्यक्रम रुपान्तर भन्ने संस्थाद्धारा संञ्चालित गरिएको थियो । सम्पूर्ण कार्यक्रम संञ्चालन देखि समापन सम्म नै त्यस संस्थाले व्यवस्थापन गरेको थियो ।

श्री नि. मा. वि. शंकरगंन्जमा शिक्षा दिवसको (भाद्र २३) अवसर पारेर कक्षा १ देखि कक्षा ८ सम्मका विद्यार्थीहरुलाई हाजिरीजवाफ प्रतियोगिता गराइएको थियो । जसमा कक्षा ४ देखि ८ सम्मका छात्रछात्राहरु समावेश गरिएका थिए । प्रत्येक कक्षाबाट एकजना छात्रा पर्ने गरी चार-चार जनाको समूह निर्माण गरिएको थियो र एकजना समूह नेता बनाइएको थियो । समूह नेताले उत्तर दिनुपर्ने र उत्तर आएमा अर्को समूहले पालो पाउने गरेको र प्रत्येक समूहका लागि निश्चित समय निर्धारण गरेको थियो । निश्चित प्रश्नहरु सोधी सकेपछि सबैभन्दा बढि अंक प्राप्त गर्ने समूह प्रथम, द्धितीय र तृतीय घोषित गरिएका थिए । कार्यक्रमको अन्त्यमा ती पुरस्कृत विद्यार्थीहरुलाई प्र.अ.द्धारा पुरस्कार त्यही समयमा वितरण गरिएको थियो ।

त्यस्तैगरि श्री नि.मा.वि. हरिनगर राइटरखोरमा महिनाको दोस्रो शुक्रबारका दिन कक्षा १ देखि कक्षा ५ सम्मका बालबालिकाहरुका लागि दौड प्रतियोगिता गराइएको थियो । जसमा सहभागी २२ जना विद्यार्थीहरु रहेका थिए । विद्यालयको खेलमैदानमा प्रतियोगिता संञ्चालन गरिएको थियो । यस दौड प्रतियोगितामा सीमा निर्धारण गरी ५० मि.लामो दौड प्रतियोगिता गराइएको थियो । जसमा प्रथम, द्धितीय र तृतीय विद्यार्थी छनोट गरिएको थियो र उनीहरुलाई पुरस्कारको व्यवस्था गरिएको थिएन । पुरस्कार पछि वार्षिकोत्सवमा यी विद्यार्थीहरुको रेकर्ड राखी वितरण गर्ने गरेको प्र.अ.र शिक्षकहरुको भनाइ थियो ।

समग्रमा माथिका कुराहरुलाई मनन गर्दा अतिरिक्त कार्यक्रमहरुलाई स्तरीय बनाउनका लागि त्यस कार्यक्रमसंग सम्बन्धित पक्षहरुको एक आपसमा प्रकार्यात्मक सम्बन्ध हुन आवश्यक देखियो । कार्यक्रमहरुमा छात्रछात्राहरुलाई जोश, जाँगर र उत्साहपूर्वक सहभागी गराउनु, भाग लिने विद्यार्थीहरुलाई प्रोत्साहन र पुरस्कार समयमै वितरण गर्नुपर्ने देखियो । जसले गर्दा विद्यार्थीहरुको आत्मगौरव बढन गइ कार्यक्रममा अनुशासित ढंगले सहभागी हुन सक्ने देखियो । सबै उमेर समूह र कक्षाका विद्यार्थीहरुलाई उनीहरुको रुचि र आवश्यकता अनुसारका कार्यक्रमहरुमा सहभागी गराउनु पर्ने देखियो । यसका साथै विद्यार्थीहरुलाई पुरस्कार र प्रोत्साहन, कार्यक्रमका लागि आवश्यक पर्ने आर्थिक एवम् भौतिक स्रोत, लैंगिक र जातीय भेदभावको अन्त्य, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीको सक्रिय सहभागिता, विद्यार्थीहरुप्रति समान व्यवहार, कार्यक्रमको बारेमा पूर्व जानकारी र योजना निर्माण, स्रोत केन्द्रबाट निरीक्षण र अनुगमन, कार्यक्रम संञ्चालन, व्यवस्थापन र मूल्यांकनमा एकरुपता, विद्यार्थी केन्द्रित कार्यक्रम र विद्यालय व्यवस्थापन समीति लगायत अभिभावक संघसंग समन्वय गरी अतिरिक्त कार्यक्रमहरु संञ्चालन गर्न सक्यो भने कार्यक्रमको स्तरीकरणमा सुधार गर्न सकिने देखिन्छ ।

### ४.१.३ अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमीकमजोरीहरु

अतिरिक्त कार्यक्रमहरुलाई सुचारु रुपले संञ्चालन गर्नका लागि नीतिगत र कार्यगत रुपमा कार्यक्रमहरुको खाका तयार गर्नुपर्ने देखियो । यसका साथै कार्यक्रमहरुको प्रगति विवरण, समिक्षा र मूल्यांकन हुनुपर्ने प्रतिक्रियामा पाइयो ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) देखि यता अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुलाई सामान्य शिक्षाको अभिन्न अंगको रुपमा लिइएको थियो । शिक्षा नियमावलीमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु गर्ने गराउने भनिए तापनि धेरैजसो विद्यालयहरुले अतिरिक्त कार्यक्रमलाई निरन्तर रुपमा संञ्चालन गर्न नसकेको देखियो । अध्ययन क्षेत्रको नमूना छनोटमा परेका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमीकमजोरीहरुलाई उनीहरु कै प्रतिक्रियाको आधारमा प्राथमिकतामा राखी निम्नानुसारको तालिका बनाइ विश्लेषण र व्याख्या गरिएको छ ।

तलिका नं.४.१

अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमजोरीहरु

| प्रधानाध्यापकहरुबाट प्राप्त प्रतिक्रिया | शिक्षकहरुबाट प्राप्त प्रतिक्रिया | विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया |
|---|---|---|
| विद्यालयमा कार्यक्रमका लागि आवश्यक पर्ने स्रोत र साधनहरुको अभाव | सामग्रीहरुको अपर्याप्तता,विद्यालयको आर्थिक पक्ष कमजोर हुनु | खेल मैदान सानो हुनु |
| विद्यालयको आर्थिक स्रोत, खेल मैदान र खेल सामग्रीहरुको अभाव | विद्यार्थीहरुको न्यून उपस्थिति र सहभागिता | खेल सामग्रीहरुको कमी हुनु |
| अतिरिक्त क्रियाकलाप सम्बन्धि | प्र.अ., शिक्षक र विद्यार्थी बिचको | पुरस्कारको व्यवस्थामा |

| | | |
|---|---|---|
| चेतनाको कमी,अतिरिक्त क्रियाकलाप सम्बन्धि शिक्षकहरुलाई छुट्टै तालिमको व्यवस्था नहुनु | आपसी सम्बन्ध , विद्यार्थीहरुको डर, लाज मान्ने प्रवृति | ढिलाइ हुनु |

स्रोत : स्थलगत अध्ययन,२०६९

माथिको तालिका नं. ४.१ मा अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमजोरीहरु सम्बन्धि प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुबाट प्राप्त भएका प्रतिक्रियाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

प्रधानाध्यापकहरुबाट प्राप्त प्रतिक्रिया अनुसार अतिरिक्त कार्यक्रमहरुलाई व्यवस्थित, मर्यादित र प्रभावकारी बनाउन आर्थिक पक्षको महत्वपूर्ण भूमिका रहने गरेको देखियो । विद्यालयमा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्नको लागि शिक्षा मन्त्रालयबाट विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापका लागि छुट्टै बजेटको व्यवस्था नभएको र विद्यालयको आन्तरिक स्रोतबाट नै अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु सम्बन्धि बजेटको व्यवस्थापन गर्नुपर्ने भएकाले कार्यक्रमका लागि आवश्यक पर्ने स्रोत र साधनहरु, पुरस्कार खरिद वा प्रमाण पत्र छपाइ, खेल सामग्री वा अन्य क्रियाकलापका सामग्रीहरु जुटाउन कठिनाइ परेको देखियो । जसले गर्दा अतिरिक्त कार्यक्रमहरु संञ्चालनमा समस्या हुने गरेको पाइयो ।

यसैगरी खेलकुद संञ्चालनका लागि आवश्यक पर्ने खेलमैदान पनि सानो हुनु समस्याको रुपमा रहेको पाइयो । विद्यार्थीहरुले अतिरिक्त क्रियाकलापको महत्वलाई नबुझी कार्यक्रम संञ्चालन हुदा भाग्ने प्रवृति वा विद्यालय नै नआउने ठूलो समस्या देखिएको कुरा प्र.अ.हरुको प्रतिक्रियाबाट प्राप्त हुन आयो । यसका साथसाथै कार्यक्रमहरु विद्यालयहरुले संञ्चालन गरिराखेका छन अथवा छैनन, विद्यालयका के कस्ता समस्याहरु रहेका छन भनी सम्बन्धित माथिल्ला निकायहरुबाट अनुगमन नहुनु पनि अतिरिक्त कार्यक्रम संञ्चालनमा कमजोरीको पक्ष रहेका प्र.अ.हरुको प्रतिक्रियाबाट स्पष्ट हुन्छ । कतिपय विद्यार्थीहरुका अभिभावकहरुले आफ्ना छोराछोरीलाई चोटपटक लाग्ने डरले कार्यक्रममा सहभागी हुन नदिएको कुरा प्र.अ.हरुको प्रतिक्रियाबाट पाइयो ।

अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु संञ्चालन हुने दिन विद्यार्थीहरुको न्यून उपस्थिति हुनु र उपस्थिति भएका मध्ये पनि विद्यार्थीहरुले सहभागिता नदेखाइ दिनु अतिरिक्त कार्यक्रम संञ्चालनको अर्को कमजोरी रहेको शिक्षकहरुले प्रतिक्रिया दिए । अतिरिक्त कार्यक्रमहरु संञ्चालनमा सामग्रीहरु पूर्ण रुपमा उपलब्ध नहुनु, विद्यार्थीहरुलाई कार्यक्रममा सक्रिय रुपमा सहभागी गराउन नसक्नु समस्याको रुपमा रहेको देखियो । विद्यार्थीहरुलाई विभिन्न किसिमका खेलहरु खेलाउनका लागि आवश्यक पर्ने विविध खेल सामग्री र अन्य क्रियाकलापका लागि आवश्यक पर्ने सामग्रीहरु विद्यालयमा पूर्ण रुपमा उपलब्ध नहुनु, विद्यार्थीहरुमा आवेग र संवेगहरु उत्पन्न भएका कारण डर, रिसले गर्दा साथी-साथी बिच झगडा गर्नु र कार्यक्रममा सहभागिता नजनाउनु प्रमुख समस्याको रुपमा रहेको प्रतिक्रिया शिक्षकहरुको रहेको पाइयो । विद्यालयको खेलमैदान सानो हुनु, भएका स्रोत साधनलाई उचित तरिकाले प्रयोगमा नल्याइनु, आर्थिक स्रोत कम भएका कारणले गर्दा पर्याप्त मात्रामा सामग्रीहरुको व्यवस्थापन गर्न नसक्नु, कार्यक्रममा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरुलाई समयमै पुरस्कार वा प्रमाणपत्र वितरण गर्न नसक्नु समस्याको रुपमा रहेको शिक्षकहरुको प्रतिक्रियाबाट पाइयो । विद्यार्थीले खुलेर प्र.अ., शिक्षकसंग आफ्नो समस्याहरु भन्न नसक्नु, शिक्षकहरुसंग डर र लाजले टाढा हुन खोज्ने समस्याले

छात्राहरुलाई बढि मात्रामा अतिरिक्त क्रियाकलापमा सहभागी गराउन नसकिएको शिक्षकहरुको गुनासो पाइयो । शिक्षकहरुले अतिरिक्त क्रियाकलाप सम्बन्धि छुट्टै तालिम नलिएकोले शारीरिक शिक्षाका खेलहरु जस्तै अन्य खेलहरु खेलाउनाले विद्यार्थीहरुलाई खेलप्रति रोचकता नआउन सक्छ ।

विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया अनुसार विद्यालयमा उपलब्ध खेल सामग्रीहरुको अभावका कारण विद्यार्थीहरुले आ-आफ्नो रुचि र आवश्यकतानुसार खेलकुदका कार्यक्रमहरु संञ्चालन हुन नसकेको पाइयो । धेरैजसो शिक्षकहरुले हाजिरीजवाफ प्रतियोगिता , चित्रकला प्रतियोगिता गराउने गरेको र खेलकुदका कार्यक्रमहरु पिङ, चिप्लेटी, भलिबल, क्यारिमबोर्ड, फुटबल, क्रिकेट खेलहरु खेलाउने नगरेको विद्यार्थीहरुको प्रतिक्रियाबाट पाइयो । खेल खेलाउने छुट्टै शिक्षक नभएर आफूलाई कक्षामा पढाउने शिक्षकले नै खेल खेलाउने गर्नु भएको पाइयो । अतिरिक्त क्रियाकलापमा सहभागी हुन मन लाग्छ तर शिक्षकहरुले उनीहरुलाई कार्यक्रमको अन्त्यमा पुरस्कार नदिदा अर्को पटक देखि भाग लिन नै मन लाग्दैन भन्ने प्रतिक्रिया पाइयो । तसर्थ विद्यार्थीहरुले आ-आफ्नो रुचि र आवश्यकता अनुसारका कार्यक्रमहरु संञ्चालन नभएमा सहभागिता नजनाइ विद्यालयबाट भाग्ने गरेको जनाए ।

समग्रमा कुनैपनि कार्यक्रमहरुलाई सुचारु रुपले संञ्चालन गरी व्यवस्थित, मर्यादित, प्रभावकारी र उद्देश्यमुलक बनाउनको लागि निश्चित नीति, नियम र पद्धति एक आपसमा सहयोग र दक्ष जनशक्तिको आवश्यकता पर्ने देखियो । अध्ययन क्षेत्रको नमूना छनोटमा परेका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संञ्चालनमा कमजोरी ल्याउने तत्वहरुमा खेलमैदान, आर्थिक अभाव र खेल सामग्रीहरुको अवस्थालाई प्रमुख समस्याको रुपमा लिएको पाइयो । विद्यार्थीहरुको न्यून सहभागिता, अतिरिक्त क्रियाकलाप सम्बन्धि चेतनाको अभाव, अनुशासनको अभाव, प्र.अ., शिक्षक र विद्यार्थीहरु बिच सहमति र सहयोगको अभाव तथा कार्यक्रमहरुको निरन्तर मूल्यांकन र अनुगमन नहुनु जस्ता पक्षहरु अतिरिक्त क्रियाकलाप संञ्चालनमा वाधा पुर्‍याउने तत्वका रुपमा रहेका पाइए ।

### ४.२ अतिरिक्त क्रियाकलाप सम्बन्धमा सरोकारवालाहरुको धारणा

भौतिक मापनमा जस्तो मनोवैज्ञानिक मापनमा व्यक्तिका व्यवहार तथा सामाजिक संघसंस्थाका व्यवहारहरु वा क्रियाकलापहरुलाई सजिलैसंग मापन गर्न सम्भव हुदैन र एकनाशको परिणाम पनि आउन सक्दैन ( पराजुली र साथीहरु,२०६६)। विद्यालयहरुमा हुने अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीहरुमा रहेको अर्न्तनिहित क्षमतालाई प्रस्फुटन गर्न सकिन्छ । सामान्य शिक्षाबाट लिएको ज्ञानलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुले सहयोग पुर्‍याएको देखिन्छ । अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाको त्यो पूरक पक्ष हो जसले पाठ्यक्रम भन्दा बाहिर रहेर पनि पाठ्यक्रम जत्तिकै महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले अतिरिक्त क्रियाकलाप संञ्चालन र कार्यान्वयनमा प्रधानाध्यनापक, शिक्षक, विद्यार्थी एवम् अभिभावकहरुको सक्रियता र सहभागिता हुन आवश्यक देखिन्छ ।

अध्ययन क्षेत्रको नमूना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरुले अतिरिक्त क्रियाकलाप सम्बन्धमा व्यक्त गरेका विचार एवम् धारणाहरुलाई उनीहरुले दिएको प्रतिक्रियाको आधारलाई प्राथमिकतामा राखी विश्लेषण र व्याख्या गरिएको छ ।

**४.२.१ प्रधानाध्यापकहरुको धारणा**

अतिरिक्त क्रियाकलाप भन्नाले विद्यार्थीहरुको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासका लागि संञ्चालन गरिने क्रियाकलापलाई जनाइन्छ भन्ने कुरा प्रधानाध्यापकहरुले जवाफ दिएको पाइयो । विद्यार्थीको कला, सौन्र्दय र सिर्जनात्मक क्षमता उजागर गर्ने क्रियाकलाप हो भनी श्री सरस्वती उच्च मा.वि.भक्तिपुरका प्र.अ.ले बताउनुभयो । कक्षा शिक्षणलाई सहयोग पुग्ने गरी विद्यालयमा गराइने क्रियाकलापलाई अतिरिक्त क्रियाकलाप भन्न सकिन्छ भनी श्री नि.मा.वि.शंकरगन्जका प्रधानाध्यापकले आफ्नो धारणा व्यक्त गरेका थिए । विद्यार्थीहरुको शारीरिक विकासका लागि विभिन्न किसिमका खेलहरु भकुन्डो, कबर्डी, रुमाल लुकाइ, स्वतन्त्र लहर, दौड, स्किपिङ यस्तै अन्य खेलहरु जसले विद्यार्थीहरुको शारीरिक विकासमा जोड दिओस् । यस्ता खेलहरुले विद्यार्थीहरुलाई मनोरञ्जन प्रदान गर्नुका साथै उनीहरुको शारीरिक विकासमा समेत टेवा पुग्ने देखिन्छ भन्ने धारणा प्र.अ.ले व्यक्त गरेको पाइयो । श्री नि.मा.वि. हरिनगरका प्र.अ.ले शारिरी विकासका क्रियाकलापहरु गराउनु पर्दछ तर विद्यार्थीहरुलाई खेल खेलाउदा चोटपटक लाग्छ, त्यसका लागि प्राथमिक उपचारका लगि आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था गर्नुपर्ने हुन्छ । हाम्रो विद्यालयमा प्राथमिक उपचारका सामग्रीहरुको व्यवस्था गरिएको छैन भन्ने प्रतिक्रिया दिनुभयो ।

विद्यार्थीहरुको मानसिक तथा वौद्धिक विकासका लागि कक्षा क्रियाकलाप बाहेक अन्य क्रियाकलापहरु हाजिरीजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, चित्रकला, हस्तकला प्रतियोगिता आदि क्रियाकलापहरु विद्यार्थीहरुलाई विद्यालयमा गराउने गरेको तीनवटै विद्यालयका प्र.अ.हरुको भनाइ थियो । बालबालिकाहरुको वौद्धिक विकासले उनीहरुमा सोच्न सक्ने क्षमताको विकास हुने, अभिनय गर्ने सीपको विकास तथा रचनात्मक सोचको विकास हुने कुरा श्री नि.मा.वि.शंकरगंन्जका प्र.अ.ले बताउनुभयो । यसैगरी श्री नि.मा.वि. हरिनगर राइटरखोरका प्र.अ.ले विद्यार्थीहरुको वौद्धिक विकास बढ्ने र आफ्ना क्रियाकलापहरुमा सक्रिय रहन सक्ने हुन्छन भन्ने कुरा बताउनुभयो ।

विद्यार्थीहरुको सामाजिक विकासका लागि कक्षा क्रियाकलापमा मात्र विद्यार्थीहरुलाई सहभागी गराएर सामाजिक विकासमा सहयोग पुग्दैन । तसर्थ सामाजिक विकासका लागि विद्यार्थीहरुलाई सामूहिक कार्य गर्न लगाउने, समूह-समूहमा विभाजन गरी सामूहिक खेलहरु संञ्चालन गरी खेल्न लगाउनु पर्दछ भन्ने धारणा श्री सरस्वती उच्च मा.वि. को प्र.अ.को थियो । सामाजिक विकासमा सहयोग पुग्ने खेलहरु भकुन्डो, लुडो, रुमाल लुकाइ, क्यारिमबोर्ड, आँखाछोपी, साथी रोज्ने खेल, दौड, अन्ताक्षरी, डण्डीबियो, छोइडुम, राम र रावण अन्य यस्तै खेलहरु पर्दछन र यस्ता खेलहरु विद्यालयमा खेलाउने गरेको श्री नि.मा.वि.शंकरगंन्जका प्र.अ.को प्रतिक्रियाबाट प्राप्त भयो । सामाजिक विकासले विद्यालयमा मात्र होइन विद्यार्थीहरुको घर परिवारको वातावरणमा सजिलैसंग घुलमिल हुन सक्ने कुरा श्री सरस्वती उच्च मा.वि.भक्तिपुरका प्र.अ.ले दिनुभयो । श्री नि.मा.वि.हरिनगर

राइटरखोरका प्र.अ.ले समाजमा भएका क्रियाकलापमा आफ्नो सहभागिता जनाउन सक्छन भन्नुभयो । यस्तैगरी आफूलाई मात्र नहेरी अरुसंग, आफ्ना साथीसंग र घरपरिवारसंग सजिलै घुलमिल हुन सक्छन भन्ने धारणा श्री नि.मा.वि.शंकरगंन्जका प्र.अ.ले व्यक्त गर्नुभयो ।

विद्यार्थीहरुको संवेगात्मक विकासका लागि पनि अतिरिक्त क्रियाकलाप संञ्चालन गर्नु पर्दछ । तसर्थ बालबालिकाहरुको डर, चिन्ता, रिस आदिलाई नियन्त्रण गर्न सक्ने खालको व्यवहार देखाउनु, उसले कस्तो वातावरण चाहेको हो त्यो बुझी कथा, कविता, खेल आदिको माध्यमबाट साथी समूहमा घुलमिल गराउन सकिन्छ भनी श्री सरस्वती उच्च मा.वि.भक्तिपुरका प्र.अ.ले आफ्नो प्रतिक्रिया व्यक्त गर्नुभयो । श्री नि.मा.वि.शंकरगंन्जका प्र.अ.ले सबै क्रियाकलाप गराउने गरेको र संवेगात्मक विकासका छुट्टै क्रियाकलाप नगराउने गरेको प्रतिक्रिया व्यक्त गर्नुभयो । त्यस्तैगरी । श्री नि.मा.वि.हरिनगरका प्र.अ.ले संवेगात्मक विकासलाई ध्यान दिने नगरेको व्यक्त गर्नुभयो ।

अध्ययन गरिएका विद्यालयहरुमा संञ्चालन गरिएका अतिरिक्त क्रियाकलापहरुमा शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका पक्षहरुलाई समेटी विभिन्न माथि उल्लेखित क्रियाकलापहरु संञ्चालन गर्ने गरिएता पनि पाठ्यक्रमले तोकेका सम्पूर्ण क्रियाकलापहरुलाई योजनाबद्ध रुपमा संञ्चालन नगरिएको पाइयो । अध्ययन गरिएका सबै विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा स्थानीय खेलहरुलाई बढि जोड दिएको पाइयो ।

समग्रमा माथिको धारणाहरुलाई मनन गर्दा अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका साथसाथै बालबालिकाहरुको भाषिक क्षमता, संञ्चार क्षमता, सामाजिक सम्बन्ध, सिक्ने क्षमताको विकास, विद्यार्थीहरुमा असल संस्कार, असल विचार, असल व्यक्तित्व निर्माण गर्न सहयोग पुग्ने देखिन्छ ।

### ४.२.२ शिक्षकहरुको धारणा

शिक्षकहरुबाट प्राप्त प्रतिक्रिया अनुसार अतिरिक्त क्रियाकलाप भन्नाले विद्यार्थीहरुको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासका साथसाथै कला, सौन्दर्य र सिर्जनात्मक क्षमता उजागर गर्ने कार्यक्रमको रुपमा लिएको पाइयो । श्री सरस्वती उच्च मा.वि.भक्तिपुरका शिक्षकले विद्यार्थीहरुको चौतर्फी विकासका लागि विद्यालयमा संञ्चालन हुने कार्यक्रमलाई अतिरिक्त कार्यक्रमको रुपमा लिन सकिने कुरा व्यक्त गर्नुभयो । श्री नि.मा.वि.हरिनगर राइटरखोरका शिक्षकले शुक्रबारका दिन कक्षा शिक्षण पूरा गरिसकेपछि विद्यार्थीहरुलाई मनोरञ्जनात्मक वातावरण सिर्जना गरी संञ्चालन गरिने कार्यक्रमको रुपमा लिएको पाइयो । यसैगरी अर्को विद्यालय श्री नि.मा.वि.शंकरगंन्जका शिक्षकले विद्यार्थीहरुको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासका साथसाथै उनीहरुको भविष्य उज्जवल हुने कुरा बताउनुभयो ।

विद्यार्थीहरुको शारीरिक विकासका लागि विभिन्न किसिमका खेलहरु डन्डिबियो, स्किपिङ, कपर्दी, दौड, ,भकुण्डो, पि.टी., डोरी नाघि, कपर्दी, दौड, भकुण्डो, पि.टी.,रुमाल लुकाई, काठमाण्डौ शहर खाली, छोइडुम, नृत्य, भलिबल, स्वतन्त्र लहर, छोइडुम, लुकामारी, पिङ्ग, रुखमा लोखर्के, साथी रोज्ने तीनवटै विद्यालयमा खेलाइने गरेको शिक्षकहरुले व्यक्त गर्नुभयो । शारीरिक शिक्षा विषयका खेलहरु बढि मात्राामा खेलाइने गरेको र स्थानीय

खेलहरुलाई नै जोड दिने गरेको श्री सरस्वती उच्च माध्यमिक विद्यालय भक्तिपुरका शिक्षकले पहिलो र दोस्रो पटकको अर्न्तवार्तामा एउटै प्रतिक्रिया दिनुभयो । शिक्षकले आफूले शारीरिक शिक्षा विषयसंग सम्बन्धित तालिम लिएको र अतिरिक्त क्रियाकलाप सम्बन्धि तालिम नलिएको बताउनु भयो । त्यस्तैगरी अरु दुईवटा विद्यालय श्री नि.मा.वि.शंकरगंन्ज र श्री नि.मा.वि. हरिनगर राइटरखोरका शिक्षकले पनि अतिरिक्त क्रियाकलाप सम्बन्धि तालिम लिएको छैन र शारीरिक शिक्षा विषय सम्बन्धि तालिम प्राप्त रहेको जनाउनुभयो । स्वभावैले नै बालबालिकाहरु खेल्न खुबै मन पराउछन । खेल्दा खेल्दै उनीहरुले आफ्ना अंगहरुको परिचालन गरी आफ्नो दैनिक जीवनमा परिआउने समस्याहरु समाधान गर्न आवश्यक सीपहरुको पनि विकास गर्छन । त्यसैले उनीहरुलाई खेलाइने खेलहरु उनीहरुको क्षमता र इच्छा अनुसार हुनु आवश्यक हुन्छ साथै उनीहरुले शारिरीक तन्दुरुस्ती प्राप्त गर्न सक्ने कुरा श्री नि.मा.वि.शंकरगंन्जका शिक्षकको पहिलो र दोस्रो दुवै अर्न्तवार्ताबाट प्राप्त भयो । श्री नि.मा.वि.हरिनगर राइटरखोरका शिक्षकले शारीरिक क्रियाकलापहरु गराउदा विद्यार्थीहरु खेल खेल्नप्रति उत्सुक भइ पढाइप्रति ध्यान दिन सक्ने कुरा बताउनुभयो । तर सबै विद्यार्थीहरुको इच्छा, चाहना अनुसारका खेलहरु खेलाउन सम्भव नहुने र विद्यालयको खेलमैदान, खेल खेलाउने सामग्रीहरु पनि सबै विद्यार्थीलाई पुग्ने गरी नभएको कारणले गर्दा शारीरीक क्रियाकलापका खेलहरु खेलाउन अप्ठयारो भएको धारणा व्यक्त गर्नुभयो ।

विद्यार्थीहरुको मानसिक विकासका लागि हाजिरीजवाफ प्रतियोगिता, कथा, कविता प्रतियोगिता, चित्रकला, हस्तकला, हिज्जे प्रतियोगिता, हिसाब दौड प्रतियोगिता, गित गाउन लगाउने, चुटकिला भन्न लगाउने यस्ता क्रियाकलापहरु विद्यार्थीहरुलाई विद्यालयमा गराउने गरेको शिक्षकहरुको धारणा थियो । बालबालिकाहरुको वौद्धिक विकासले उनीहरुमा सोच्न सक्ने क्षमताको विकास गर्ने र पढाइप्रति लगनशील हुने बानीको विकास गराउनमा सहयोग पुग्ने कुरा श्री सरस्वती उच्च मा.वि.भक्तिपुरका शिक्षकले व्यक्त गर्नुभयो । मानसिक विकासमा जोड दिने क्रियाकलापले विद्यार्थीहरुको सीप विकासमा सहयोग पुग्ने कुरा श्री नि.मा.वि.शंकरगंन्जका शिक्षकले बताउनुभयो । यसैगरी अर्को विद्यालय श्री नि.मा.वि.हरिनगर राइटरखोरका शिक्षकका अनुसार भविष्यको शिक्षाको लागि आधार प्रदान गर्ने र फुर्सदको समयको सदुपयोग गर्न सक्ने विद्यार्थीहरु बन्नेछन भन्ने धारणा व्यक्त गर्नुभयो ।

विद्यार्थीहरुको सामाजिक विकासका लागि सामूहिक क्रियाकलापमा जोड दिने गरेको तीनवटै विद्यालयका शिक्षकहरुको धारणा थियो । विद्यालय भित्र कक्षाकोठामा मात्र सीमित गरिएको क्रियाकलापले विद्यार्थीहरुको सामाजिक विकासमा जोड नदिइ उनीहरुलाई कक्षा क्रियाकलाप बाहेक विभिन्न खेलहरुको माध्यमबाट बालमैत्री वातावरणमा मनोरञ्जनात्मक तरिकाबाट विद्यार्थीहरु कसरी सिकाइप्रति उत्प्रेरित हुन्छन त्यसरी नै सिकाउने गरेको श्री उच्च मा.वि.भक्तिपुरका शिक्षकले आफ्नो धारणा दिनुभयो । सामाजिक विकासमा टेवा पुग्ने खालका क्रियाकलापहरु विद्यार्थीहरुलाई गर्न लगाउने गरेको, विद्यार्थीहरुलाई समूह-समूहमा विभाजन गरी सामूहिक खेलहरु (जस्तैः सरसफाई, साथी रोज्ने खेल, रुमाल चोर, लुँडो, कुर्सी खेल, राम रावण, आँखाछोपी, माफिदाई, सांस्कृतिक कार्यक्रम, नेता रोज्ने खेल, आउ खेल, नाटक, बनमा मान्छे, अन्ताक्षरी, सामूहिक गायन प्रतियोगिता ) संञ्चालन गर्ने गरेको श्री नि.मा.वि.शंकरगंन्जका शिक्षकको प्रतिक्रियाबाट प्राप्त भयो । उहाँले विद्यार्थीहरु विद्यालयमा साथी-साथीसंग मिलेर बस्न सक्ने, आफ्ना आमाबुवा वा घरपरिवारसंग मिल्न सक्ने र छरछिमेक, समाजमा घुलमिल रहन सक्ने कुरा बताउनुभयो । विद्यालयमा सिकेका सिकाइले विद्यार्थीहरुको सामाजिक विकासमा समेत सहयोग

पुर्‍याउछ । यस्ता विभिन्न क्रियाकलापहरुको माध्यमबाट विद्यार्थीहरुले आफू साथीहरुसंग घुलमिल रहन सक्ने, साथी समूहमा कार्य गर्न सक्ने, घरपरिवार र समाजमा सबैसंग नजिक रहन सक्ने हुन्छन भन्ने धारणा श्री नि.मा.वि.हरिनगर राइटरखोरका शिक्षकको रहेको थियो ।

विद्यार्थीहरुको संवेगात्मक विकासका लागि उनीहरुको मनोविज्ञान बुझ्रेर क्रियाकलापहरु संञ्चालन गर्नुपर्ने हुन्छ । श्री नि.मा.वि.शंकरगंन्जका शिक्षकले विद्यार्थीहरुको रिस, आवेग, संवेगलाई नियन्त्रण गर्न सक्ने किसिमका खेलकुदहरु संञ्चालन गरेर, उनीहरुलाई कुनैपनि जनावरहरुको अभिनय गर्न लगाएर संवेग नियन्त्रण गरी सामूहिक रुपमा क्रियाकलाप समावेश गर्ने गरेको कुरा बताउनुभयो । श्री सरस्वती उच्च मा.वि.भक्तिपुरका शिक्षकले पहिलो पटकको अर्न्तवार्तामा संवेगात्मक क्रियाकलापप्रति कुनै पनि धारणा व्यक्त गर्नु भएको थिएन तर दोस्रो पटकको अर्न्तवार्तामा विद्यार्थीहरुलाइ कुनै पनि जनावरहरुको अभिनय गर्न लगाउने खालका क्रियाकलाप संञ्चालन गरेर उनीहरुको संवेगात्मक विकास गर्न सकिन्छ भन्ने प्रतिक्रिया व्यक्त गर्नुभएको थियो । त्यस्तैगरी श्री नि.मा.वि.हरिनगर राइटरखोरका शिक्षकले विद्यार्थीहरुको संवेगात्मक विकासका लागि उनीहरु कै साथीको नक्कल गर्न लगाउने, अन्य मानिसहरुको हिडाइको नक्कल गर्न लगाउने जस्ता क्रियाकलापहरुमा विद्यार्थी-विद्यार्थी बिच प्रतिस्पर्धा गर्न लगाउने गरेको प्रतिक्रिया दिनुभयो । बालबालिकाहरुको संवेगात्मक विकासका लागि अरु क्रियाकलाप भन्दा न्युन मात्रामा संञ्चालन गर्ने गरेको पाइयो ।

अध्ययन गरिएका विद्यालयका शिक्षकहरुको विभिन्न क्रियाकलापप्रति व्यक्त गरेका धारणा सकारात्मक भए पनि मिश्रित खालको पाइयो । विद्यार्थीहरुलाई खेलाइने खेलहरु उनीहरुको इच्छा र क्षमता अनुसार हुनु आवश्यक भए पनि विद्यालयमा विभिन्न उमेर समूहका विद्यार्थीहरु भएका कारण साथै उनीहरुका इच्छा र चाहना पनि फरक-फरक हुने भएकाले प्रत्येकलाई प्रत्येक क्रियाकलापमा छुट्टा-छुट्टै तरिकाले प्रस्तुत गर्न सकिदैन । तसर्थ बालबालिकाहरुलाई बालमैत्री वातावरणको सिर्जना गरी ,शिक्षकहरुले उनीहरुको इच्छा अनुसारको क्रियाकलाप संञ्चालन गरी विद्यार्थी सहभागितामा वृद्धि गर्न सकिन्छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ले विद्यार्थीहरुको शारिरीक विकास, रचनात्मक विकास, मानसिक तथा वौद्धिक विकास, सीप विकास, सामाजिक विकास र उनीहरुको चौतर्फी विकासमा जोड दिने खालका क्रियाकलापहरु संञ्चालन गरिनुपर्ने कुरा उल्लेख गरेको छ । तसर्थ अध्ययन गरिएका विद्यालयहरुले पनि विद्यार्थीहरुको चौतर्फी विकासमा सहयोग हुने खालका क्रियाकलाप विद्यार्थीहरु समक्ष संञ्चालन गरी उनीहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासमा ध्यान दिने गरेको पाइन्छ । त्यसैले यी अध्ययनहरुलाई एक-अर्कामा सम्बन्धित गराउन सकिन्छ ।

समग्रमा विद्यार्थीहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि अतिरिक्त क्रियाकलापहरु गराइने गरेको पाइयो । तसर्थ विद्यार्थीहरुलाई कुनैपनि कार्यक्रममा सहभागी हुन, कुनै कार्यमा प्रोत्साहन गर्न, शिक्षक र विद्यार्थीहरुको सम्बन्ध सुदृढ बनाउन, असल व्यक्तित्वको निर्माण गर्न र असल व्यवहार निर्माण गर्न सहयोग पुग्ने भएकाले अतिरिक्त क्रियाकलाप संञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ४.२.३ विद्यार्थीहरुको धारणा

यस अध्ययनको प्राप्त जानकारी अनुसार श्री सरस्वती उच्च मा.वि.भक्तिपुरले महिनाको दुईपटक अतिरिक्त क्रियाकलाप गराउने गरेको विद्यार्थीहरुको प्रतिक्रियाबाट प्राप्त भयो । विद्यालय भित्र कक्षाकोठा क्रियाकलाप भन्दा बाहिर संञ्चालन हुने कार्यक्रमहरु हाजिरीजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, नाटक, कथा, कविता प्रतियोगिता, चित्रकला, हस्तकला प्रतियोगिता पाइए भने खेलकुदका कार्यक्रमहरु अर्न्तगत कुर्सी खेल, साथी रोज्ने खेल, रुमाल चोर, कबर्डी, आँखाछापी, डण्डीबियो, दौड, पि.टी., भकुन्डो, लुडो, क्यारिमबोर्ड, स्किपिङ खेल्ने गरेको पाइयो । महिनाको दुइपटक शुक्रबारका दिन शिक्षकले कार्यक्रम संञ्चालन गर्दा रमाइलो हुन्छ तर कुनै महिनाको शुक्रबारका दिन विद्यालयको चौर, कक्षाकोठा सरसफाइ गर्न शिक्षकहरुले लगाउदा विद्यालय आउन मन नलाग्ने विद्यार्थीहरुको प्रतिक्रियाबाट प्राप्त भयो । विद्यार्थीहरुलाई भकुन्डो, क्यारिमबोर्ड खेल्न मन लाग्छ तर विद्यालयमा सबै सामग्रीहरु प्राय एउटा मात्रै भएको कारण सबै साथीहरुलाई पुग्देन र साथी-साथी बिच झगडा पर्छ भन्ने कुरा व्यक्त गरे । विद्यार्थीहरुको प्रतिक्रिया अनुसार उनीहरुलाई समय-समयमा सदन वा समूहमा गठन गरी समूह-समूहमा विभाजन गरेर विद्यालयमा नै हाजिरीजवाफ प्रतियोगिता, क्यारिमबोर्ड प्रतियोगिता, लुडो प्रतियोगिता गराउने गरेको पाइयो । बालबालिकाहरुलाई फुर्सदको समयमा पढनको लागि विद्यालयमा नै पुस्तकालयको व्यवस्था गरेको पाइयो । अतिरिक्त क्रियाकलाप संञ्चालन गर्दा रमाइलो हुने, पढन मन लाग्ने, साथीहरुसंग मिल्न सकिने कुरा विद्यार्थीहरुले बताए । विद्यालयले आयोजना गरेको कार्यक्रममा छिमेकी विद्यालयहरुलाई आमन्त्रण गरी अन्तर विद्यालय प्रतियोगिताहरु संञ्चालन गर्ने गरेको विद्यार्थीहरुको प्रतिक्रियाबाट प्राप्त भयो । अन्तर सदन र विद्यालयमा गरिने अतिरिक्त क्रियाकलाप संञ्चालन पश्चात् विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था नभएको र पुरस्कार विद्यालयको वार्षिकोत्सवमा वितरण गर्ने गरेको प्रतिक्रिया पाइयो ।

श्री नि.मा.वि.शंकरगंन्जले प्रत्येक शुक्रबार अतिरिक्त कार्यक्रमहरु गर्ने गरेको विद्यार्थीहरुको धारणाबाट प्राप्त भयो । विद्यालयमा संञ्चालन हुने कार्यक्रमहरुमा सांस्कृतिक कार्यक्रम, हाजिरीजवाफ प्रतियोगिता, हस्तलेखन, चित्रकला, नाटक, कथा प्रतियोगिता, दौड प्रतियोगिता, रुमाल चोर, कबर्डी, डोरी, भकुन्डो, लुडो, डण्डीबियो, छोइडुम, आँखाछोपी संञ्चालन शिक्षकहरुले गर्ने गरेको प्राप्त भयो । यस्ता खेलहरु मध्ये टिफिनको समयमा साथी-साथी मिलेर विद्यार्थीहरु आफै खेल्ने गरेको बताए । विद्यार्थीहरुले लुडो, भकुन्डो, दौड, कबर्डी, रुमाल लुकाइ, चित्रकला, हस्तकला क्रियाकलापहरु संञ्चालन गर्दा रमाइलो हुने गरेको बताए । विद्यालयमा खेल खेल्ने ठाउँ सानो भएको कुरा विद्यार्थीहरुले बताए । विद्यालयमा भकुन्डो धेरै खेलिन्छ, आफै-आफै पनि खेल्ने गरेका छौ । डोरी नाँघी खेल पनि साथी-साथी मिलेर खेल्ने गरेको प्रतिक्रिया पाइयो । सांस्कृतिक कार्यक्रम विद्यालयमा गराइने गरेको बताए र आफूहरु पनि सहभागी भएको कुरा जनाए । आफ्नो विद्यालय भन्दा बाहिरको क्रियाकलापमा सहभागी भएका छौ कि छैनौ? भनेर प्रश्न गर्दा उनीहरुले श्री सरस्वती उच्च मा.वि.भक्तिपुरमा संञ्चालन भएको हाजिरीजवाफ प्रतियोगितामा सहभागिता जनाएको कुरा बताए । आफ्नो विद्यालयमा यस्तो ठूलो कार्यक्रम संञ्चालन गरी अरु विद्यालयहरुलाई आमन्त्रण गरी अन्तर विद्यालय प्रतियोगिताहरु संञ्चालन नगरेको

कुरा विद्यार्थीहरुको धारणाबाट प्राप्त भयो । अतिरिक्त क्रियाकलाप संञ्चालन पश्चात विद्यार्थीहरुलाई पुरस्कार वितरण गर्ने गरेको विद्यार्थी प्रतिक्रियाबाट पाइयो ।

श्री नि.मा.वि.हरिनगर राइटरखोरले पनि महिनामा दुईचोटी अतिरिक्त क्रियाकलाप संञ्चालन गरेको विद्यार्थीहरुको धारणाबाट पाइयो । विद्यालयमा संञ्चालन हुने कार्यक्रमहरुमा सरसफाइ कार्यक्रम, हाजिरीजवाफ, चित्रकला प्रतियोगिता, लुडो, कबर्डी, रुमाल चोर, कुर्सी खेल, दौड, डण्डीबियो, छोइडुम, राम र रावण, वनमा मान्छे, माझी दाइ, स्वतन्त्र लहर संञ्चालन गर्ने गरेको पाइयो । विद्यार्थीहरुले पिङ, चिप्लेटी, भलिबल, क्यारिमबार्ड, क्रिकेट, फुटबल कहिल्यै पनि संञ्चालन गरी शिक्षकहरुले खेलाउने नगरेको व्यक्त गरे । नृत्य, गायन प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता र चित्रकला प्रतियोगितामा अरु विद्यालयमा भाग लिएको कुरा बताएका थिए । शिक्षकले विद्यालयमा गराउने क्रियाकलापहरुमा सबै विद्यार्थीहरु सहभागी हुन नपाएको बताए । सामग्रीहरु कम भएकाले आफू र सबै साथीहरुलाई खेल खेल्न पालैपालो गरी खेल्दा समय नपुग्ने बताए । विद्यालय भन्दा बाहिर अन्य ठाँउमा शैक्षिक भ्रमण पिकनिक विद्यालयका शिक्षकहरुले नलगेको गुनसो यस विद्यालयका विद्यार्थीहरुको रहेको थियो । यस विद्यालयमा पुस्तकालय नरहेको प्रतिक्रिया विद्यार्थीहरुबाट प्राप्त भयो । अतिरिक्त कार्यक्रमहरु गराउदा आफ्नै शिक्षक र प्र.अ.ले मिलेर संञ्चालन गर्ने गरेको पाइयो । अतिरिक्त कार्यक्रमहरु संञ्चालन पश्चात् विद्यार्थीहरुलाई पुरस्कार वितरण नगरी पुरस्कार विद्यालयको वार्षिकोत्सवमा, सरस्वती पूजाको अवसरमा वितरण प्र.अ.र शिक्षकहरुले गर्ने गरेको धारणा स्पष्ट पाइयो ।

रुसोको विचार जस्तै बालकलाई कुनै डर र त्रासको वातावरण नदिइ उनीहरुलाई बालमैत्री वातावरणको सिर्जना गरी शारीरिक शिक्षाका खेलहरुद्धारा नै आफै गरेर सिक्ने, खेलको माध्यमबाट सिकाइ ग्रहण गर्ने क्रियाकलाप संञ्चालन गर्नु पर्दछ र विद्यालयमा पनि बालकको रुचि, चाहना अनुसारको वातावरण सिर्जना गरी सिकाइ बालकलाई दिनु पर्दछ भन्ने धारणा राखेको पाइन्छ । तसर्थ शिक्षकहरुले बालकलाई बालमैत्री वातावरणमा सिकाइ सिक्न दिनुपर्ने देखिन्छ ।

विद्यार्थीहरुको चौतर्फी विकासमा सहयोग गर्नको लागि बालबालिकाहरुलाई बाल पुस्तकहरुको व्यवस्था, विद्यालयमा पुस्तकालयको व्यवस्था वा अन्य मनोरञ्जनात्मक सामग्रीहरुको व्यवस्था विद्यालयले गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरुको रुचि, चाहना र आवश्यकतानुसारको खेल र खेल सामग्रीहरुको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

### ४.२.४ अभिभावकहरुको धारणा

यस अध्ययनको प्राप्त जानकारी अनुसार तीनवटै विद्यालयका अभिभावकहरुको धारणा फरक-फरक रहेको पाइयो । कतिपय विद्यार्थीहरुका अभिभावकलाई अतिरिक्त क्रियाकलापको बारेमा थाहा नभएको पाइयो । यस प्रति उनीहरु अनविज्ञ रहेका छन । चारजना अभिभावकले आफ्नो छोराछोरीले विद्यालयबाट पुरस्कार लिएर आउदा खुशी लाग्छ भन्ने धारणा व्यक्त गरेका थिए । अरु दुईजनाले विद्यालयका शिक्षकहरुले बालकबालिकाहरुको राम्रो हेरविचार नगरेको र चोटपटक लागेर बच्चा घर आएको बताए । त्यस्तैगरी तीनजनाले विद्यालयमा शिक्षकहरुले खेल खेलाउनु पर्छ, हाजिरीजवाफ गराउनु पर्छ तबमात्र बालबालिकाहरुको पढाइतिर ध्यान जान्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । छ जना विद्यार्थीहरुका आमाबुबाहरुको अतिरिक्त क्रियाकलापमा सहभागी हुन दिनु हुदैन ।

उनीहरुको पढाइ बिग्रन्छ, भोली पढन मन गर्दैनन, खेल खेल्न मात्र अगाडी बढ्छन र चोटपटक लागि बिरामी हुन्छन भन्ने प्रतिक्रिया रहेको पाइयो ।

तसर्थ यी तीनवटै विद्यालयका अभिभावकहरुमा जनचेतनाको कमी रहेको पाइयो । थोरै मात्र अभिभावकहरुले अतिरिक्त क्रियाकलाप प्रति सकारात्मक धारणा दिएको पाइयो । धेरै बालबालिकाहरुको अभिभावक अतिरिक्त क्रियाकलापप्रति अनविज्ञ छन । तसर्थ समय-समयमा विद्यालयले संञ्चालन गरेको कार्यक्रममा अभिभावकहरुलाई पनि समावेश गराएर उनीहरुलाई त्यस बारेमा चेतना जगाएर विद्यार्थी सहभागिता बढाउनु पर्ने देखिन्छ ।

यस अध्ययनमा छनौटमा परेका विद्यालयहरुमा अतिरक्ति क्रियाकलापका सम्बन्धमा कार्यान्वयनको अवस्था, क्रियाकलाप प्रतिको धारणा, संचालनमा देखिएका कमजोरीहरुको जानकारी प्राप्त गर्न प्र.अ., शिक्षक र अभिभावकहरुलाई अर्न्तवार्ता र विद्यार्थीहरुलाई लक्षित समूह छलफल गरी केहि सकारात्मक र केहि नकारात्मक धारणाहरु प्राप्त भएको थियो । अतिरक्ति क्रियाकलापका सम्बन्धमा तीनवटै विद्यालयका प्र.अ. हरुको सकारात्मक धारणा रहेको पाईयो । अतिरक्ति क्रियाकलाप गराउँदा विद्यार्थीहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको विकासमा सहयोग पुऱ्याउने गरेको पाईयो ।

> "अतिरिक्त क्रियाकलाप संञ्चालन पश्चात् पुरस्कार वितरण गर्नुपर्ने हो नि के गर्नु विद्यालयको आर्थिक स्रोत कमजोर भएको कारणले गर्दा पुरस्कार विद्यालयको वार्षिकोत्सवमा विद्यार्थीहरुलाई दिने गरेको छ ।" - प्र.अ.(श्री सरस्वती उ. मा. वि. भक्तिपुर)

अतिरीक्त क्रियाकलाप संचालनमा आर्थिक अभावकै कारणहरुले गर्दा, खेल सामाग्रीहरुको अभावका कारणले गर्दा कतिपय खेल सामाग्रीहरु पर्याप्त मात्रामा छैन ।

> "अतिरिक्त क्रियाकलाप संञ्चालन पश्चात् विद्यार्थीहरुलाई पुरस्कारको वितरण गरिनु पर्ने हो नि यो स्कूलका हेडमास्टरहरुले आर्थिक अभावका कारणहरु देखाइ विद्यालयको भवन निर्माण गर्न पैसा छैन भनी पुरस्कार पछि दिदा पनि हुन्छ भनी विद्यालयको वार्षिकोत्सवमा वा सरस्वती पूजाको अवसर पारेर दिने गरेको छ ।" - शिक्षक (श्री नि. मा. वि. हरिनगर राइटरखोर)

शिक्षकहरुले विद्यालय प्रशासनले आफ्नो दायित्व पूरा नगरेको र आर्थिक पक्षमा हेलचेक्राइ गरेको भन्दै अतिरिक्त क्रियाकलाप प्रति धेरै चासो नदेखाइएको पाइयो । विद्यालयका प्र.अ.र शिक्षकले बालबालिकाहरुलाई बालमैत्री वातावरण सिर्जना गरी, उनीहरुको रुचि र आवश्यकताका खेलहरु खेलाइ वा विभिन्न क्रियाकलाप गराइ विद्यार्थी सक्रियता र सहभागिता बढाउने गरेको धारणा पाइयो भने विद्यार्थीहरुले आफूलाई मनपर्ने क्रियाकलापहरुमा शिक्षकहरुले ध्यान दिने नगरेको र विद्यार्थीहरुका रुचि र आवश्यकताका खेलहरु खेलाउने नगरेको प्रतिक्रिया दिए ।

> "विद्यार्थीहरुले हामीलाई मनपर्ने क्रियाकलाप र खेलहरु सरहरुले खेलाउनु हुन्न। त्यसैले अरु खेलहरु खेलाउदा हामीलाई खेल्न मन लाग्दैन र रीस उठछ । हामीलाई मन नपर्ने क्रियाकलाप संञ्चालन सरहरुले गर्दा र पुरस्कार त्यतिबेला नै नदिदा अरु-अरु कार्यक्रममा भाग लिन र स्कूल आउन नै मन लाग्दैन ।" - विद्यार्थी (श्री नि. मा. वि. शंकरगंन्ज)

“स्कूल पठाउन मन नलागी नलागी पठायो के गर्नु स्कुलका सरहरुले राम्रो हेरविचार नगरेर त होला नि बालबच्चा घर फर्किएर आएका त्यसैले स्कूल पठाउन मन लाग्दैन ।” - अभिभावक (श्री नि. मा. वि. शंकरगंन्ज)

समग्रमा भन्नुपर्दा प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकहरु बिच समन्वय हुन आवश्यक छ । प्र.अ.र शिक्षक विच पनि सम्बन्ध गाढा बनाउन सक्यो त्यति नै विद्यालयको व्यवस्थापनलाई सुदृढ बनाउन सकिन्छ । प्र.अ.र शिक्षकको सम्बन्ध सुमधुर हुनु भनेको नै अभिभावक, विद्यार्थीलाई उत्प्रेरित गर्न सक्ने भावना जागृत हुनु हो । तसर्थ शिक्षकले विद्यार्थीहरुलाई बालमैत्री वातावरण सिर्जना गरी सिकाइ प्रदान गर्नुपर्दछ । अनिमात्र अभिभावकहरुले बालबालिकाहरुलाई विद्यालयमा उपस्थित गराउन प्रति हौसला बढन जाने देखिन्छ ।

### ४.२.५ अतिरिक्त क्रियाकलापका लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरु

अतिरिक्त कार्यक्रमहरुलाई सुचारु रुपले संञ्चालन र व्यवस्थापन गर्नका लागि कार्यक्रमसंग सम्बन्धित विभिन्न पक्षहरुको अन्तरक्रियात्मक सम्बन्धले महत्वपूर्ण भूमिका खेल्दछ । कार्यक्रमका लागि आवश्यका पर्ने पक्षहरुमा स्रोत र सामग्रीहरु प्रमुख रुपमा आउछन । अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुका लागि आवश्यक पर्ने तथा विद्यालयमा उपलब्ध स्रोत र सामग्रीहरु बारे प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुबाट प्राप्त भएका सूचना एवम् धारणाहरुलाई तालिका बनाइ विश्लेषण र व्याख्या गरिएको छ । तालिकाले अतिरिक्त क्रियाकलापमा संलग्न हुने स्रोत र सामग्रीलाई देखाउछ । यी प्रतिक्रियाहरुलाई प्राथमिकताको सूचीमा राखी तल प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.२

अतिरिक्त क्रियाकलापमा आवश्यक पर्ने स्रोत र सामग्रीहरु

| विद्यालयको नाम | प्रधानाध्यापकहरुबाट प्राप्त प्रतिक्रिया | शिक्षकहरुबाट प्राप्त प्रतिक्रिया | विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया |
|---|---|---|---|
| श्री सरस्वती उच्च मा.वि. भक्तिपुर | भौतिक सामाग्री, स्थानिय सामाग्रीहरु, आर्थिक स्रोतको अभाव | आर्थिक स्रोत, खेल मैदान र खेल सामग्री | खेलमैदान |
| श्री नि.मा.वि. शंकरगंन्ज | खेलमैदान र खेल खेल्नका लागि आवश्यक पर्ने खेल सामग्रीहरुको अभाव | सास्कृतिक कार्यक्रमका लागि हार्मोनियम, पोशाक,मादल, खेल्नका लागि आवश्यक पर्ने सामग्रीहरु | खेल सामग्रीहरुको अभाव |
| श्रीनि.मा.वि. हरिनगर राइटरखोर | प्राथमिक उपचारका लागि आवश्यक पर्ने सामग्रीको अभाव,आर्थिक स्रोतको अभाव | चित्रकला र हस्तकलाका लागि आवश्यक पर्ने कागज, कपडा, रङ्ग वा पेन्ट | पिङ, चिप्लेटी खेल, क्यारिमबोर्ड,भलिबल, फुटबल,क्रिकेट |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिका नं. ४.२ लाई विश्लेषण गर्दा विद्यालयमा संञ्चालन हुने अतिरिक्त कार्यक्रमहरुका लागि कार्यक्रमहरुको अवस्था र प्रकृति हेरी छुट्टाछुट्टै स्रोत सामग्रीहरुको आवश्यकता पर्ने देखियो । कार्यक्रमलाई पूर्णता

दिनको लागि स्थानीय स्रोत साधन, भौतिक सामग्री, आर्थिक स्रोत, खेल मैदान र खेल खेल्नका लागि आवश्यक पर्ने सामग्रीहरु, अतिरिक्त कार्यक्रमा संञ्चालनमा खेलकुदका कार्यक्रमहरु गर्दा आइपर्ने चोटपटकका लागि आवश्यक पर्ने प्राथमिक उपचारका स्रोत र साधनहरुको उपलब्धता हुनुपर्ने देखियो । जसमध्ये विद्यालयहरुमा आर्थिक स्रोतको अभाव हुनुका साथै खेलकुद लगायत अन्य क्रियाकलापका लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरु पूर्ण रुपमा उपलब्ध नभएको देखियो । तथापी सबै विद्यालयका प्रधानाध्यापकहरुले खेल मैदान र खेलकुदका सामग्रीहरुलाई प्राथमिकता दिएको पाइयो ।

शिक्षकहरुबाट प्राप्त प्रतिक्रिया अनुसार सांस्कृतिक कार्यक्रममा मादल, हार्मोनियम, पोशाक जस्ता सामग्रीहरु पर्ने देखियो । त्यस्तैगरी पुरस्कार खरिद र प्रमाणपत्र छपाइका लागि आर्थिक स्रोत चाहिने देखियो । खेल मैदान र खेल सामग्रीहरु प्रमुख साधन र स्रोतको रुपमा रहेका पाइए । चित्रकला र हस्तकला प्रतियोगिताको लागि विभिन्न किसिमको रङ्ग, कपडा, कागज, कैंचीको आवश्यकता पर्ने कुरामा शिक्षकहरुले आफ्नो धारणा व्यक्त गर्नुभयो । विद्यालयमा उपलब्ध स्रोत र साधनहरु प्रति शिक्षकहरु सन्तुष्टि नरहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने विद्यालयमा अतिरिक्त क्रियाकलापका स्रोत र सामग्रीहरुको अभाव रहेको देखियो ।

विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया अनुसार विशेषगरी खेल मैदान र खेलकुदका लागि आवश्यक पर्ने स्रोत सामग्रीहरुलाई अतिरिक्त कार्यक्रमका सामग्रीहरुका रुपमा लिइयो । भलिबल, क्यारिमबोर्ड, फुटबल र क्रिकेट,पिङ,चिप्लेटी खेललाई समावेश नगरेको विद्यार्थीहरुको प्रतिक्रियाबाट पाइयो । विद्यालयमा रहेको खेलमैदान सानो भएको र खेल खेल्दा अप्ठयारो भएको कुरा विद्यार्थीहरुको प्रतिक्रियामा पाइयो । विद्यालयमा अतिरिक्त कार्यकलापको लागि उपलब्ध स्रोत र साधनहरुप्रति विद्यार्थीहरु सन्तुष्ट नरहेका पाइए ।

समग्रमा यी कुराहरुलाई मनन गर्दाखेरी विद्यालयमा हुने अतिरिक्त कार्यक्रमहरुका लागि कार्यक्रमको प्रकृति र स्वरुप हेरी भिन्न भिन्न खालका स्रोत र सामग्रीहरुको आवश्यकता पर्ने देखियो । अध्ययन क्षेत्रका विद्यालयहरुको स्थलगत अवलोकन एवम् अर्न्तवार्ता र लक्षित समूह छलफलका माध्यमबाट स्रोत र सामग्रीहरु बारे धारणा बुझ्दा सबै सूचनादाताहरुले खेलमैदान र खेल सामग्रीहरुलाई बढि प्राथमिकता दिएको पाइयो । यसका साथै सांस्कृतिक कार्यक्रमका लागि आवश्यक पर्ने सामग्री लगायत अन्य कार्यक्रमका सामग्रीहरुको पनि अभाव रहेको पाइयो । कार्यक्रमलाई सूचारु रुपले संञ्चालन र व्यवस्थापन गर्नको लागि विद्यालयमा उपलब्ध स्रोत र सामग्रीहरु प्रति विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरु पूर्ण रुपमा सन्तुष्ट नरहेका पाइए ।

### ४.२.६ अतिरिक्त क्रियाकलाप संञ्चालन पश्चात् पुरस्कारको व्यवस्था

विद्यार्थीहरुको हौसला बढाउनका निम्ति कार्यक्रम संञ्चालन पश्चात पुरस्कारको व्यवस्था गरिनु उपर्युक्त हुन्छ । पुरस्कारको माध्यमबाट अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढाउन सकिन्छ । यस अध्ययनमा अतिरिक्त क्रियाकलापको संञ्चालन पश्चात विद्यार्थीहरुलाई पुरस्कार दिइनु पर्ने विषयमा प्र.अ., शिक्षकको फरक-फरक धारणा पाइयो । जसअनुसार श्री सरस्वती उच्च मा.वि.भक्तिपुरका प्र.अ.का अनुसार आर्थिक स्रोतको अभावका कारण प्रत्येक क्रियाकलाप पश्चात पुरस्कार वितरण गर्न नसकेको र प्रत्येक क्रियाकलापमा सहभागी

पुरस्कृत विद्यार्थीहरुको रेकर्ड राखी विद्यालयको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने गरेको प्रतिक्रिया पाइयो । श्री नि.मा.वि.शंकरगंन्ज का प्र.अ.का अनुसार विद्यार्थीहरुको हौसला बढाउनको लागि अतिरिक्त क्रियाकलाप गराउने दिन त्यस कार्यक्रमको अन्त्यमा सानो पुरस्कार प्रथम,द्धितिय र तृतीय हुने विद्यार्थीहरुलाई वितरण गर्ने गरेको बताउनुभयो । यसैगरी श्री नि.मा.वि.हरिनगर राइटरखोरका प्र.अ.ले अतिरिक्त क्रियाकलाप संञ्चालन गरेको दिन पुरस्कार वितरण नगरी सरस्वती पूजामा, विद्यालयको वार्षिकोत्सवमा विद्यार्थीहरुलाई पुरस्कार दिने व्यवस्था गर्ने गरेको पाइयो ।

यसै विषयमा शिक्षकहरुको धारणा के थियो भने श्री सरस्वती उच्च मा.वि.भक्तिपुरका शिक्षकले प्रत्येक कार्यक्रम पश्चात पुरस्कृत विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गरिनु पर्ने हो तर विद्यालयले प्रत्येक कार्यक्रम पश्चात पुरस्कार दिन सम्भव छैन भनेर हेलचेक्राइ गरेको प्रष्ट पार्नु भयो । श्री नि.मा.वि.शंकरगंन्जका शिक्षकले प्रत्येक अतिरिक्त क्रियाकलाप कार्यक्रम सम्पन्न गरेपछि पुरस्कृत विद्यार्थीहरुलाई पुरस्कार वितरण गर्ने गरेको प्रतिक्रिया पाइयो । यसैगरी श्री नि.मा.वि.हरिनगर राइटरखोरका शिक्षकले विद्यार्थीहरुलाई पुरस्कार व्यवस्था कार्यक्रमको अन्त्यमा गर्नु पर्दछ भनी प्र.अ.संग सरसल्लाह गर्दा आर्थिक अभावका कारणहरुले गर्दा एकमुष्ट रकम जम्मा भएपछि मात्र पुरस्कार वितरण गर्ने कुरा गर्नुभयो । त्यसैले पुरस्कार वितरण विद्यालयको वार्षिकोत्सवमा र सरस्वती पूजाका दिन पारेर पुरस्कृत विद्यार्थीहरुलाई वितरण गर्ने गरेको प्रतिक्रियाबाट प्राप्त भयो ।

समग्रमा यी सबै कुराहरुलाई मनन गर्दाखेरी विद्यालयमा हुने अतिरिक्त कार्यक्रमका लागि कार्यक्रमको प्रकृति र स्वरुप हेरी भिन्न-भिन्न खालको पुरस्कारको व्यवस्था गरिनुपर्ने देखियो । पुरस्कारले गर्दा विद्यार्थीहरुको हौसला बढन गइ उनीहरु प्रत्येक क्रियाकलापमा सक्रिय रहन सक्ने हुन्छन । तसर्थ कार्यक्रमको अन्त्यमा विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गरिनु पर्ने देखिन्छ ।

### ४.२.७ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता

अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था सम्बन्धि शिक्षकहरुको प्रतिक्रियाको आधारमा तीनवटै विद्यालयमा फरक-फरक सहभागिता रहेको पाइयो । श्री सरस्वती उच्च मा.वि.भक्तिपुरका शिक्षकले पहिलो पटकको अर्न्तवार्तामा सबै विद्यार्थीहरु क्रियाकलापहरुमा सहभागी हुन्छन भन्नु भएको थियो । तर दोस्रो पटकको अर्न्तवार्तामा सबै विद्यार्थीहरुलाई सहभागी गराउन नसक्ने कुरा बताउनुभयो । किनभने छात्रको तुलनामा छात्रा उपस्थिति न्युन हुने गरेको र सबै विद्यार्थीहरुलाई सहभागी गराउन सम्भव नहुने प्रतिक्रिया व्यक्त गर्नुभयो । दैनिक शारीरिक शिक्षाको क्रियाकलापहरुमा उपस्थित भएका छात्रछात्रालाई समान सहभागी गराएर क्रियाकलापहरु गराउने गरेको छ तर पनि छात्रको भन्दा छात्रा उपस्थिति अतिरिक्त क्रियाकलापमा न्युन हुने गरेको भन्नुभयो । अभिभावकहरुमा चेतनाको कमीको कारणले गर्दा आफ्ना छोराछोरीलाई घरधन्दा मै व्यस्त गराइ विद्यालय नपठाएको प्रतिक्रिया शिक्षकको पाइयो । यिनै कारणहरुले गर्दा शैक्षिक गुणस्तरमा ह्रास आएको प्रतिक्रिया व्यक्त गर्नुभयो ।

श्री नि.मा.वि.शंकरगंन्जका शिक्षकले विद्यार्थी सहभागिता राम्रो हुने गरेको बताउनुभयो । शारिरीक शिक्षा विषयका खेलहरु खेलाउने भनेपछि विद्यार्थीहरु हुरुक्कै हुने गरेको र विद्यार्थीहरु प्रायजसो सबै उपस्थित हुने गरेको

शिक्षक प्रतिक्रियाबाट प्राप्त भयो । त्यस्तैगरी अतिरिक्त क्रियाकलाप संञ्चालन गर्दा हस्तकला, चित्रकला, हाजिरीजवाफ प्रतियोगिता, नृत्य, गायनहरुमा पनि छात्रछात्रा सहभागिता समान नै रहेको पाइयो । कविता, कथा, नाटक प्रतियोगिताहरुमा भने छात्रा सहभागिता न्युन रही छात्रहरु बढि रहेको पाइयो । साथी-साथी बिच झगडा गर्नु, प्र.अ.र शिक्षक भन्ने बित्तिकै डर र लाजले टाढै भाग्ने प्रवृतिले गर्दा छात्रा सहभागिता न्युन हुनसक्ने प्रतिक्रिया पाइयो । यस्तो विद्यार्थी सहभागिताले शैक्षिक गुणस्तरमा ह्रास आउने बताउनु भयो । दुईपटकको अर्न्तवार्तामा शिक्षकले एउटै धारणा व्यक्त गर्नुभयो ।

श्री नि.मा.वि.हरिनगर राइटरखोरका शिक्षकका अनुसार विद्यार्थी सहभागिताको अवस्थालाई हेर्दा बालबालिकाहरुलाई जति राम्रो बालमैत्री वातावरण मिलाएर खेलहरु खेलाउदा पनि खेल खेल्न अल्छी गर्ने बालबालिकाहरु कक्षा १,२,३ का रहेको कुरा बताउनुभयो । ठूला कक्षा ४ र ५ का विद्यार्थीहरु टिफिन समयमा घर भाग्ने, पढन मन नगर्ने, विद्यालयमा कम उपस्थिति हुने कारण छात्रछात्रा दुवै सहभागिता न्युन रहेको प्रतिक्रिया पाइयो । अतिरिक्त क्रियाकलापहरुमा विद्यार्थीहरुले राम्रै सहभागिता जनाएको कुरा दोस्रो पटकको अर्न्तवार्ताबाट पाइयो । यिनै कारणहरुले गर्दा विद्यालयको शैक्षिक गुणस्तरमा ह्रास आउने गरेको उहाँको भनाइ थियो ।

शिक्षकहरु कै प्रतिक्रिया अनुसार विद्यालयमा विद्यार्थी सहभागिता बढाउन समय-समयमा गरिएका अतिरिक्त क्रियाकलापहरुमा पुरस्कारको व्यवस्था गर्नुपर्ने, अभिभावकहरुलाई चेतना जगाउनु पर्ने, बालबालिकाहरुलाई उनीहरु कै इच्छा, चाहना अनुसारको खेलहरु वा क्रियाकलापहरु गराउनुपर्ने र शिक्षक विद्यार्थी बिच सुमधुर सम्बन्ध हुनुपर्ने अनिमात्र कार्यक्रमहरुमा विद्यार्थी सहभागिता बढाउन सकिने कुरा प्राप्त भयो ।

शैक्षिक गुणस्तरमा वृद्धि गर्न, कार्यक्रमहरुमा सहभागिता वृद्धि गर्न, बालबालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउन अतिरिक्त क्रियाकलापहरु संञ्चालन गर्नुपर्ने देखिन्छ ।

**४.३ अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमजोरीहरुको समाधानका उपायहरु**

कुनै पनि कार्यक्रम संञ्चालन गर्ने कार्य कठिन हुन्छ । कार्यक्रम संञ्चालनको क्रममा विभिन्न पक्षहरुमा विभिन्न समस्याहरु देखा पर्दछन, जसले गर्दा कार्यक्रम संञ्चालनमा वाधा पुग्दछ । प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था सम्बन्धि गरिएको यस अध्ययनमा विभिन्न समस्याहरु रहेको पाइयो । जसलाई समाधान गर्न निम्न उपायहरु अपनाउन सकिन्छ :-

- विद्यालयको आर्थिक व्यवस्थापन सुदृढ बनाउनुपर्नेः विद्यालयका प्र.अ.हरुबाट अन्तर सदन र अन्तर विद्यालयका क्रियाकलापहरु संञ्चालन गर्न, पुरस्कार वितरण गर्न, खेल खेलाउने सामग्री र साधनहरुको अभाव रहेको र आर्थिक कमजोरीहरु पाइयो । तसर्थ विद्यालयको आर्थिक व्यवस्थापन सुदृढ बनाउन सकेमा अतिरिक्त क्रियाकलाप संञ्चालनमा सहजता आउन सक्ने देखिन्छ ।
- विद्यालय प्रशासनले विद्यार्थी संख्याको अनुपातमा खेल सामग्रीहरुको व्यवस्थापन गर्नुपर्नेः विद्यालयका शिक्षकहरुको भनाइबाट शारीरिक शिक्षाका खेलहरु संञ्चालन गर्दा सबै विद्यार्थीहरुलाई खेल सामग्री

नपुग्ने गरेको र पालैपालो गरी खेल खेलाउदा समय नपुग्ने भएकाले विद्यालय प्रशासनले विद्यार्थी संख्याको अनुपातमा खेल सामग्रीहरुको व्यवस्थापन गर्नुपर्ने   देखिन्छ ।

- विद्यालयको वातावरण र खेलमैदानको उचित व्यवस्थापन गर्नुपर्नेः विद्यालयको खेलमैदान सानो भएको कारणले गर्दा खेल खेलाउन र खेल्न वा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न अप्ठयारो भएको शिक्षक र विद्यार्थीहरुको धारणाबाट पाइयो । अतिरिक्त क्रियाकलाप अर्न्तगत अन्तर विद्यालय कार्यक्रम संञ्चालन गर्न धेरै विद्यालयहरुलाई आमन्त्रण गर्नुपर्ने हुनाले खेलमैदान सानो भएको हुदा असम्भव हुने धारणा प्र.अ.को थियो । तसर्थ विद्यालयको वातावरण र खेलमैदानको उचित व्यवस्थापनमा विद्यालय प्रशासनले ध्यान दिनुपर्ने देखिन्छ ।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धि शिक्षकहरुलाई छुट्टै तालिमको व्यवस्था गरिनुपर्नेः विद्यालयमा शारीरिक शिक्षा विषय अध्यापन गराउने शिक्षकहरुले त्यसै विषय सम्बन्धि तालिम लिएको र अतिरिक्त क्रियाकलाप सम्बन्धमा कुनै पनि खालको तालिमको व्यवस्था नभएको शिक्षकहरुको भनाइ थियो । विद्यालयमा अतिरिक्त क्रियाकलाप कसरी संञ्चालन गर्ने भन्ने बारेमा तालिमको अभावका कारण आफूहरुले आफ्नै तरिकाले संञ्चालन गर्ने गरेको शिक्षकहरुबाट स्पष्ट हुन्छ । तसर्थ विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धि शिक्षकहरुलाई छुट्टै तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- विद्यार्थीहरुको मनोविज्ञानलाई बुझी उनीहरुको रुचि र आवश्यकताका खेलहरु शिक्षकले खेलाइनु पर्नेः विद्यालयमा संञ्चालन गरिने अतिरिक्त क्रियाकलापहरु विद्यार्थीहरुको रुचि र आवश्यकतामा भर पर्ने हुन्छ । त्यसैले विद्यार्थीहरुले भनेका खेलहरु शिक्षकले खेलाउनु पर्दछ । तसर्थ यी विद्यालयहरुमा विद्यार्थीहरुको रुचि र आवश्यकतालाई मध्यनजर राखी खेलहरु शिक्षकले संञ्चालन नगरेको विद्यार्थीहरुको प्रतिक्रियाबाट स्पष्ट हुन्छ । यसकारण विद्यालयमा खेलाइने खेलहरु विद्यार्थीको रुचि र आवश्यकता अनुसार शिक्षकले संञ्चालन गर्नुपर्ने देखिन्छ ।
- अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुको अन्त्यमा विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गरिनुपन : अतिरिक्त क्रियाकलाप संञ्चालन पश्चात् विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गर्नु पर्दछ । तसर्थ यी विद्यालयहरुले कार्यक्रमको अन्त्यमा पुरस्कार वितरण नगरी विद्यालयको वार्षिकोत्सवमा वितरण गर्ने गरेको प्र.अ., शिक्षक र विद्यार्थीहरुबाट स्पष्ट हुन्छ । विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलाप प्रति उत्प्रेरित बनाउनलाई विद्यालयले समयमै पुरस्कारको व्यवस्था गर्नुपर्ने   देखिन्छ ।

## परिच्छेद पाँच
## प्राप्ति , निष्कर्ष र सुझावहरु

यस परिच्छेदमा "प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था" शीर्षक अध्ययन गर्नको लागि सर्लाही जिल्ला भक्तिपुर गा.वि.स. मा पर्ने श्री सरस्वती उच्च मा.वि.भक्तिपुर, श्री नि. मा. वि. शंकरगंन्ज र श्री नि.मा.वि.हरिनगर राइटरखोरमा गई विद्यालयहरुका प्र.अ., शिक्षक शिक्षिका, विद्यार्थी र अभिभावकसंग अर्न्तवार्ता, प्रश्नावली, लक्षित समूह छलफल, दस्तावेज अध्ययन गरी प्राप्त गरिएका सूचनाहरुलाई गुणात्मक विधिको माध्यमबाट विश्लेषण र व्याख्या गरिएको छ ।

### ५.१ प्राप्ति

अध्ययन क्षेत्रमा "प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था" शीर्षकमा आधारित रहेर खोज गर्दा पाइएका प्राप्तिहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था**

- अध्ययन गरिएका विद्यालयहरु मध्ये श्री सरस्वती उच्च मा.वि.भक्तिपुरले शैक्षिक क्यालेन्डरमा अतिरिक्त क्रियाकलापलाई समावेश गरी पूर्व योजना निर्माण गरेको पाइयो भने श्री नि.मा.वि.शंकरगंन्ज र श्री नि.मा.वि.हरिनगर राइटरखोरले शैक्षिक क्यालेन्डरमा अतिरिक्त क्रियाकलापलाई उल्लेख नगरी संञ्चालन गर्ने गरेको पाइयो ।
- श्री सरस्वती उच्च मा.वि.भक्तिपुर र श्री नि.मा.वि.हरिनगर राइटरखोरले आतिरिक्त क्रियाकलाप महिनामा दुईचोटी शुक्रबारका दिन संञ्चालन गर्ने गरेको र श्री नि.मा.वि.शंकरगंन्जले हप्ताको प्रत्येक शुक्रबार संञ्चालन गर्ने गरेको पाइयो ।
- विद्यालयहरुमा विद्यालय भित्र गरिने क्रियाकलाप अर्थात् अन्तर सदन र विद्यालय बाहिर गरिने क्रियाकलाप अन्तर विद्यालय गरी दुई भागमा विभाजन गरी संञ्चालन गर्ने गरेको पाइयो ।
- यी तीनवटै विद्यालयमा अतिरिक्त क्रियाकलाप संञ्चालनका लागि छुट्टै शिक्षकको व्यवस्था नरहेको र शिक्षकहरुलाई अतिरिक्त क्रियाकलाप सम्बन्धि तालिमको व्यवस्था नभएको पाइयो ।
- यी तीनवटै विद्यालयहरुले जिल्लास्तरीय, विद्यालयस्तरीय, गा.वि.स.स्तरीय र क्लबस्तरीय कार्यक्रममा भाग लिएको पाइयो ।
- यी तीनवटै विद्यालयमा खेल सामग्रीहरुको अभाव, पुरस्कार वितरणमा ढिलाइ, अन्तर विद्यालय कार्यक्रम संञ्चालनमा कठिनाइ हुनुको प्रमुख कारण आर्थिक अभाव रहेको पाइयो ।
- विद्यार्थीहरुको शारीरिक, मानसिक, सामाजिक विकासका लागि विभिन्न क्रियाकलापहरु गराउने गरेको पाइयो भने संवेगात्मक विकासका लागि शिक्षकहरु निष्क्रिय रहेको पाइयो ।

**अतिरिक्त क्रियाकलाप सम्बन्धमा सरोकारवालाहरुको धारणा**

- अतिरिक्त क्रियाकलाप सम्बन्धमा प्र.अ.र शिक्षकहरुको धारणा सकारात्मक रहेको पाइयो ।
- मानसिक विकासमा जोड दिने क्रियाकलापमा हाजिरीजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, चित्रकला, हस्तकला प्रतियोगिता तीनवटै विद्यालयमा संञ्चालन गर्ने गरेको पाइयो ।
- शिक्षकहरुले शारिरीक, मानसिक र समाजिक विकासका लागि विभिन्न क्रियाकलाप गराएको र संवेगात्मक विकासका लागि न्युन मात्रामा क्रियाकलापहरु समावेश गरेको पाइयो ।
- अध्ययन गरिएका विद्यालयहरुमा शारीरिक विकासका क्रियाकलापहरु गराउदा चोटपटक लाग्ने सम्भावना रहन्छ तसर्थ प्राथमिक उपचारका लागि आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था नभएको पाइयो ।
- श्री सरस्वती उच्च मा.वि.भक्तिपुरले अन्तर सदन र अन्तर विद्यालय कार्यक्रमहरु गराउने गरेको प्र.अ.,शिक्षक र विद्यार्थी प्रतिक्रियाबाट पाइयो ।
- श्री सरस्वती उच्च मा.वि.भक्तिपुरमा पुस्तकालयको व्यवस्था भएको र अरु दुईवटा विद्यालयमा पुस्तकालयको व्यवस्था नभएको पाइयो ।
- अभिभावकहरुमा जनचेतनाको कमीको कारणले गर्दा अतिरिक्त क्रियाकलापप्रति मिश्रित धारणा रहेको पाइयो ।
- अध्ययनका क्रममा अतिरिक्त क्रियाकलापका लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरुको बारेमा प्र.अ.,शिक्षक र विद्यार्थीहरुबाट सूचना संकलन गर्दा आर्थिक स्रोत, खेलमैदान, खेल खेल्नका लागि आवश्यक सामग्रीहरु, प्राथमिक उपचारका लागि आवश्यक पर्ने सामग्रीहरु, क्रिकेट, फुटबल, भलिबलको अभाव रहेको पाइयो ।
- अतिरिक्त क्रियाकलाप संञ्चालनको अन्त्यमा पुरस्कारको व्यवस्था नरहेको पाइयो ।
- कार्यक्रम संञ्चालनमा विद्यार्थी सहभागिता न्युन रहेको पाइयो ।
- यी तीनवटै विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गरी बालबालिकाहरुको रुचि, चाहना, इच्छा अनुसारका खेलहरु खेलाउने व्यवस्था नभएको पाइयो ।

**अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमीकमजोरी**

- अतिरिक्त क्रियाकलाप संञ्चालनमा देखिएका कमजोरीहरुमा शिक्षकहरुलाई छुट्टै तालिमको व्यवस्था नहुनु, विद्यार्थीहरुको न्युन उपस्थिति र सहभागिता, विद्यालयको आर्थिक पक्ष कमजोर हुनु, पुरस्कार वितरणमा ढिलाइ हुनु जस्ता कारणले गर्दा कार्यक्रममा विद्यार्थीहरुले ध्यान नदिने गरेको पाइयो ।
- कमजोरी समाधानका उपायहरुमा विद्यालयको आर्थिक व्यवस्थापन सुदृढ बनाउनुपर्ने, बालमनोविज्ञानलाई बुझी बालकको रुचि अनुसारको खेलहरु खेलाइनुपर्ने, विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गरिनुपर्ने खेल सामग्रीहरु उपलब्ध गराइनुपर्ने शिक्षकहरुलाई तालिमको व्यवस्था हुनुपर्ने र अभिभावकहरुलाई चेतना जगाउनुपर्ने जस्ता उपायहरु अपनाउनु पर्ने देखियो ।

## ५.२ निष्कर्ष

सर्लाही जिल्ला भक्तिपुर गा.वि.स.अर्न्तगत रहेका श्री सरस्वती उच्च मा.वि. भक्तिपुर, श्री नि.मा.वि. शंकरगंन्ज र श्री नि.मा.वि.हरिनगर राइटरखोरमा प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप कार्यान्वयनको अवस्था शीर्षकमा गरिएको यो अध्ययनमा प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकबाट आवश्यक सूचना संकलन गरी सूचनाको प्राप्तिको आधारमा निष्कर्ष निकालिएको छ ।

कुनै पनि कार्यक्रमलाई प्रभावकारी र उपलब्धिमुलक बनाउन त्यससंग सम्बन्धित पक्षहरुलाई सक्षम बनाउन आवश्यक हुन्छ । अध्ययन गरिएका विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु संञ्चालन गर्ने गरेको तर अतिरिक्त क्रियाकलाप संञ्चालनका निमित्त छुट्टै शिक्षकको व्यवस्था नरहेको देखियो । अतिरिक्त क्रियाकलाप प्रायजसो स्वास्थ्य तथा शारिरीक शिक्षा विषय अध्यापन गराउने शिक्षकले संञ्चालन गर्ने गरेको पाइयो ।

अध्ययन गरिएका विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुलाई एउटा विद्यालयले मात्र शैक्षिक क्यालेन्डरमा समावेश गरी योजनाबद्ध तरिकाले संञ्चालन गर्ने गरेको र अरु दुईवटा विद्यालयले अतिरिक्त क्रियाकलापलाई शैक्षिक क्यालेन्डरमा उल्लेख नगरी संञ्चालन गर्ने गरेको देखिन्छ । यसबाट के बुझ्न सकिन्छ भने अतिरिक्त क्रियाकलापहरु जथाभावी रुपमा संञ्चालन गरिने गरेको प्रष्ट हुन्छ ।

अतिरिक्त क्रियाकलाप सम्बन्धमा प्र.अ., शिक्षकहरुको धारणा सकारात्मक रहेको देखिन्छ । अभिभावकहरुको धारणा मिश्रित रहेको पाइन्छ । विद्यार्थीहरुले अतिरिक्त क्रियाकलापहरुमा भाग लिदा रमाइलो हुने तर पुरस्कारको व्यवस्सथा तत्काल नभएको कारण यसमा रुचि कम हुने बताए । अतिरिक्त क्रियाकलाप अर्न्तगत शारीरिक क्रियाकलापमा कबर्डी, दौड, कुर्सी खेल, लुडो, डण्डीबियो प्रायजसो सबै विद्यालयहरुले संञ्चालन गर्ने गरेको, मानसिक क्रियाकलापमा हाजिरिजवाफ, चित्रकला, हस्तकला, हिज्जे प्रतियोगिता सामाजिक क्रियाकलापमा सरसफाइ कार्यक्रम, आऊ साथी, तातो आलु, साथी रोज्ने खेल र संवेगात्मक क्रियाकलापहरुलाई न्युन मात्रामा संञ्चालन गर्ने गरेको देखिन्छ । विद्यालयहरुमा स्थानीय खेलहरुलाई संञ्चालन गर्ने गरेको पाइयो । अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुको व्यक्तित्व विकासका साथै शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास हुने भएकाले यसलाई उचित र योजनाबद्ध तरिकाले संञ्चालन गरी सबै विद्यार्थीहरुलाई समान रुपमा सहभागी बनाइ उनीहरुलाई उत्प्रेरित गर्न तत्काल पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुमा भएता पनि विद्यालयहरुमा उचित खेलमैदान, खेल सामग्रीको अभाव, विद्यालयको आर्थिक अवस्था कमजोर, शिक्षकहरुलाई यस सम्बन्धि छुट्टै तालिमको व्यवस्था नभएको कारण अतिरिक्त क्रियाकलाप संञ्चालनमा कठिनाइ भएको देखिन्छ ।

कमजोरी समाधानका उपायहरुमा विद्यालयको आर्थिक व्यवस्थापन सुदृढ बनाउनुपर्ने, बालमनोविज्ञानलाई बुझी बालकको रुचि अनुसारको खेलहरु खेलाइनुपर्ने, विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गरिनुपर्ने खेल सामग्रीहरु उपलब्ध गराइनुपर्ने शिक्षकहरुलाई तालिमको व्यवस्था हुनुपर्ने र अभिभावकहरुलाई चेतना जगाउनुपर्ने जस्ता उपायहरु अपनाउनु पर्ने देखियो ।

## ५.३ सुझावहरु

आधारभूत तहमा उदार कक्षोन्नति कार्यान्वयनको अवस्था बारेमा गरिएको अध्ययनबाट प्राप्त जानकारीको आधारमा निम्न सुझावहरु प्रस्तुत गरिएको छ :-

- विद्यालयहरुमा शैक्षिक सत्रको सुरुमा नै वार्षिक शैक्षिक कार्ययोजना निर्माण गरी सोही अनुसार अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु संञ्चालन गनुपर्ने देखिन्छ ।
- अतिरिक्त क्रियाकलाप संचालनका लागि विशेष शिक्षकको व्यवस्था नभएका विद्यालयमा विशेष शिक्षकको व्यवस्था गर्ने पहल गरिनु पर्ने देखिन्छ अर्थात् अन्य शिक्षकहरुलाई नै तालिम दिएर भए पनि विशेष शिक्षक तयार गर्न सके प्रभावकारी हुन सक्ने देखिन्छ ।
- विद्यालयमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुलाई अन्तर सदन र अन्तर विद्यालय कार्यक्रमका रुपमा संञ्चालन गर्न सके विद्यार्थीहरुको सर्वाङ्गीण विकासमा सहयोग पुग्ने देखिन्छ ।
- विद्यालयहरुले बालबालिकाहरुको रुचि, चाहना, क्षमता बुझी बाल पुस्तकहरुको व्यवस्था, विद्यालयमा पुस्तकालयको व्यवस्था वा अन्य मनोरञ्जनात्मक सामग्रीहरुको व्यवस्था गनुपर्ने देखिन्छ ।
- विद्यालयमा बालमैत्री वातावरणको निर्माण गराइ विद्यार्थीहरुमा सहयोगी भावनाको विकास गराइ सिकाइलाई रमाइलो बनाउनुपर्ने देखिन्छ ।
- विद्यालयको आर्थिक व्यवस्थापन सुदृढ बनाउन शिक्षा मन्त्रालयबाट विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापको लागि छुट्टै बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- प्राथमिक विद्यालयमा विद्यार्थीको क्षमता र रुचि अनुसारका खेलकुद सामग्रीहरु उपलब्ध गराउनु पर्ने देखिन्छ ।
- अतिरिक्त क्रियाकलाप नियमित रुपमा संञ्चालन गर्नको लागि विद्यालय प्रशासन, शिक्षक तथा विद्यार्थीहरुले आ-आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गर्न सके कार्यक्रम संञ्चालनमा सहजता आउन सक्छ ।
- विद्यार्थीहरुको सहभागिता बढाउनको लागि विद्यार्थीहरुको हौसला बढाउने खालका कार्यक्रम संञ्चालन गरी खासगरी छात्रा सहभागिता बढाउनमा जोड दिनु उपर्युक्त हुन्छ । यसका लागि विद्यार्थीहरुलाई कार्यक्रममा उत्कृष्टता प्राप्त गरे अनुसार तत्काल पुरस्कारको व्यवस्था गरी हौसला बढाउन सकेमा विद्यार्थी सहभागिता बढाउन सकिने देखिन्छ ।
- पाठ्यक्रम विकास केन्द्रले अतिरिक्त क्रियाकलाप संञ्चालन गर्नका लागि शिक्षकहरुलाई आवश्यक पर्ने सामग्री, सहयोगी पुस्तिकाहरु, सन्दर्भ सामग्री निर्माण गरी स्थानीय तहसम्म पुर्‍याउनु पर्ने देखिन्छ ।
- अतिरिक्त क्रियाकलाप संञ्चालन सम्बन्धमा स्रोतकेन्द्र र जिल्लाबाट समय-समयमा विद्यालय निरीक्षण, अनुगमन र मूल्यांकन गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।

## सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०६८),*माध्यमिक तह अध्यापन अनुमति पत्र परीक्षा दर्पण,* काठमाण्डौं : आशिष पुस्तक भण्डार, बागबजार ।

के.सी., मेघबहादुर, निरौला, यादवचन्द, पौडेल, हरिभक्त र बस्नेत, कुमार (२०६८), *शिक्षक अध्यापन अनुमति पत्र परीक्षा दिग्दर्शन,* काठमाण्डौं : मकालु प्रकाशन ।

कारखेती, बाबुराम (२०६२), *युवा बुलेटिन,* काठमाण्डौ : शिक्षा मन्त्रालय ।

खनाल, पेशल (२०६८), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौं : सनलाइट पब्लिकेसन ।

ढकाल, माधवप्रसाद (२०६८), *शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *प्राथमिक शिक्षा पाठयक्रम्,* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६०), *अतिरिक्त कार्यकलाप संञ्चालन शिक्षक स्रोत पुस्तिका,* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६३ ), *अतिरिक्त क्रियाकलाप दिग्दर्शन,* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द (२०६१), *अतिरिक्त तथा सह-क्रियाकलाप निर्देशिका,* सानोठिमी, भक्तपुरः लेखक

पराजुली, तीर्थराज; खनाल, पेशल, भट्टराइ, देवीप्रसाद, सुवेदी, खेमराज, अधिकारी, बालकृष्ण र निउरे, ध्रुवप्रसाद ( २०६६), *शिक्षामा मापन तथा मूल्यांकन,* काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

शिक्षा विभाग (२०६७), *गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप,* सानोठिमी, भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६५), *नेपालमा समाहित शिक्षा,* सानोठिमी, भक्तपुर : लेखक ।

शिक्षा मन्त्रालय (२०२८), *राष्ट्रिय शिक्षा पद्धतिको योजना,* केशरमहल, काठमाण्डौं : लेखक ।

शिक्षा मन्त्रालय (२०४९), *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* केशरमहल, काठमाण्डौं : लेखक ।

शिक्षा ऐन (२०२८), शिक्षा नियमावली (२०५९),  डिल्लीबजार, काठमाण्डौं : मकालु प्रकाशन ।

शर्मा, गोपीनाथ (२०६६), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,* डिल्लीबजार, काठमाण्डौं : मकालु प्रकाशन

बडु, शिवराज (२०६७), *माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको कार्यान्वियन र विद्यार्थीहरु सहभागिता,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्ट, कृष्णानन्द (२०६७), *सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुको अवस्था,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्ट, उर्मिला (२०६३), *प्राथमिक विद्यालयमा संञ्चालित खेलकुद कार्यक्रमको अवस्था : एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्ट, कमलसिंह (२०६४), *निजी तथा सार्वजनिक प्राथमिक विद्यालयमा हुने अतिरिक्त क्रियाकलापको अवस्था,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

## अनुसूची १
## प्र.अ.का लागि अर्न्तवार्ता

**विद्यालयको नाम :** **मिति :**

**प्र.अ.को नाम :**

**ठेगाना :**

१) अतिरीक्त कार्यक्रमहरुलाई वाषिक शैक्षिक क्यालेन्डरमा उल्लेख गर्नुभएको छ वा छैन ? किन ?

..................................................................................................................................................

.......................................................................................................................

२) तपाइको विद्यालयमा के कस्ता कार्यक्रमहरु संञ्चालन गर्नुहुन्छ ?

.................................................................................................................................

.................................................................................................................................

३) कार्यक्रम संञ्चालन गर्नुहुन्छ भने कुन कुन अतिरिक्त क्रियाकलापहरु संञ्चालन गर्नु भएको छ ?

.................................................................................................................................

.................................................................................................................................

४) विद्यार्थीहरुको शारीरिक विकासका लागि कस्ता कस्ता क्रियाकलापहरु गराउनुहुन्छ ?

.................................................................................................................................

.................................................................................................................................

५) विद्यार्थीहरुलाई मानसिक विकासका लागि कुन - कुन क्रियाकलापमा सक्रिय गराउनु हुन्छ ?

.................................................................................................................................

.................................................................................................................................

६) विद्यार्थीहरुको सामाजिक विकासका लागि कुन कुन क्रियाकलाप संञ्चालन गरिन्छ ?

.................................................................................................................................

.................................................................................................................................

७) संवेगात्मक विकासका लागि कुन कुन पक्षमा ध्यान दिनुहुन्छ ?

.................................................................................................................................

.................................................................................................................................

८) अतिरिक्त क्रियाकलापको लागि विशेष रुपमा कुनै शिक्षकको व्यवस्था गर्नु भएको छ ?

.................................................................................................................................

९) यदि छैन भने अतिरिक्त क्रियाकलाप  कसले संञ्चालन गर्दछ ?

……………………………………………………………………………………………………………

१०) तपाइको विद्यालयमा अतिरिक्त कार्यक्रमहरु कहिले कहिले संञ्चालन गरिन्छ ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

११) तपाइको विद्यालयमा खेल सामाग्रीहरु छन् छैनन ?

……………………………………………………………………………………………………………

१२) यदि छन भने कुन कुन सामग्रीहरु छन ? छैन भने किन ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

१३) विद्यार्थीहरुलाई प्रतियोगिता गराउने गरिएको छ , कस्तो खालको ? छैन भने किन ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

१४) विद्यार्थी प्रतियोगिता पश्चात पुरस्कारको व्यवस्था गर्नुहुन्छ ? वा गर्नुहुन्न किन ?

……………………………………………………………………………………………………………………

……………………………………………………………………………………………………

१५) अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुबाट विद्यार्थीहरुको चौतर्फी विकास कसरी हुन्छ ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

१६) विद्यालयमा हाल भइरहेका अतिरिक्त क्रियाकलापमा तपाइ सन्तुष्ट हुनुहुन्छ वा हुनुहुन्न ? किन ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

१७) अतिरिक्त क्रियाकलाप सम्पन्न भएपछि अभिलेख राख्नुहुन्छ वा राख्नुहुन्न ? किन ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

१८) तपाइको विद्यालयमा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्दा के कस्ता कठिनाइहरु आउने गरेका  छन वा छैनन ? आउँछन भने कस्ताखालका कठिनाइहरु आउँछन ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

१९) अतिरिक्त क्रियाकलापलाई प्रभावकारी ढंगबाट संञ्चालन गर्न के कस्ता उपाय अपनाउन सकिएला ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

## अनुसूची २

## शिक्षकका लागि अर्न्तवार्ता

**विद्यालयको नाम :-**

**शिक्षकको नाम :-** **मिति :-**

**ठेगाना :-**

१) तपाइको विद्यालयमा अतिरिक्त कार्यक्रमहरु संञ्चालित छन छैनन ? किन ?

………………………………………………………………………………………………………

२) यदि छन भने कुन कुन अतिरिक्त क्रियाकलापहरु संञ्चालन गर्नु भएको छ ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

………………………………………………………………………………

३) तपाईले अतिरिक्त क्रियाकलाप सम्बन्धमा कुनै तालीम लिनु भएको छ ? छ भने कति अवधिको लिनु भएको थियो ?

………………………………………………………………………………………………………

४) विद्यार्थीहरुको शारीरिक विकासका लागि कस्ता कस्ता क्रियाकलापहरु गराउनुहुन्छ ? किन ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

५) विद्यार्थीहरुलाई मानसिक विकासका लागि कुनकुन क्रियाकलापमा सक्रिय गराउनु हुन्छ ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

६) विद्यार्थीहरुको सामाजिक विकासका लागि कुन कुन क्रियाकलाप संञ्चालन गरिन्छ ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

७) संवेगात्मक विकासका लागि कुन कुन पक्षमा ध्यान दिनुहुन्छ ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

………………………………………………………………………………………

८) अतिरिक्त क्रियाकलापहरु कसरी संञ्चालन गर्नुहुन्छ ? कस्ता कस्ता किन ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

९) विद्यालयमा संञ्चालन गरिने अतिरिक्त क्रियाकलापहरुमा विद्यार्थीहरुको सहभागिता कस्तो छ ?

..........................................................................................................................................

..........................................................................................................................................

१०) विभिन्न अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढाउन कस्तो सुझाव दिनुहुन्छ ?

..........................................................................................................................................

..........................................................................................................................................

११) अतिरिक्त क्रियाकलाप संञ्चालन पश्चात पुरस्कारको व्यवस्था छ ?

..........................................................................................................................................

..........................................................................................................................................

१२) अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक उपलब्धिमा कस्तो असर पुर्‍याउछ जस्तो लाग्छ ?

..........................................................................................................................................

..........................................................................................................................................

१३) अतिरिक्त क्रियाकलापले विद्यार्थीको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ भनिन्छ नि ? यसबारे तपाइको धारणा के छ ?

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

१४) अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न पर्याप्त साधन स्रोतहरु छन ?

..........................................................................................................................................

..........................................................................................................................................

१५) अतिरिक्त क्रियाकलाप संञ्चालनमा सबैभन्दा बढि आवश्यकता कुन कुराको पर्दछ जस्तो लाग्छ ?

..........................................................................................................................................

..........................................................................................................................................

१६) अतिरिक्त क्रियाकलाप संञ्चालनमा के कस्ता समस्याहरु रहेको अनुभव गर्नुहुन्छ ?

..........................................................................................................................................

..........................................................................................................................................

१७) अतिरिक्त क्रियाकलाप सम्बन्धि देखिएका समस्या समाधान गर्न के कस्ता उपाय अपनाउन सकिएला ?

..........................................................................................................................................

..........................................................................................................................................

१८) अतिरिक्त क्रियाकलापलाई अझ व्यवस्थित बनाउन के कस्ता कार्यहरु गर्न सकिन्छ होला ?

..........................................................................................................................................

..........................................................................................................................................

## अनुसूची ३

## अभिभावकको लागि अर्न्तवार्ता

१) तपाइलाई अतिरिक्त क्रियाकलापको बारेमा थाहा छ ?

.....................................................................................................................

.....................................................................................................................

२) तपाइको छोराछोरी विद्यालयको अतिरिक्त क्रियाकलापमा सहभागी हुने गरेका छन वा छैनन् ? छन भने कस्ता खालका कार्यक्रममा सहभागि भएका छन ?

.....................................................................................................................

.....................................................................................................................

३) के -के मा भाग लिएका छन ?

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

४) तपाइको छोराछोरीले विद्यालयीय अतिरिक्त क्रियाकलापबाट पुरस्कार प्राप्त गरेका छन कि छैनन ?

.....................................................................................................................

.....................................................................................................................

५) विद्यालयीय अतिरिक्त क्रियाकलापमा भाग लिएको मनपराउनु हुन्छ ? भाग लिएको किन मनपराउनु हुन्छ ? यसबारेमा बताइ दिनुहुन्छ कि ?

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

६) अतिरिक्त क्रियाकलापमा सहभागी हुन तपाइले आफ्ना छोराछोरीलाई के- कस्तो प्रोत्साहन दिनु हुन्छ ? वा हुन्न ?

.....................................................................................................................

.....................................................................................................................

७) विद्यालयीय अतिरिक्त क्रियाकलाप संञ्चालनमा के-कस्ता समस्याहरु देख्नु भएको छ ? आफ्नो विचार दिनुहोस् ।

.....................................................................................................................

.....................................................................................................................

## अनुसूची ४

## विद्यार्थीहरुका लागि लक्षित समूह छलफल निर्देशिका

१) विद्यालयमा शिक्षकहरुले अतिरिक्त क्रियाकलाप गराउनुहुन्छ ?

........................................................................................................................................

........................................................................................................................

२) विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गर्नु पर्छ वा पर्दैन किन ?

........................................................................................................................................

........................................................................................................................

३) तिमीहरुले कुन-कुन अतिरिक्त क्रियाकलापमा भाग लिएका छौ ?

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

४) शिक्षकले सबै विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउनु हुन्छ ?

..............................................................................................................................

..............................................................................................................................

५) विद्यालयमा अतिरिक्त कार्यक्रमहरु कहिले-कहिले संञ्चालन गरिन्छ ?

..............................................................................................................................

..............................................................................................................................

६) तिमीहरुलाई खेलकुद कार्यक्रम मन पर्छ वा पर्दैन ? पर्छ भने किन ?

..............................................................................................................................

..............................................................................................................................

७) विद्यालयमा खेल सामग्रीहरु छन ? कुन-कुन सामग्रीहरु छन ?

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

८) शिक्षकले अतिरिक्त कार्यक्रम सकिएपछि पुरस्कार वितरण गर्नुहुन्छ वा गर्नुहुन्न ? गर्नुहुन्न भने किन नगर्नु भएको होला ?

..............................................................................................................................

..............................................................................................................................

९) अतिरिक्त क्रियाकलाप संञ्चालनमा के-के कमजोरीहरु पाउदछौ ?

........................................................................................................................................

........................................................................................................................

## अनुसूची ५

## प्राथमिक तहमा संञ्चालित अतिरिक्त क्रियाकलापको अवलोकनका लागि तयार गरिएको अवलोकन

## फाराम

विद्यालयको नामः-

कार्यक्रम संञ्चालकको नाम :- मिति :-

| क.सं. | संञ्चालित कार्यक्रम | संञ्चालन गर्ने प्रक्रिया | सहभागीहरुको नामावली | कार्यक्रमको नतिजा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची ६

## छनोट गरिएका प्रधानाध्यापकहरुको नामावली

| क.सं. | प्रधानाध्यापकको नाम | शैक्षिक योग्यता | शिक्षण अनुभव | विद्यालयको नाम |
|---|---|---|---|---|
| १ | श्री विन्देश्वर सिंह | स्नातक | १९ वर्ष | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| २ | श्री चन्दंवहादुर धामी | प्रविणता तह | ११ वर्ष | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| ३ | श्री रामरतन चौधरी | प्रविणता तह | १५ वर्ष | श्री नि. मा. वि. शंकरगंन्ज |

## अनुसूची ७

## छनोट गरिएका शिक्षकहरुको नामावली

| क.सं. | शिक्षकको नाम | शैक्षिक योग्यता | शिक्षण अनुभव | विद्यालयको नाम |
|---|---|---|---|---|
| १ | श्री विजयकुमार चौधरी | प्रविणता तह | ७ वर्ष | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| २ | श्री दिपेन्द्रकुमार राय | स्नातक | २ वर्ष | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| ३ | श्री गणेशप्रसाद भट्टराई | प्रविणता तह | ९ वर्ष | श्री नि. मा. वि. शंकरगंन्ज |

## अनुसूची ८

## लक्षित समूह छलफलमा सहभागी विद्यार्थीहरुको नामावली

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| १ | विपुल राई | ४ | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| २ | अवधेशकुमार चौधरी | ५ | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| ३ | राजेश्वर यादब | ५ | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| ४ | जेनिशा खड्का | ४ | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| ५ | दिलसन हुमागाई | ४ | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| ६ | सुनैना अधिकारी | ५ | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| ७ | प्रविण आचार्य | ५ | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| ८ | निकिता मगर | ५ | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| ९ | दिपशिखा पोखरेल | ४ | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| १० | भरत विश्वकर्मा | ४ | श्री सरस्वती उ. मा. वि. भक्तिपुर |
| ११ | विरजोधन राय | ५ | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| १२ | धिरज पुलामी | ४ | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| १३ | मोजीर वि.क. | ५ | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| १४ | मनिषा गुरुङ | ५ | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| १५ | सुनिता चमार | ४ | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| १६ | लक्ष्मी मगर | ५ | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| १७ | राजकिशोर यादब | ४ | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| १८ | शलेनकुमार महतो | ५ | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| १९ | पिङ्किकुमारी शाह | ४ | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| २० | रामनरेश दुसाध | ४ | श्री नि. मा. वि. हरिनगर राइटरखोर |
| २१ | खरिन्द्र राय | ४ | श्री नि. मा. वि. शंकरगंन्ज |
| २२ | हरिप्रसाद खनाल | ५ | श्री नि. मा. वि. शंकरगंन्ज |
| २३ | भोला ढुंगाना | ४ | श्री नि. मा. वि. शंकरगंन्ज |
| २४ | जागिन्दर शाह | ४ | श्री नि. मा. वि. शंकरगंन्ज |
| २५ | नीता थापा | ५ | श्री नि. मा. वि. शंकरगंन्ज |
| २६ | प्रनिशा आचार्य | ४ | श्री नि. मा. वि. शंकरगंन्ज |
| २७ | विवश राय | ४ | श्री नि. मा. वि. शंकरगंन्ज |
| २८ | रीताकुमारी राई | ४ | श्री नि. मा. वि. शंकरगंन्ज |
| २९ | सकुन भट्टराई | ५ | श्री नि. मा. वि. शंकरगंन्ज |
| ३० | पूजा सुवेदी | ४ | श्री नि. मा. वि. शंकरगंन्ज |

## अनुसूची ९

## छनोट गरिएका अभिभावकहरुको नामावली

| क.सं. | अभिभावकहरुको नाम | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | रमेश चौधरी | श्री सरस्वती उ. मा. वि. भक्तिपुर | पोखरीया ५ |
| २ | रामपुकार यादब | श्री सरस्वती उ. मा. वि. भक्तिपुर | राइटरखोर ६ |
| ३ | नरायण अधिकारी | श्री सरस्वती उ. मा. वि. भक्तिपुर | भक्तिपुर ७ |
| ४ | राजेश बहादुर खड्का | श्री सरस्वती उ. मा. वि. भक्तिपुर | तिनघरयिा ९ |
| ५ | कृष्णहरी पोखरेल | श्री सरस्वती उ. मा. वि. भक्तिपुर | मियाँखोर ८ |
| ६ | भागवत चमार | श्री नि. मा. वि. हरिनगर राइटरखोर | राइटरखोर ४ |
| ७ | संजलेश यादब | श्री नि. मा. वि. हरिनगर राइटरखोर | राइटरखोर ३ |
| ८ | सत्रुधन दुसाध | श्री नि. मा. वि. हरिनगर राइटरखोर | तीस विगाहा ६ |
| ९ | राधिका गुरुङ | श्री नि. मा. वि. हरिनगर राइटरखोर | सानो चोक ५ |
| १० | श्याम शाह | श्री नि. मा. वि. हरिनगर राइटरखोर | सागरनाथ १ |
| ११ | तिलक भट्टराई | श्री नि. मा. वि. शंकरगंन्ज | नयाँटोल ६ |
| १२ | रामबावु सुवेदी | श्री नि. मा. वि. शंकरगंन्ज | चैलिखा बजार २ |
| १३ | कामेश्वर शाह | श्री नि. मा. वि. शंकरगंन्ज | शंकरगंन्ज ६ |
| १४ | मनोज राय | श्री नि. मा. वि. शंकरगंन्ज | पोखरिया ५ |
| १५ | गणेश ढुंगाना | श्री नि. मा. वि. शंकरगंन्ज | स्कुल टोल ३ |

## अनुसूची १०

## विद्यालयले संञ्चालन गर्ने गरेका अतिरिक्त क्रियाकलापहरु

| क. सं. | विद्यालय | शारीरकि विकास | मानसिक विकास | सामाजिक विकास | संवेगात्मक विकास |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती उच्च मा.वि., भक्तिपुर | डन्डिबियो, स्किपिङ, कपर्दी, दौड, ,भकुण्डो, पि.टी., रुमाल लुकाई, काठमाण्डौ शहर खाली, नृत्य | छिटो चित्र बनाउने, गित गाउने, कविता भन्न लगाउने, कथा सुनाउने ,चुटकिला भन्न लगाउने, हस्तकला, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता | नाटक, सरसफाई साथी रोज्ने खेल, रुमाल चोर, क्याराम बोर्ड, लुँडो, कुर्सी खेल , बनमा मान्छे, अन्ताक्षरी | जनावरहरुको आवाज निकाल्न लगाउने |
| २ | श्री नि.मा.वि. शंकरगन्ज | डोरी नाघि, कपर्दी, दौड, भकुण्डो, पि.टी.,रुमाल लुकाई, काठमाण्डौ शहर खाली, छोइडुम, डन्डिबियो, | गित गाउन लगाउने, कविता भन्न लगाउने, कथा सुनाउने ,चुटकिला भन्न लगाउने, हस्तकला, हाजिरीजवाफ, चित्र कला, हिसाब दौड | आँखाछोपी, माझिदाई, सांस्कृतिक कार्यक्रम,नेता रोज्ने खेल, आउ खेल, लुँडो, कुर्सी खेल, आउ साथी | जनावरहरुको अभिनय गर्न लगाउने |
| ३ | श्री नि.मा.वि. हरिनगर राइटरखोर | स्वतन्त्र लहर, डन्डिबियो, डोरी नाघि, कपर्दी, दौड, भकुण्डो, पि.टी., रुमाल लुकाई, छोइडुम, | चित्र बनाउने, गित गाउन लगाउने, कविता भन्न लगाउने, कथा सुनाउने , हाजिरीजवाफ, चित्रकला | सरसफाई साथी, रोज्ने खेल, रुमाल चोर, लुँडो, कुर्सी खेल, राम रावण | अरुको नक्कल गर्न लगाउने |

स्रोत : स्थलगत अध्ययन, २०६९